नेपाल समाचारपत्र
नेपाली मनको नेपाली पत्रिका
NEPAL SAMACHARPATRA

सोमबार, फागुन ७, २०७४ | Monday, February 19, 2018 | www.newsofnepal.com | नेसं ११३८ शिल्लाथ्व ४ | वर्ष २४, अंक ४० | पृष्ठ १२ | मूल्य रू १०/–



२ { जाँदाजाँदै रोदन

५ { न्यायालयलाई धुमिल नबनाउन ओलीको आग्रह

९ { मुख्यमन्त्रीलगायत सबै मन्त्रीले पद वहाल गरे

११ { नेपाल आफैं विकासशील हुन चाहेन


# जिल्ला प्रशासन रहने कि नरहने ?

सुनील महर्जन, काठमाडौं

संघीय संरचनामा जिल्ला प्रशासन कार्यालयबारे अहिलेको संविधानले केही परिकल्पना गरेको छैन। संघीय संरचनामा जिल्ला प्रशासन कार्यालय रहने कि नरहने, रहेमा पनि कसको मातहत रहने भन्ने प्रश्न प्रशासन वृत्तमा अहिले निकै चर्चाको विषय बनेको छ।

माघको दोस्रो साता प्रमुख जिल्ला अधिकारीहरूले जिल्ला प्रशासन कार्यालय प्रदेशको मातहत राखे आन्दोलनमा उत्रिने चेतावनी दिएका थिए। यसले गर्दा पनि यो बहसले अझ सघन रूप लिएको पाइएको छ।

संविधानले संघ, प्रदेश र स्थानीय तहलाई मात्रै सरकार वा प्रशासनिक निकाय मानेको छ। साविकका जिल्ला र विषयगत कार्यालयहरूले गर्ने काम संविधानले गाउँपालिका र नगरपालिकालाई दिएको छ। जिल्लामा गाउँपालिका र नगरपालिकासँग समन्वय गर्न जिल्ला समन्वय समिति रहने संविधानमा भनिएको छ।

'जिल्ला प्रशासन कार्यालयबारे संविधानले स्पष्टरूपमा केही बोलेको छैन', अधिवक्ता सुनीलरञ्जन सिंहले भन्नुभयो- 'संविधानमा नागरिकता, राहदानी र शान्ति सुरक्षा केन्द्रको मातहत रहने भनेको छ। यही आधारमा अहिलेको जिल्ला प्रशासन कार्यालय रहन्छ कि जस्तो लाग्दछ।'

स्थानीय तह पुनर्संरचना खाका कोर्नेमध्ये एक रहनुभएका अधिवक्ता सिंहले भन्नुभयो- 'व्यावहारिकरूपमा जिल्ला प्रशासन रहेमा कानुनीरूपमा त स्थानीय तहको अधिकार क्षेत्रलाई संकुचित नबनाए पनि व्यावहारिकरूपमा असर पार्न सक्नेछ।' यसले गर्दा केन्द्र सरकार मातहत रहने निकाय र स्थानीय तह वा प्रदेश तहबीच व्यावहारिकरूपमा कुनै-कुनै स्वरूपमा अधिकार क्षेत्रबारे द्वन्द्व रहन सक्ने पनि अधिवक्ता सिंहले बताउनुभयो।

**जिल्ला प्रशासन कार्यालय रहने कि नरहने संविधान केही बोल्दैन, सीडीओहरू केन्द्रीय सरकारअन्तर्गत रहन लबिङ गर्दै।**

प्रमुख जिल्ला अधिकारीलाई जिल्लामा सरकारको प्रतिनिधिका रूपमा लिइन्छ। राहदानी, नागरिकता र शान्ति सुरक्षाको व्यवस्था मिलाउने जस्ता महत्त्वपूर्ण कामहरूको जिम्मेवारी जिल्ला प्रशासन कार्यालयकै रहेको छ। त्यसै गरी अख्तियार दुरूपयोग अनुसन्धान आयोग, परराष्ट्र मन्त्रालय, रक्षा मन्त्रालय र गृह मन्त्रालयको जिल्ला नेतृत्वले समेत अर्धन्यायीक भूमिका निर्वाह गर्न सक्नेछन्।

जिल्ला प्रशासन कार्यालयको कतिपय अधिकार प्रदेश सरकारको मातहतमा रहेकाले जिल्ला प्रशासन कार्यालयमा अहिलेको स्वरूपमा नरहने संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयका सचिव दिनेश थपलियाले बताउनुभयो।

संविधानले व्यवस्था गरेको संघ, प्रदेश र स्थानीय तहको अधिकार सूचीको विस्तृतीकरणमा समेत काम गर्नुभएको सचिव थपलियाले भन्नुभयो- 'संविधानअनुरूप अहिलेको स्वरूपमा जिल्ला प्रशासन कार्यालय रहँदैन।' कुन रूपमा रहन्छ भन्ने विषय प्रदेशको संरचना र कानुन आएपछि स्पष्ट हुने पनि सचिव थपलियाको भनाइ रहेको छ।

संघीय संरचनाको मर्मअनुरूप स्थानीय प्रशासन ऐन २०२८ संशोधन गर्न कानुन मन्त्रालयमा पठाइएको गृह मन्त्रालयले जनाएको छ। प्रमुख जिल्ला अधिकारीहरूले जिल्ला प्रशासन कार्यालयहरूलाई केन्द्र सरकारअन्तर्गत रहने गरी कानुन बनाउन सुझाव दिँदै आएको ललितपुरका प्रमुख जिल्ला अधिकारी महादेव पन्थले नेपाल समाचारपत्रलाई बताउनुभयो। प्रदेश कानुन नआएको जिल्ला प्रशासन कार्यालय केन्द्रअन्तर्गत राख्न सकिने पनि उहाँको तर्क रहेको छ।

प्रदेश कानुन नबनेसम्म संघले कानुन बनाउन स्वतन्त्र रहेको बताउँदै जिल्ला प्रशासन कार्यालय केन्द्रअन्तर्गत रहँदा राम्रो हुने पनि प्रमुख जिल्ला अधिकारी पन्थको धारणा रहेको छ।

केन्द्रको प्रतिनिधि प्रमुख जिल्ला अधिकारीले गर्ने भएकाले प्रमुख जिल्ला अधिकारीहरू प्रदेश सरकार मातहत नरहने बताउँदै आएका छन्। गृह मन्त्रालयको औपचारिक/अनौपचारिक छलफलमा सीडीओहरूले जिल्ला प्रशासन कार्यालयलाई केन्द्र सरकार मातहत राख्न दबाब दिँदै आएको बुझिएको छ।

प्रदेश सरकारसँग समन्वय र केन्द्र सरकारसँग जवाफदेही रहने गरी सीडीओको अधिकार क्षेत्र जवाफदेहितासम्बन्धी कानुन बनाउनुपर्ने उनीहरूको माग रहेको छ। जिल्लामा जिल्ला प्रशासन कार्यालय रहनु संविधानले परिकल्पना गरेअनुरूपको संघीयताको मर्मविपरीत रहेको तर्क राख्नेहरूको पनि कमी छैनन्। प्रमुख जिल्ला अधिकारीहरूले भनेबमोजिम कानुन बनाउन संविधान नै फाल्नुपर्ने अवस्था आउन सक्ने अधिवक्ता दीपेन्द्र झाको भनाइ रहेको छ।

# ओली र प्रचण्डबीच गोप्य वार्ता

## पार्टी एकता र सरकारलाई पूर्णता दिनेबारे सहमति जुट्न सकेन



प्रधानमन्त्री ओली, माओवादी केन्द्रका अध्यक्ष प्रचण्ड र माओवादी निकट व्यवसायी दुर्गा प्रसाईं भक्तपुरस्थित प्रसाईंको निवासमा लन्ज मिटिङ गर्दै।

पुष्कर बुढाथोकी, भक्तपुर

प्रधानमन्त्री एवं नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओली र माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड' बीच आइतबार भक्तपुरको निकोसेरास्थित एक व्यवसायीको घरमा भेटवार्ता भएको छ। दुई पार्टी एकतालाई कसरी निष्कर्षमा पुऱ्याउने र सरकार गठनलाई पूर्णता दिने विषयमा दुई पार्टी अध्यक्षबीच छलफल भएको छ।

भेटपछि सञ्चारकर्मीलाई संक्षिप्त प्रतिक्रिया दिँदै प्रम ओलीका प्रेस संयोजक चेतन अधिकारीले सरकार गठनलाई पूर्णता दिने र पार्टी एकतालाई कसरी टुंगोमा पुऱ्याउनेबारे प्रम ओली र अध्यक्ष प्रचण्डबीच सकारात्मक छलफल भएको बताउनुभयो। करिब ४ घण्टा भएको छलफलमा प्रम ओली र अध्यक्ष 'प्रचण्ड' मात्रै सहभागी हुनुहुन्थ्यो।

पार्टी एकता, सरकारमा सहभागिता तथा अन्य राजनीतिक विषयमा प्याकेजमा सहमति जुटाउन प्रधानमन्त्री एवं अध्यक्ष ओली र अध्यक्ष प्रचण्डबीच गोप्य वार्ता भए पनि सहमति जुट्न नसकेपछि आइतबारै बस्ने भनिएको एकता संयोजन समिति बैठकसमेत बस्न सकेन। माओवादीलाई मन्त्रिपरिषद्मा सहभागी गराउने, राष्ट्रपति, उपराष्ट्रपति, सभामुखलगायतका पदको बाँडफाँडमा सहमति जुटाउने र पार्टी एकताबारेमा गम्भीर छलफल भएको बुझिएको छ।

शनिबार ओली र प्रचण्डबीचको छलफलपछि आइतबार एकता संयोजन समितिको बैठक बस्ने तय भएको थियो। तर, आइतबारका लागि बैठक स्थगित भएको प्रधानमन्त्री ओलीका प्रेस संयोजक चेतन अधिकारीले जानकारी दिनुभयो। एकता संयोजन समितिका सदस्य एवं एमाले वरिष्ठ नेता माधवकुमार नेपाल काठमाडौंबाहिर भएकाले एकता संयोजन समिति बैठक स्थगित भएको बताइएको छ।

ओली-प्रचण्ड भेटमा पार्टी एकता र सरकारलाई पूर्णता दिनेबारे छलफल भए पनि ठोस कुनै निर्णय नभएको नेताहरूले बताएका छन्। एमाले अध्यक्ष ओली र माओवादी अध्यक्ष प्रचण्डले अझै थप गृहकार्य गर्नुपर्ने देखिएको छ। आज सोमबार प्रधानमन्त्री ओली र माओवादी केन्द्रका अध्यक्ष प्रचण्डबीच पुनः वान टु वान निर्णायक छलफल गरी समितिको बैठक बस्ने तयारी भएको बताइएको छ।

(क्रमशः पृष्ठ ९ मा)


हामी नेपालहरूमा जुनसुकै क्षेत्रमा पनि काम गरेर देखाउन सक्ने अवस्था छ र सफल पनि हुन सकिन्छ।
नयाँ प्रविधि र नयाँ क्षेत्रहरूमा हामी जानैपर्छ।
मुख्यतः हामीमा प्रतिवद्धता, लगनशीलता, आँट र साहस् चाहिन्छ।

नेपाल सरकार
सूचना तथा सञ्चार मन्त्रालय
सूचना विभाग

पर्स हराएको सूचना

मिति २०७४ फागुन ६ गते भैंसेपाटीबाट यातायात व्यवस्था विभागसम्म जाँदा लाइसेन्ससहित महत्त्वपूर्ण कागजातहरू रहेको मेरो पर्स हराएको हुँदा फेला पार्नुहुने महानुभावले तलको ठेगाना वा नजिकको प्रहरी चौकीमा खबर गरिदिनुहुन विनम्र अनुरोध गर्दछु। फेला पार्नुहुने महानुभावलाई उचित पुरस्कार दिइनेछ।

नाम : अनुजलाल श्रेष्ठ
सम्पर्क नं. : ९८५१०३३४२४


# पीछडिएका बस्ती नै 'क्याइमेट स्मार्ट भिलेज'

टीका बन्धन, काठमाडौं

शहरी क्षेत्रहरूमा स्मार्ट सिटी निर्माण गर्ने महत्त्वाकांक्षी बहस अघि बढिरहेका बेला पीछडिएका गाउँ-घरमा 'क्याइमेट स्मार्ट भिलेज' अर्थात् जलवायु अनुकुलित गाउँ बनाउने अभियान शुरु भएको छ।

विभिन्न १५ जिल्लाका पीछडिएका बस्ती र गाउँ-घरलाई वातावरण अनुकुलनमैत्री नमुना गाउँ बनाउन शुरु गरिएको हो। वातावरण विभागले गत वर्षदेखि १० गाउँपालिका र ५ नगरपालिकाका विभिन्न वडामा 'क्याइमेट स्मार्ट भिलेज' बनाउने कार्यक्रम शुरु गरेको हो। स्थानीय बासिन्दाको दैनिक जीविकोपार्जनसँग जोडिने अधिकांश गतिविधि वातावरणमैत्री अभ्यास अनुभूत गर्ने/गराउने प्रयास नै 'क्याइमेट स्मार्ट भिलेज' हो।

ओखलढुंगाको चिसंखु गाउँपालिका-६, सिरहाको गढिमाई नगरपालिका-१३, सप्तरीको सुरुङ्गा नगरपालिका-२, गोर्खाको सिरानचोक गाउँपालिका-२, लम्जुङको दूधपोखरी गाउँपालिका-२ र कास्कीको रूपा गाउँपालिका-६ क्याइमेट भिलेज बन्नेछन्। त्यसै गरी भक्तपुरको सूर्यविनायक नगरपालिका-९, रामेछापको खाँडादेवी गाउँपालिका-३, रोल्पाको माडी गाउँपालिका-६, रुकुमको महत गाउँपालिका-६, ७ र ८, सुर्खेतको चौकुने गाउँपालिका-४ मा नमुना कार्यक्रम अघि बढाइएको हो।

कञ्चनपुरको भीमदत्त नगर नगरपालिका-१ र दार्चुलाको लेकम गाउँपालिका-५ र ६ पनि नमुना गाउँ बन्दै छन्। सोलुखुम्बुको सोलु दूधकुण्ड नगरपालिका-८ र बझाङको तल्कोट गाउँपालिका-३ पनि केही साताअघि यस्तो कार्यक्रमका लागि छनोटमा परेको विभागले जनाएको छ।

(क्रमशः पृष्ठ ९ मा)

# एउटै सेमेस्टरमा फरक-फरक शुल्क

## विद्यार्थी नै सोध्छन्- 'सेमेस्टर सिस्टम कि फि उठाउने सिस्टम?'

प्रशान्त वली, काठमाडौं

त्रिभुवन विश्वविद्यालयले एउटै सेमेस्टरमा फरक-फरक शुल्क लिएको पाइएको छ।

स्नातकोत्तर तहमा विज्ञान विषयका लागि प्रथम सेमेस्टरमा ४० हजार रुपियाँ तोकिएको छ। सो रकम एकमुष्ट भर्ना हुँदा नै बुझाउनुपर्ने प्रावधान छ।

विश्वविद्यालयमा एमएड दोस्रो सेमेस्टरमा ७ हजार ८ सय ५० शुल्क तोकिएको छ। तर, अन्य क्याम्पसमा १० हजार ९ सय लिएको खुल्न आएको छ। सानो ठिमी क्याम्पस त्रिविका विद्यार्थी कृष्ण केसी भन्नुहुन्छ- 'मैले भर्ना हुँदा ७ हजार ८ सय ५० रुपियाँ तिरें। एकैपटक लिँदा रहेछन्। के गर्ने पढ्नैपर्ने बाध्यता।' धादिङका नवीन बस्नेत भन्नुहुन्छ- 'स्नातक पास गरें। तर, के गर्ने पैसा छैन। यो वर्ष पढ्दिनँ होला, पैसाको जोहो गर्नै पऱ्यो।'

यस वर्षदेखि विश्वविद्यालयले सबै क्याम्पसमा स्नातकोत्तर तहमा सेमेस्टर प्रणाली लागू गरेको छ। सेमेस्टर प्रणाली लागू हुँदा पैसा तिर्न नसक्ने विद्यार्थी पढ्ने कि नपढ्ने भनेर अन्योल भएको विद्यार्थी रविन विश्वकर्मा बताउनुहुन्छ।

(क्रमशः पृष्ठ ९ मा)

# खारेज हुनुअघि नै विकल्पको खोजी

**जिल्ला शिक्षा कार्यालयले हाल गरेका काम-कारबाही जिल्ला समन्वय समितिलाई हस्तान्तरण गर्ने, प्रदेश सरकारले कानुन वा कार्यविधि बनाएर गर्ने, सरकारले तोकेको निकायलाई जिल्ला शिक्षा कार्यालयहरूको कामको जिम्मा दिने र केही स्थानीय तहका लागि क्लस्टर बनाएर त्यसलाई जिशिकाको काम गर्ने जिम्मेवारी दिनु अहिलेको विकल्प हो)**

ईश्वरराज ढकाल, काठमाडौं

सरकारले देशभरका जिल्ला शिक्षा कार्यालय खारेज हुनुअघि नै विकल्प खोज्ने भएको छ। स्थानीय सरकार सञ्चालन ऐन २०७४ स्थानीय तहलाई शिक्षाका २३ वटा अधिकार दिएसँगै चैत २८ गतेदेखि देशभरका जिल्ला शिक्षा कार्यालय खारेज हुने उल्लेख गरेको छ। त्यसलगत्तै शिक्षा मन्त्रालयका पटक-पटक बसेको बैठकले जिल्ला शिक्षा कार्यालयले गर्ने अन्य कामको विकल्प खोजेको हो।

शिक्षा मन्त्रालयका प्रवक्ता डा. हरि लम्सालले विकल्पबिना नै जिल्ला शिक्षा कार्यालयहरू खारेज गरे गम्भीर समस्यामा पर्ने जनाउँदै विकल्प खोजी गर्न थालेको बताउनुभयो। उहाँले भन्नुभयो- 'हामीले चारवटा विकल्प खोजेका छौं, ती विकल्प लागू भए जिल्ला शिक्षा कार्यालय खारेज भए समस्या हुँदैन।'

उहाँका अनुसार जिल्ला शिक्षा कार्यालयले हाल गरेका काम-कारबाही जिल्ला समन्वय समितिलाई हस्तान्तरण गर्ने, प्रदेश सरकारले कानुन वा कार्यविधि बनाएर गर्ने, सरकारले तोकेको निकायलाई जिल्ला शिक्षा कार्यालयहरूको कामको जिम्मा दिने र केही स्थानीय तहका लागि क्लस्टर बनाएर त्यसलाई जिशिकाको काम गर्ने जिम्मेवारी दिनु अहिलेको विकल्प हो। शिक्षा मन्त्रालयले जिशिकाको काम हस्तान्तरण गर्ने विषयमा सम्बन्धित निकायसँग छलफल शुरु गरेको छ।

२३ वटा कामबाहेक झन्डै आधा दर्जनभन्दा बढी काम हाल जिशिकाले गर्दै आइरहेका छन्। कक्षा १० र १२ को सम्पूर्ण शैक्षिक र प्राविधिक काम गर्ने, विद्यार्थीको रजिस्ट्रेसन फाराम भराउने, जिल्ला शिक्षक छनोट समितिको फाइल हस्तान्तरण गर्ने, शिक्षक मूल्यांकन र पेन्सनपट्टाका लागि सिफारिस गर्ने, शिक्षक बढुवाको फाइल तयार गर्ने, विद्यालय क्षेत्र विकास योजनाको रिपोर्टिङ गर्नेदेखि जिल्लामा हुने भौतिक विकास, विशेष, नमुना र बहुप्राविधिक विद्यालयको कामलगायतका सम्पूर्ण काम जिशिकाले गर्दै आएका छन्।

'अब ती काम कसले गर्ने भन्ने विषयमा समस्या देखिएको छ, तत्काल समाधान गर्ने तयारीमा लागेका छौं।' -सहसचिव डा. लम्सालले भन्नुभयो।

(क्रमशः पृष्ठ ९ मा)

# महानगर

प्रदेश तथा स्थानीय तहका लागि आवश्यक जनशक्ति खटाउने कार्य भइरहेको। प्रत्येक स्थानीय तहमा कम्तीमा एक जना स्रोतव्यक्ति पर्ने गरी जनशक्ति खटाइएको र करिब ७ सय जना अन्य कर्मचारी खटाइसकिएको र अन्य कर्मचारी खटाउने क्रम जारी रहेको। भवन, सवारीसाधनलगायतका सम्पत्ति तथा साधन स्रोत हस्तान्तरणका कार्य जारी रहेको। आर्थिक वर्ष २०७४/०७५ को बजेट स्थानीय तहमार्फत पठाउन ६० अर्ब रूपियाँ स्थानीय तहमा विनियोजन गरिएको छश ।



# जाँदाजाँदै रोदन

ईश्वरराज ढकाल
ishwor32@gmail.com

२०७४ जेष्ठ २३ गतेदेखि फागुन ३ गतेसम्म जम्मा २ सय ५५ दिन काम गरी बिदा भइसकेका उपप्रधान तथा शिक्षामन्त्री गोपालमान श्रेष्ठले कर्मचारीको बीचमा पत्रकारको खेदो खन्न छाड्नुभएन। आफू राम्रो काम गर्दा पनि पत्रकारले खेदेको खेदै गरेको आरोप लगाउनुभयो। आफू बिदा लिनु अन्तिम दिन सबैलाई धन्यवाद दिन छाडेर उहाँले राम्रो काम गर्न खोज्दा पनि मिडियाले सधैं लुछेको आरोप लगाउनुभयो। पत्रकारलाई निम्तो दिएरै आयोजना गरेको कार्यक्रममा उहाँले आफ्नो १९ बुँदे कार्य प्रगति पढ्न छाडेर भन्न थाल्नुभयो- 'यहाँ कोही पत्रकार छन्। भए सुन्नुहोस् मैले विधि अपनाएर काम गर्न खोज्दा पनि पत्रकारले देखेनन् एकोहोरोरूपमा ममाथि जाई लागे। राम्रो काम गर्न खोज्दा पनि नराम्रो हुँदोरहेछ। नर्सिङ कलेजलाई अन्तिम समयमा सम्बन्धन दिन लागेको र मापदण्ड नपुगेका विद्यालयलाई १५ करोडभन्दा बढी रकम बाँड्न लागेको आरोप खेप्नुभएका मन्त्री श्रेष्ठले राज्यमन्त्री शेषनाथ अधिकारी र सचिव मधुप्रसाद रेग्मीलाई साक्षी राखेर पत्रकारलाई लगातार गाली गरिरहनुभयो।

उहाँले बिदा लिनुअघि भन्नुभयो- 'यस मन्त्रालयमा रही कार्यसम्पादन गर्न आवश्यक सहयोग पुऱ्याउने मेरा सहकर्मी राज्यमन्त्रीज्यू, मन्त्रालयका सचिव, सहसचिवहरू, सबै विभागीय प्रमुखलगायतका सम्पूर्ण कर्मचारी साथी, शिक्षक सेवा आयोग, राष्ट्रिय परीक्षा बोर्ड, प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्, विश्वविद्यालय अनुदान आयोग एवं विश्वविद्यालयहरूका पदाधिकारीहरू, शिक्षा मन्त्रालयअन्तर्गतका निकायका सम्पूर्ण कर्मचारी, क्षेत्रीय एवं जिल्लास्तरमा कार्यरत सम्पूर्ण कर्मचारी एवं शिक्षक मित्रहरू, शिक्षक, कर्मचारी तथा विद्यार्थीका पेसागत संस्थाका पदाधिकारीहरू एवं सम्पूर्ण मिडियाकर्मी तथा शुभचिन्तकहरू सबैमा यहाँहरूले मेरो कार्यकालमा पुऱ्याउनुभएको सहयोगप्रति हार्दिक आभार प्रकट गर्दछु। म कुनै पनि पदमा रहे वा नरहे पनि भविष्यमा मुलुकको शैक्षिक विकासका लागि मेरो स्थानबाट हुन सक्ने सहयोगका लागि म सधैं तत्पर रहेको व्यहोरासमेत अवगत गराउँदै यहाँहरूसँग बिदा हुन चाहन्छु।'

> "उच्चस्तरीय शिक्षा आयोगले विज्ञ समूह गठन गरी समूहबाट मस्यौदा प्रतिवेदन पेस भएको र बृहत् छलफलका लागि सरोकारवालाहरु माझ पुऱ्याइएको। उक्त आयोगको उद्धेश्यअनुसार कार्य जारी रहेकाले उच्चस्तरीय शिक्षा आयोगको अवधि २०७४ माघ १९ देखि ४ महिनाका लागि थप गरिएको छ।"



**अन्तिममा पूर्वउपप्रधान तथा शिक्षामन्त्री गोपालमान श्रेष्ठले आफूलाई सहयोग गर्ने सबैलाई धन्यवाद दिंदै आफ्नो कार्यकालको कामको विवरण फेहरिस्त सुनाउनुभयो। उहाँले प्रस्तुत गर्नुभएको १९ काम यस प्रकारको छ :**

१. प्रदेश तथा स्थानीय तहका लागि आवश्यक जनशक्ति खटाउने कार्य भइरहेको। प्रत्येक स्थानीय तहमा कम्तीमा एकजना स्रोत व्यक्ति पर्ने गरी जनशक्ति खटाइएको र करिब ७ सय जना अन्य कर्मचारी खटाइसकिएको र अन्य कर्मचारी खटाउने क्रम जारी रहेको। भवन, सवारीसाधनलगायतका सम्पत्ति तथा साधन स्रोत हस्तान्तरणका कार्य जारी रहेको। आर्थिक वर्ष २०७४/०७५ को बजेट स्थानीय तहमार्फत पठाउन ६० अर्ब रुपियाँ स्थानीय तहमा विनियोजन गरिएको छ।

२. संघीयतामा शिक्षाको व्यवस्थापन सम्बन्धमा निर्वाचित जनप्रतिनिधिहरूसँग छलफल कार्यक्रम सञ्चालन हुँदै आएको छ। हालसम्म ६ जिल्लामा कार्यक्रम सम्पन्न गरिसकिएको छ।

३. मेरै पहलमा नेपाल सरकार मन्त्रिपरिषद्को मिति २०७४/५/१९ को निर्णयअनुसार प्रारम्भिक बाल शिक्षादेखि विश्वविद्यालय शिक्षासम्मको समग्र नीति निर्माणदेखि कार्यक्रम कार्यान्वयन तहसम्मको अध्ययन एवं विश्लेषण गरी मुलुकको संघीय संरचना (संघ, प्रदेश र स्थानीय तह) अनुकूल शिक्षा नीति, कार्यक्रम र संठनात्मक स्वरूपको सुधार एवं परिमार्जन गर्नका लागि ५ महिनाभित्र सुझाव पेस गर्न ६५ सदस्यीय उच्चस्तरीय शिक्षा आयोग एवं ११ सदस्यीय कार्यदल गठन गरिएको। उच्चस्तरीय कार्यदलबाट प्रारम्भिक प्रतिवेदन प्राप्त भएको र उक्त प्रतिवेदन अध्ययन भइरहेको।

४. उच्चस्तरीय शिक्षा आयोगले विज्ञ समूह गठन गरी समूहबाट मस्यौदा प्रतिवेदन पेस भएको र बृहत् छलफलका लागि सरोकारवालाहरू माझ पुऱ्याइएको। उक्त आयोगको उद्देश्यअनुसार कार्य जारी रहेकाले उच्चस्तरीय शिक्षा आयोगको अवधि २०७४ माघ १९ देखि ४ महिनाका लागि थप गरिएको छ।

५. प्रधानमन्त्री समक्ष पेस हुन आएको चिकित्सा शिक्षा सम्बन्धी जाँच बुझ आयोगको प्रतिवेदन यस मन्त्रालयमा प्राप्त भई सोको अध्ययनलगायतका आवश्यक कार्यको थालनी भएको छ।

६. प्रधानमन्त्रीको अध्यक्षतामा चिकित्सा शिक्षा विधेयकबमोजिम गठित चिकित्सा शिक्षा आयोगको पहिलो बैठक सम्पन्न भई आयोगको उपाध्यक्षको सिफारिसका लागि समिति गठन गरिएको छ।

७. शिक्षा ऐन नवौं संशोधन गरी अस्थायी शिक्षकहरूको समस्या व्यवस्थापन गर्न पहल गरिएको छ।

८. नमुना विद्यालय छनोट निर्देशिकाबमोजिम २ सय २२ वटा विद्यालयलाई नमुना विद्यालयको रूपमा घोषणा गरी थप सहयोग उपलब्ध गराइएको छ।

९. प्राविधिक शिक्षा र व्यासायिक तालिम तथा सीप विकासतर्फ विशेष जोड दिइएको छ। यस अवधिमा ३२ वटा नयाँ प्राविधिक तथा व्यावसायिक विषय थप गरिएको छ। प्राविधिक शिक्षा र व्यावसायिक तालिम सभा र परिषद्लाई पूर्णता दिइएको छ। प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिम नीति पुनरावलोकनसम्बन्धी कार्यशाला गोष्ठी ३ वटा प्रदेश ५, ६, र ७ मा सम्पन्न गरिएको छ।

१०. स्थानीय तहमा शिक्षाको व्यवस्थापन र सञ्चालन गर्ने शैक्षिक जनशक्तिलाई स्थानीय तहमा खटाइएको छ।

११. माध्यमिक शिक्षाको कक्षा १२ सम्मको राष्ट्रिय पाठ्यक्रम प्रारूप परिमार्जन गर्ने कार्य अगाडि बढाइएको छ।

१२. आगामी शैक्षिक सत्र २०७५ बाट सामुदायिक विद्यालयका कक्षा १ देखि ५ कक्षा लागि रंगिन पाठ्यपुस्तक छपाउनेलगायतका कार्य प्रारम्भ गरिएको छ।

१३. शैक्षिक परामर्शसम्बन्धी निर्देशिकाबमोजिम प्रक्रिया पूरा गरी पेस भएका नयाँलाई अनुमति र विगतमा अनुमति लिएका संस्थाहरूलाई नवीकरण गरिएको छ।

१४. राष्ट्रिय परीक्षा बोर्डको अध्यक्ष नियुक्त गरिएको छ।

१५. जिल्लालाई साक्षर घोषणा गर्ने कार्यक्रमअन्तर्गत थप ८ जिल्ला साक्षर घोषणा गरिएको छ। मनाङ, सिन्धुली, इलाम, गोरखा, म्याग्दी, पर्वत, रसुवा र खोटाङ जिल्ला साक्षर घोषणा भइसकेका छन्। यस अवसरमा प्रदेश नं ४ सबै साक्षर घोषणा गरिएका छन्।

१६. नेपाल खुला विश्वविद्यालय र राजर्षि जनक विश्वविद्यालयमा विभिन्न सभा र परिषद्हरूलाई पूर्णता दिइएको छ।

१७. विद्यालयको उचित भौतिक व्यवस्थापन, पाठ्यक्रम र सन्दर्भ सामग्रीको उच्चतम् उपलब्धता तथा प्रयोग, शिक्षक तथा विद्यार्थी व्यवस्थापन, आधुनिक शिक्षण प्रविधि, कम्प्युटर शिक्षा, समय सान्दर्भिक शिक्षा, निरन्तर विद्यार्थी मूल्यांकन, अतिरिक्त क्रियाकलाप, अभिभावक शिक्षा, शिक्षकको क्षमता विकाससमेतलाई विशेष प्राथमिकता दिइएको छ।

१८. राष्ट्रिय प्रारम्भिक कक्षा पढाइ कार्यक्रमको शिक्षक पेसागत सहयोग कार्यविध तयार गरिएको छ।

१९. प्रारम्भिक बाल विकाससम्बन्धी नीति प्रभावकारी तर्जुमा गर्ने उद्देश्यसहितको क्षेत्रीयस्तरको नीतिगत फोरमको समन्वयमा एसिया प्यासिफिक रिजनल ईसीईडी नेटवर्क तयारी कार्यशाला र कार्यक्रम तयारी भइरहेको छ।



> "खाजा खुवाउन पुगेका स्वस्तिकका पदाधिकारीलाई संस्थाका अध्यक्ष डेन्जी शेर्पाले निरन्तर सहयोगको अपेक्षा गर्नुभएको थियो। लामो सयमदेखि बस्दै आएका अपांग बालबालिकालाई संस्थाले नै स्थानीय विद्यालयमा पढाइरहेको छ।"



# नेपाल स्वस्तिक सहयोगी हातहरू





नेपाल स्वस्तिक सहयोगी हातहरूले अपांग भएका विद्यार्थीलाई सहयोग गरेको छ। कपनटारस्थित 'बाल अपांग टेवा संस्था' मा अपांग बालबालिकालाई मनोबल बढाउने सांगीतिक कार्यक्रमका साथै खाजाको व्यवस्था गरेको छ। संस्थाले संस्थामा कार्यरत २२ जना विद्यार्थीलाई खाजा खुवाएको थियो। खाजा खुवाउन पुगेका स्वस्तिकका पदाधिकारीलाई संस्थाका अध्यक्ष डेन्जी शेर्पाले निरन्तर सहयोगका अपेक्षा गर्नुभएको थियो। लामो सयमदेखि बस्दै आएका अपांग बालबालिकालाई संस्थाले नै स्थानीय विद्यालयमा पढाइरहेको छ।

हाम्रा सहयोगी हातहरू भन्ने मूल नाराबाट थालिएको 'नेपाल स्वस्तिक सहयोगी हातहरु' ले यसअघि मूलपानी, थलीस्थित 'अपांग नवजीवन केन्द्र नेपाल' मा यस्तै कार्यक्रम गरेको थियो। स्वतिकका अध्यक्ष सुप्रिया प्रजापतिले आश्रम, अनाथालय र विभिन्न स्थानमा बसोबास गर्ने अनाथ र आपांग बालबालिकालाई निरन्तर सहयोग गर्ने प्रतिबद्धता जनाउनुभएको थियो। उहाँले किताब-कपी नभएका। ड्रेसन भएर विद्यालय जान नसकेका र शुल्क तिर्न नसकेका बालबालिकाका लागि आगामी दिनमा सहयोग गर्दै जाने बताउनुभयो।

अनाथ तथा अपांग बालबालिकाको प्रतिभालाई अगाडि बढाउने र आफूले आफैंलाई आत्मनिर्भर बनाउने अवसर मिलोस् भन्ने उद्देश्यले संस्थाको स्थापना गरिएको हो। अपांग भएका विद्यार्थीलाई ब्लेसफुल रेस्टुरेन्टका सञ्चालक प्रज्वल श्रेष्ठ र फुडफर नानिजको सञ्चालक जिमी कार्थकलगायतले सहयोग गरेका थिए।

# खेताला शिक्षक प्रकरण

सुरेश तामाङ

यास्पा आधारभूत विद्यालयमा खेताला शिक्षक राखेको सार्वजनिक भइसकेको अवस्थामा ललितपुरका जिल्ला शिक्षा अधिकारी देवेन्द्रराज खनालले खेताला शिक्षक नराखेको दाबी गर्नुभयो। सो विद्यालयका प्रधानाध्यापक डोलकेशर दाहालले आफूले खेताला शिक्षक राखेको बताउँदाबताउँदै पनि जिशिअले भने शिक्षक नराखेको भन्दै ढाट्नुभएको छ। प्रअ दाहालले आफू मृगौलाको शल्यक्रिया गरेर पत्थरी निकालेकाले डाक्टरको सल्लाहअनुसार लामो समय बिदामा बसेको स्वीकार्दै

उहाँले आफू बिदामा रहँदा र कतै जाँदा पनि कक्षा प्रभावित नबनोस् भनेर खेताला शिक्षक राखेको बताउनुभएको थियो । उहाँले त्यस बेला निजी स्रोतबाट शिक्षक राखेको विषयमा पनि केही भन्नुभएन। उहाँले उक्त विद्यालयमा प्रधानाध्यापकले खेताला शिक्षक राखेको विषयमा नेपाल समाचारपत्रले यसअघि जिज्ञासा राख्दा बुझेर जवाफ दिने बताउनुभएको थियो।

जिशिअ खनालले विद्यालय निरीक्षक (विनि) लाई त्यहाँको वास्ताविकता के रहेछ बुझेर रिपोर्टिङ गर्नू भनेर निर्देशन दिनुभएको थियो। 'मैले त्यसलगत्तै विनिलाई त्यहाँको वास्ताविकता बुझेर रिपोर्टिङ गर्न लगाएँ, जिशिअ खनालले भन्नुभयो- अहिले उहाँबाट रिपोर्टिङ भएको छ। हामीले त्यहाँको अभिलेख, वास्तविकता बुझ्दा त्यहाँ खेताला शिक्षक नराखेको निष्कर्षमा हामी पुग्यौं भन्दै प्रअलाई बचाउन खोज्नुभयो।

खेताला शिक्षक भनिएका स्थानीय युवकलाई जेठदेखि निजी स्रोतबाट मासिक ६ हजार रुपियाँ व्यवस्था गर्ने गरी नियुक्ति गरेको थियो। त्यस्तै लामो समयदेखि प्रअ बिदामा बसेको भन्ने कुरा बुझ्दा विद्यालय व्यवस्थापन समितिसामु १० दिनको बिदा स्वीकृति गरेर घरबिदा बसेको भेटिएको जिशिअ खनालले बताउनुभयो।

तर, आफू लामो समय विद्यालय नगएको, कसैसँग अनुमति नलिएको, आफू रोगी भएका कारण गोल्डेन हेन्सेकमा जानका लागि राजीनामा दिने मुडमा बसेको प्रअ दाहालले बताउनुभएको थियो।

स्थानीयहरू यस मामलामा मिलोमतो भएको बताउँछन्। यसअघि हामीले बाग्मती गाउँपालिका-३ खानीखोला यास्पामा रहेको सो विद्यालयमा खेताला शिक्षक राखेर आफू भने बिमारी भएको भन्दै आराम गर्ने नाममा विद्यालय नगई लामो समयदेखि किराना पसल चलाउँदै आएको आशयको समाचार प्रकाशन गरेको थियौं।

# निर्देशक राना मृगौलाले काम गर्न छोडेपछि समस्यामा



फिल्म निर्देशक तथा लेखक किशोर राना मगरको मृगौला फेल भएको छ। २० वर्षदेखि मधुमेहबाट पीडित रानाको ३ महिनाअघि मृगौला फेल भएको स्वास्थ्य परीक्षणबाट पत्ता लागेपछि उपचार चलिरहेको छ।

उनको हाल ललितपुरको पुलचोकस्थित निदान अस्पतालमा डायलासिस भइरहेको छ। 'किड्नीको सामान्य समस्या पहिले पनि थियो। बीचमा निमोनिया भएपछि समस्या बढ्यो र किड्नीले काम गर्न छोड्यो', रानाले आइतबार *नेपाल समाचारपत्र*सँग कुरा गर्दै भने- 'बीचमा बैंगलोर गएर देखाएको थिएँ। अहिले डायलासिस गराइरहेको छु। पहिलेभन्दा केही राम्रो भएको छ। किड्नी टान्सप्लान्टका लागि आर्थिकरूपमा जोहो गरिरहेको छु।' निर्देशक रानाले उपचारका लागि चलचित्र विकास बोर्ड र नेपाल चलचित्र निर्देशक समाजलाई अनुरोधसमेत गरेका छन्।

गुल्मीका ६२ वर्षीय उनी पहिलो भोजपुरी फिल्म *कब होई मिलनवा हमार*का निर्देशक हुन्। उनले पहिलोपटक *प्रतिबिम्ब* नामक फिल्म निर्देशन गरेका थिए भने त्यसबाहेक *कर्जा, करोडपति, सीमारेखा, उपकरण, एक नम्बरको पाखे, घामछायाँ, घुम्टो, शिवशक्ति, बन्धकी* जस्ता फिल्म निर्देशन गरेका छन्।

सानै उमेरमा भारत गएका उनी भारतमा काम गर्दागर्दै फिल्म निर्देशनमा आकर्षित भएका थिए। कलिलै उमेरमा भारत गएपछि त्यहाँ उनको भेट नेपालकै पहिलो द्वन्द्व तथा कला निर्देशक गोपाल भुटानीसँग भएको थियो। उनले नै रानालाई एक स्टुडियोमा लगेर स्पटब्वाईको काम काम लगाइदिएका थिए। त्यही काम गर्दागर्दै किशोर निर्देशनमा लागेका थिए।



# श्वेताको कान्छीलाई दर्शकको साथ

नायिका तथा निर्मात्री श्वेता खड्काद्वारा निर्मित तथा अभिनित फिल्म *कान्छी*ले दर्शकबाट राम्रो साथ पाएको छ। रिलिजको पहिलो दिन प्रदर्शनमा आएका नेपालभरका हलबाट ७० प्रतिशत दर्शक पाएको *कान्छी*ले दोस्रो दिन शनिबार शतप्रतिशत दर्शक पायो।

उपत्यकाका वितरक गोपाल कायस्थका अनुसार फिल्मले शुक्रबार रिलिजमा आएका हलमा ७० प्रतिशत र शनिबार शतप्रतिशत अर्थात् हाउसफुलको व्यापार गरेको छ भने आइतबार पनि यसको व्यापार राम्रो देखिएको छ। दर्शकका लागि हल-हलमा पुगेकी नायिका तथा निर्मात्री खड्काले दर्शकबाट फिल्मको राम्रो प्रतिक्रिया पाइन्। दर्शकले उनीसँग बसेर सेल्फी खिच्दै खुसीयाली मनाए भने 'जय कान्छी' भन्दै नारासमेत लगाए। श्वेतासँगै त्यसका अभिनेताद्वय दयाहाङ राई, प्रज्वलसुजल गिरी तथा निर्देशक आकाश अधिकारी पनि हलमा पुगेका थिए।

त्यसअघि रिलिजकै दिन बिहान राजधानीमा आयोजित प्रेस शोमै *कान्छी*ले सकरात्मक प्रतिक्रिया पाएको थियो। जहाँ श्वेताले आफ्नो दिवंगत पति तथा नायक एवं निर्माता श्रीकृष्ण श्रेष्ठको सम्झनामा आँशु झारेकी थिइन्। 'फिल्म हेरेपछि उहाँको सम्झना आयो। विगतमा फिल्म रिलिज गर्दाको क्षण, काम गर्दाको क्षणलगायतका कुराको सम्झनाले मन भक्कानियो' -श्वेताले डाँको छोड्दै भनेकी थिइन्। श्वेतले फिल्मको शुरुमै आफ्ना दिवंगत पतिको सम्मानमा भावविह्वल भावना राखेकी छिन्। जसका भनिएको छ- 'तपाईं कहिल्यै हराउनुहुने छैन, टाढा हुनुहुन्न। सधैं माया छ। सम्झना छ।'

श्रीकृष्णको निधनपछि श्वेता लामो समय शोकमा डुबेकी थिइन्। श्रीकृष्णको निधको झन्डै ३ वर्षपछि मात्र उनी फिल्ममा फर्किएकी हुन्।

काया फिल्म्स् प्रालिको प्रस्तुतिमा श्वेता खड्काद्वारा प्रस्तुत तथा शैलेश खड्काद्वारा निर्मित फिल्मलाई नायक तथा निर्माता स्व. श्रीकृष्ण श्रेष्ठ र नायिका श्वेता खड्काद्वारा निर्मित एक सय दिन मनाउन सफल फिल्म *कोहिनुर*का निर्देशक आकाश अधिकारीले निर्देशन गरेका छन्। फिल्ममा श्वेता खड्का, दयाहाङ राई, आशान्त शर्मा, अनु शाह, कामेश्वर चौरासिया, प्रज्वल सुजल गिरी, विनोद न्यौपाने, भूमिका श्रेष्ठ, रमेश अधिकारी, जयनन्द लामा, नीर शाहलगायतले प्रमुख भूमिकामा अभिनय गरेका छन्। रविन खड्का सहनिर्माता रहेको फिल्ममा लेखन यम थापा, संगीत अर्जुन पोखरेल र राजनराज शिवाकोटी, नृत्य वसन्त श्रेष्ठ, द्वन्द्व हिमाल केसी, छायांकन पुरुषोत्तम प्रधान तथा सम्पादन बनिष शाह र भूपेन्द्र अधिकारीको रहेको छ।

# मुस्ताङका प्रचार गर्न एल्बम




पर्यटन तथा फिल्म छायांकनको आकर्षकको केन्द्र बनिरहेको मुस्ताङ प्राकृतिक रूपले मात्र नभई धार्मिक दृष्टिकोणले पनि उत्तिकै महत्त्वपूर्ण छ भन्ने सन्देश बोकेको गीति अडियो एल्बम *हाम्रो मुस्ताङ* सार्वजनिक गरिएको छ।

प्रतिनिधिसभाका सांसद रवीन्द्र अधिकारी, गीतकार संघका अध्यक्ष चूडामणि देवकोटा, एल्बमका गीतकार विपीन किरण, संगीतकार मिलन मोक्तान, पर्यटन बोर्डका प्रमुख कार्यकारी अधिकृत दीपक जोशीलगायतले एल्बम विमोचन गरेका हुन्।

राजधानीमा आयोजित कार्यक्रममा मुस्ताङको सुन्दरतालाई वर्णन गर्दै रचना गरिएको एल्बमको शीर्ष गीत *हाम्रो मुस्ताङ*को म्युजिक भिडियो प्रिमियरसमेत गरियो। उक्त गीतमा गायिका टीका प्रसाईंको स्वर छ। सन्तोष कोन्मेको निर्देशन, छायांकन तथा सम्पादन रहेको भिडियोका परिकल्पनाकार बादल थकाली हुन्। पर्यटकीय दृष्टिकोणबाट विश्वकै सुन्दर ठाउँ मुस्ताङको राष्ट्रिय तथा अन्तर्राष्ट्रियरूपमा प्रचार गर्ने उद्देश्यले उक्त म्युजिक भिडियो तयार पारिएको जनाइएको छ।

विमोचन समारोहमा एल्बमका परिकल्पनाकार बादल थकालीले एल्बममार्फत मुस्ताङको प्राकृतिक सौन्दर्यसहित कोरला नाका खुलाउनका लागि आह्वानसमेत गरिएको जानकारी दिए। गीतकार विपीन किरणले शब्दमार्फत मुस्ताङको सेरोफेरो मात्र समेटेका छैनन्, गीतैमार्फत कोरला नाका खोल्न आग्रहसमेत गरिएको छ। एल्बममा ७ गीत समावेश छन्। एल्बमका गीतमा टीका प्रसाईंसहित कृष्ण काफ्ले, रेश्मा पुन तथा लेखराज गुरुङको स्वर सुन्न सकिन्छ। एल्बमका सबै गीतमा मिलन मोक्तानको संगीत निर्देशन छ।

# प्रेमको गीतमा मायालु जोडी



गायक अमृत क्षत्री *मग मग* बोलको गीतका साथ दर्शक स्रोतामाझ आएका छन्। यसको म्युजिक भिडियो पनि बनाइएको छ।

गीतको म्युजिक भिडियोमा अमृतसँगै उनकै श्रीमती संगीता क्षत्री देखिएकी छिन्। गीतको भिडियोमा यी दुईको प्रेमलाई देखाइएको छ। गीतमा माया आभास गराउने मोमेन्ट राखिएको छ। गीतमा एक नारायण भण्डारीको शब्द र दीपक शर्माको संगीत रहेको छ। गीतलाई बुद्ध थापा र उनको टिमले छायांकन गरेका छन् भने यसलाई विकास धमलाले सम्पादन गरेका छन्। म्युजिक भिडियोको निर्देशन निकेश खड्काले गरेका छन्।

'यो गीतमा माया गर्ने जोडीको प्रेमभाव व्यक्त गरिएको छ भने हामीले भिडियोमा पनि त्यही भाव देखाउने प्रयास गरेका छौं', गायक क्षत्रीले भने- 'यो गीत मेरो लागि खास छ, किनकि गीतमा मसँगै मेरी मायालु देखिएकी छिन्।' म्युजिक भिडियोका निर्देशक निकेश खड्काले गीतअनुसार म्युजिक भिडियो तयार पारिएको बताए। 'यसको अडियो जसरी तयार भयो त्यसरी नै त्यही भावमा म्युजिक भिडियो बनाइएको छ।' -खड्का भन्छन्।



# विचार

जुन काम तिमी आज गर्न सक्छौ त्यसलाई कहिल्यै भोलिका निम्ति नछोड।
– बेन्जामिन फ्रेंकलिन

आफू नै त्यो परिवर्तन बन, जुन तिमी संसारमा देख्न चाहन्छौ।
– महात्मा गान्धी

## सम्पादकीय

नेपाल समाचारपत्र

# अग्निपरीक्षामा ओली

नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओलीले डेढ वर्षपछि फेरि मुलुकको प्रमुख कार्यकारी पद सम्हाल्नुभएको छ । अघिल्लोपटक सामान्य बहुमतका साथ सरकार सम्हाल्नुभएका उहाँले यसपटक झन्डै दुई तिहाइ बहुमतका साथ सो पद सम्हाल्ने मौका पाउनुभएको छ। निर्वाचनमा एमाले–माओवादीबीचको तालमेलका कारण जनताले मुलुकका ठूला कम्युनिस्ट पार्टीलाई सत्ता सम्हाल्ने प्रस्ट जनमत दिएका छन् । तर जनमत विगतको जस्तो अस्थिर र अल्पायु सरकारका लागि होइन, राजनीतिक स्थिरतासहितको दिगो सरकार निर्माणका लागि ।

केन्द्र र प्रदेशको निर्वाचन गराउने जिम्मेवारीका साथ सत्ता सम्हाल्नुभएका कांग्रेस सभापति शेरबहादुर देउवा र उहाँ नेतृत्वको सरकारले सो जिम्मेवारी पूरा गरेर ओलीलाई सत्ता हस्तान्तरण गरेको छ । त्यति मात्रै होइन, संघीयताको औपचारिक कार्यान्वयन गर्ने अवसरसमेत देउवा सरकारले पायो । अब संघीयताको पूर्ण कार्यान्वयन गर्ने अवसर र जिम्मेवारी भने प्रधानमन्त्री ओलीलाई थपिएको छ । शिशु अवस्थाबाट बामे सर्दै टुकुटुकु हिंड्न थालेको बच्चाझैँ संघीयताको स्वरुप अघि बढिरहेको छ । त्यसैले राजनीतिमा निकै खारिएका ओलीलाई संघीयता पूर्णरुपमा संस्थागत गर्ने अवसर र चुनौती दुवै थपिएको छ। शिशु संघीयतालाई परिपक्व, वयष्क र आत्मनिर्भर बनाउने अभिभावकको भूमिकामा प्रधानमन्त्री ओली रहनुभएको छ । जनआकांक्षा पूरा गर्ने चाङ पनि धेरै छन् ।

संघीय संरचना कार्यान्वयनका लागि बनेका र बनाउन बाँकी कानुन तयार गर्ने, कार्यान्वयन गर्ने, साथै भौतिक पूर्वाधार र अन्य संरचना तयार गर्नुपर्ने जिम्मेवारी नयाँ सरकारलाई थपिएको छ। मुलुक पहिलोपटक संघीय ढाँचामा गएकाले ठूलो बजेट खर्च आवश्यक छ। स्थानीय, प्रदेश र केन्द्रका जनप्रतिनिधिको सेवा–सुविधाका लागि ठूलै धनराशी खर्च हुँदै छ। विभिन्न चरणमा भएका निर्वाचनमा ठूलो धनराशी खर्च भइसकेकाले संघीयताको कार्यान्वयनका लागि मुलुकको आन्तरिक स्रोत–साधनले मात्रै बजेट जुटाउन असम्भव हुने पुष्टि भइसकेको छ। दातृ मुलुकहरूको साथ र सहयोगविना खर्चको स्रोत जुटाउन असम्भव देखिन्छ। त्यसैले दातृ मुलुक रिझाउने पहल र प्रयत्न यो सरकारले गर्नै पर्ने बाध्यता थपिएको छ।

यति मात्र होइन, विश्वका आर्थिक उदीयमान छिमेकी मुलुकका बीचमा रहेको नयाँ सरकारले छिमेकसँगको सन्तुलित सम्बन्ध कायम गर्नुपर्ने दबाब थपिएको छ। दुवै छिमेकीले नयाँ सरकारसँग अझ निकट भएर नयाँ ढंगले काम गर्ने प्रस्ट संकेत गरिरहेका बेला सरकारले पनि मुलुकको राष्ट्रिय स्वार्थ, आवश्यकता र चाहनाअनुसारको खाका तयार गर्नु उपयुक्त हुन्छ। साथै सरकारले छिमेकीहरूसँग नयाँ–नयाँ सम्झौताको सूची थप्ने कीर्तिमान राख्नेतर्फ होइन कि विगतमा भएका सम्झौताको कार्यान्वय गर्न/गराउन ध्यान केन्द्रित गऱ्यो भने मुलुकले लाभ लिने निश्चित छ।

**लेखकहरूलाई अनुरोध**

१२०० शब्दसम्मका उत्कृष्ट लेख-रचना एवम् छोटा पाठक-पत्रहरू निम्न ठेगानामा पठाउनुहुन अनुरोध गरिन्छ।
email : samacharpatrac@gmail.com, lekh_rachana@yahoo.com

# ओली सरकारको प्राथमिकता र चुनौती



चिरञ्जीवी मास्के

नेकपा एमालेका अध्यक्ष केपी ओली मुलुकको ४१ औं प्रधानमन्त्रीमा नियुक्त हुनुभएको छ। दोस्रोपटक मुलुकको प्रधानमन्त्री बन्नुभएका ओलीले पहिलोपटक प्रधानमन्त्री बन्दा सार्वजनिक गर्नुभएका कार्यक्रम तदारुकताका साथ अगाडि बढाउने र राष्ट्रियताको सवालमा देखाउनुभएको अडानलाई निरन्तरता दिनु जरुरी छ।

घर-घरमा ग्यास पाइप, मेट्रो रेल, चीनसँग रेलमार्ग, पानीजहाज एवं बन्दरगाह, भारतसँग मित्रवत् सम्बन्धलगायतका ओलीका प्राथमिकता हुन्। आफ्नो कार्यकालमा प्रधानमन्त्री ओलीले यी प्राथमिकता शुरू वा पूरा गर्न सकेको खण्डमा उनको राजनेताको छवि कायम रहनेछ। र, उनका यी प्राथमिकताहरूमा खिसिटिउरी गर्नेहरू पनि लत्रिनेछन्।

केपी शर्मा ओली पहिलोपटक प्रधानमन्त्री बन्दा जे-जस्ता योजनाहरू अगाडि सारे, त्यो असम्भव र काल्पनिक पक्कै थिएन। नेपालको सन्दर्भमा ती योजनाहरू पूरा गर्न सकिने खालकै थियो। तर त्यसको लागि समस्या एउटै मात्र थियो कि कर्मचारीतन्त्रबाट योजना कार्यान्वयनमा साथ र सहयोग हुन्छ कि हुँदैन भन्ने। ओलीले अगाडि सारेका योजनाहरू त्यसपछिका प्रधानमन्त्रीले पूरा गर्न कुनै तदारुकता देखाएनन्। जसको कारण ती योजनाहरूलाई कार्यान्वयनको चरणमा लाने जिम्मेवारी फेरि ओलीकै काँधमा आएको छ। विगतमा जति पनि प्रधानमन्त्री भए ती सबै प्रधानमन्त्रीको दिनगन्ती भोलिपल्टबाटै हुने गरेको थियो। तर अब परिस्थिति त्यस्तो छैन। अबको पाँच वर्ष वाम गठबन्धनको सरकार रहने लगभग पक्का छ। अहिले वाम गठबन्धनको सहमतिअनुसार ओली तीन वर्षको लागि प्रधानमन्त्री बन्ने उल्लेख छ र बाँकी दुई वर्ष पुष्पकमल दहाल प्रधानमन्त्री बन्दा पनि एमालेका अध्यक्षको योजनालाई निरन्तरता दिनु दाहालको लागि समेत बाध्यकारी हुनेछ। त्यसैले पनि यसपटक ओलीका योजना र सपना पूरा हुने कुरामा धेरै आशंका गर्नु उचित छैन।

घर-घरमा ग्यास पाइप, मेट्रो रेल, चीनसँग रेलमार्ग, पानीजहाज एवं बन्दरगाह, भारतसँग मित्रवत् सम्बन्धलगायतका ओलीका प्राथामिकता हुन्। आफ्नो कार्यकालमा प्रधानमन्त्री ओलीले यी प्राथमिकता शुरु वा पूरा गर्न सकेको खण्डमा उनको राजनेताको छवि कायम रहनेछ। र, उनका यी प्राथमिकताहरुमा खिसिटिउरी गर्नेहरु पनि लत्रिनेछन्।

मुलुकमा स्थिर सरकार भएपछि कर्मचारीतन्त्रबाट पनि असहयोगको खासै गुन्जायस रहँदैन। कर्मचारी भनेको मुलुकको स्थायी सरकार हो। राजनीतिक नेतृत्वले अगाडि सारेको कार्ययोजनालाई कर्मचारीले कार्यान्वयन गर्ने हो। मुलुकको विकास र समृद्धिको लागि राजनीतिज्ञहरू राजनीतिभन्दा माथि उठ्नुपर्ने हुन्छ भने कर्मचारीले पनि आस्था र विचारको आधारमा भन्दा मुलुकको विकास र समृद्धिको स्वार्थमा काम गर्नुपर्छ। विगतमा कर्मचारीहरू राजनीतिबाट निर्देशित हुने खराब परम्परा बनेकोले अस्थिर सरकारले अगाडि सारेका कतिपय राम्रा कामहरू पनि कार्यान्वयन नहुने र कतिपय मुलुकको समृद्धिमा दीर्घकालीनरुपमा नकारात्मक असर गर्ने योजना पनि तत्काल कार्यान्वयनमा जाने विडम्बनापूर्ण अवस्था बनेको देखिन्छ। अबको स्थायी सरकारको कार्यकालमा त्यो अवस्था पक्कै रहँदैन। अबको अवस्था भनेको सरकारले कर्मचारीको भरमा मुलुकको विकास र समृद्धिको योजना अगाडि सार्ने र कर्मचारीले पनि आश र त्रासको साथ सरकारले अगाडि सारेका राम्रा योजनाहरू कार्यान्वयनमा सहयोग गर्ने नै हो।

केपी ओली मुलुकको पाका राजनेता हुन्। सानो उमेरदेखि राजनीतिमा लागेका ओलीले सबै खाले आरोहअवरोह पार गर्दै राजनीतिलाई मुलुकको हितको लागि निरन्तर अगाडि बढाइरहेका छन्। अन्तर्राष्ट्रिय अवस्था, छिमेकी मुलुकको नीति, वैदेशिक कूटनीतिक सम्बन्ध र मुलुकको वस्तुस्थितिलाई राम्रोसँग विश्लेषण तथा समायोजन गर्न सक्ने खूबी भएका ओलीले समृद्धिको योजनालाई वस्तुगत ढङ्गले अगाडि बढाउने र त्यसमा कर्मचारीतन्त्रको समेत साथ र सहयोग पाउने कुरामा आशंका गरिरहनुपर्छ जस्तो लाग्दैन। त्यसैले ओलीले समृद्धिको यात्रामा सन्तुलित नीति अवलम्बन गर्नु जरुरी छ।

त्यसो त अहिले संविधानले नै संघीय सरकारको संरचनात्मक संख्या निर्धारण गरिदिएको छ। त्यसैले विगतमा जस्तो जम्बो मन्त्रिमण्डल बनाउने सम्भावना रहँदैन। तर वर्तमान सरकारले सकेसम्म तोकिएको संख्याभन्दा कम मन्त्री नियुक्त गर्दा सुधारको लागि एउटा सकारात्मक पहल हुनसक्छ। मुलुक संघीय संरचनामा गएको अवस्थामा सातवटा प्रदेश सरकारलाई बजेट व्यवस्थापन गर्ने चुनौती मात्र हैन शेरबहादुर देउवा सरकारले तहसनहस बनाएको मुलुकको अर्थतन्त्रलाई ठकि ठाँउमा ल्याउने चुनौतीसमेत ओली सरकारका सामु रहेको छ। त्यसैले पनि यो सरकारले हरेक कुरामा मितव्ययिता अपनाउनुपर्ने अवस्था देखिन्छ।

मुलुकलाई विकास र समृद्धिको मार्गमा अगाडि बढाउन ओली सरकारले योजनाबद्ध ढङ्गले विकासका कार्यक्रम अगाडि बढाउनु जरुरी छ। जसको लागि संघीय सरकारले गर्नुपर्ने काम र प्रदेश सरकारले गर्नुपर्ने कामको निर्धारण हुनुपर्छ। संघीय सरकारले राजधानी काठमाडौंको व्यवस्थापनलाई पहिलो प्राथमिकतामा राखेर काम थालनी गर्दा मुलुकभरि त्यसको सकारात्मक सन्देश जानेछ। त्यसैले काठमाडौंको यातायात व्यवस्थापन, सडक व्यवस्थापन, खानेपानी र ढलको व्यवस्थापन, घरहरूको व्यवस्थापन, सार्वजनिक पार्क र मठमन्दिरहरूको व्यवस्थापनलाई द्रुततर गतिमा अगाडि बढाउनु जरुरी छ। त्योसँगै हरेक प्रदेशको राजधानीलाई व्यवस्थित शहरको रुपमा विकास गर्न आधारभूत कुराहरूतर्फ ध्यान पुऱ्याउनु जरुरी छ।

मुलुकको विकासको मुख्य आधार भनेको कृषि, पर्यटन र जलस्रोत नै हो। त्यसैले वर्तमान सरकारले कृषि उत्पादनमा वृद्धि गर्न कृषकलाई प्रोत्साहन गर्ने कार्यक्रमहरू ल्याउनुपर्छ। कृषि औजारको उपलब्धता र औजार खरिदमा अनुदान, बीउ बिजनको लागि अनुदान, कृषकहरूलाई निश्चित उमेरपछि जीवन निर्वाह भत्ता, कृषि उत्पादनमा वृद्धि गर्न जमिनको समुचित व्यवस्थापन, उर्वर जमिनमा अनियन्त्रित ढङ्गले बन्ने घरमा नियन्त्रण, अर्ग्यानिक अभियान, सिंचाइको व्यवस्थालगायतका योजना ल्याउनु जरुरी रहेको छ।

त्यसै गरी पर्यटन विकासको लागि पुरातात्विक महत्वको मठमन्दिरको संरक्षण र पुनर्निमाण, नयाँ पर्यटकीय गन्तव्यको पहिचान र विकास, ग्रामीण पर्यटकीय क्षेत्रमा सडक, बिजुली, सञ्चार, आवास निर्माण तथा कतिपय पर्यटकीय केन्द्रमा पदमार्ग निर्माण तथा मर्मत सरकारको प्राथमिकतामा रहनुपर्छ। नेपालमा धेरै पर्यटकीय केन्द्रहरू रहेका छन्। ती केन्द्रहरूमा बर्सेनि ठूलो संख्यामा स्वदेशी तथा विदेशी पर्यटकहरू पुग्ने गरेका छन् तर त्यसबाट सरकारले आर्थिक लाभ भने लिन सकिरहेको छैन। न स्थानियले नै जीवन परिवर्तनको लागि त्यस्तो पर्यटकीय केन्द्रको उपयोग गर्न सकिरहेका छन्। त्यसैले वर्तमान सरकारले नेपालमा रहेका मुख्य-मुख्य पर्यटकीय केन्द्रको व्यवस्थापन र त्यसबाट आर्थिक उपार्जन गर्न सम्बन्धित प्रदेश, जिल्ला र नगर वा गाँउपालिकासँग समन्वय गरी भौतिक तथा मानवीय विकासका कार्यक्रम गर्नु जरुरी छ।

नेपालमा जलस्रोतको ठूलो भण्डार रहेको छ। हामीले त्यसको प्रयोग गरेर आर्थिक उपार्जन गर्न सकिरहेका छैनौं। त्यसैले मुलुकको जलस्रोतको सम्भावनालाई हेरेर त्यसको प्रयोग कसरी र कुन कुरामा गर्न सकिन्छ भनेर प्राथमिकीकरण हुनुपर्छ। नेपालमा रहेको जलस्रोतको भण्डारबाट विद्युत् उत्पादन गर्न केही समस्याहरू देखिएका छन्। पहिलो सडकको पहुँच, दोस्रो प्रविधिको उपलब्धता र तेस्रो उत्पादित बिजुलीको बजार हाम्रा समस्याहरू हुन्। त्यसैले सरकारले विद्युत् उत्पादनको योजनासँगै त्यसको बजार विस्तारको लागि छिमेकी भारत र चीनसँगै भूटान, बंगलादेश कहाँसम्म पुग्न सकिन्छ, त्यसको खोजी गर्नु जरुरी हुन्छ। हामी अहिले हरेक कुरामा भारतसँग परनिर्भर छौं। यो कुराको अन्त्य गर्दै हाम्रो पहुँच अन्य मुलुकसँग समेत विस्तार गर्नुपर्छ। यो कुरा विद्युत् उत्पादनको लागि प्रमुख हो।

**भूकम्पपछिको पुनर्निर्माण**

२०७२ सालको विनाशकारी भूकम्पले देशको १४ जिल्ला नराम्रोसँग प्रभावित भएका छन्। भूकम्प गएको तीन वर्ष बित्नलाग्दासमेत धेरै भूकम्पपीडित टहरामै बसिरहेका छन्। यसको एउटै कारण भनेको आर्थिक समस्या नै हो। त्यसैले ओली सरकारले भूकम्पपीडितलाई दिने अनुदान रकम सहज ढङ्गले उपलब्ध गराउने र थप अनुदानको लागि आर्थिक व्यवस्थापन गर्ने दायित्व रहन्छ। सरकारले उपलब्ध गराएको तीन लाख अनुदान रकम लिने प्रक्रिया झन्झटिलो भएकाले कतिपय भूकम्पपीडितले पहिलो किस्ता ५० हजार लिएर घर नबनाई बस्नुपर्ने अवस्था रहेको छ। यो विषयमा सरकारले गम्भीर अध्ययन र विश्लेषण गरेर सहज प्रक्रिया निर्माण गर्नु अत्यन्त जरुरी हुन्छ।

त्यसै गरी आर्थिक अभाव र जमिनको समस्याका कारण धेरै भूकम्पपीडितहरू जोखिम स्थानमा घर बनाएर बस्न बाध्य छन्। अनि कतिपय भूकम्पपीडित जोखिम घरलाई विनाप्राविधिक जाँच मर्मत गरेर बसिरहेका छन्। यो कुरामा पनि केन्द्रीय सरकारले प्रदेश सरकार तथा स्थानयि सरकारमार्फत अध्ययन शुरू गर्नु जरुरी छ। त्यस्तै भूकम्प प्रभावित जिल्लाको पुनर्निर्माणमा एकीकृत बस्ती निर्माणको अवधारणाअनुसार अगाडि बढ्न सरकारले निर्देशनात्मक नीति र थप आर्थिक सहयोगको तत्काल घोषणा गर्नु जरुरी देखिन्छ।

**सामाजिक सुरक्षा कार्यक्रम**

अहिले सरकारले सामाजिक सुरक्षा कार्यक्रममार्फत भत्ता, अनुदान सहयोग, विशेष प्राथमिकतालगायतका कार्यक्रम अगाडि बढाइरहेको छ। तर यो मात्र दीर्घकालीन समाधान हैन। सामाजिक सुरक्षा कार्यक्रमअन्तर्गत सरकारले रोजगारीको व्यवस्था, वृद्धाश्रम निर्माण, स्वास्थ्य उपचारमा सहुलियत, निश्चित ठाउँमा पार्क, प्रतीक्षालय, स्वास्थ्य केन्द्र, शौचालय, विश्राम गृहलगायतको व्यवस्था गरिदिनुपर्छ।

वर्तमान ओली सरकारले जनतालाई केन्द्रविन्दुमा राखेर नेपालको वस्तुस्थितिअनुसार कार्यक्रम ल्याउने र त्यसको कार्यान्वयनको लागि स्थायी सरकार (कर्मचारीतन्त्र) लाई पूर्ण अधिकारसहित काम गर्ने वातावरण निर्माण गरिदिने हो भने कर्मचारीहरू नीतिबाट निर्देशित हुन्छन् र मुलुकले विकास र समृद्धिको मार्गमा फड्को मार्न सक्नेछ।

## पाठक पत्र

### वैदेशिक रोजगार चिन्ताको विषय

नेपालबाट वैदेशिक रोजगारमा जानेको संख्या दिनप्रतिदिन बढ्दो क्रममा छ। रोजगारीका लागि विभिन्न गन्तव्य मुलुकमा कानुनी र गैरकानुनी हैसियतमा रहेका कामदारमध्ये दैनिक औसत ३ जनाले ज्यान गुमाउनुपर्ने डरलाग्दो अवस्था पनि छ। हरेक वर्ष वैदेशिक रोजगारीलाई व्यवस्थित बनाउने विषयमा चर्का भाषण गरिए पनि पीडित हुने कामदारको संख्या तीव्र रूपले वृद्धि भइरहँदासमेत अहिले सबै कानमा तेल हालेर बसेका छन्।

हरेक वर्ष २ हजारभन्दा बढी पीडितले वैदेशिक रोजगार प्रवर्द्धन बोर्डमा उजुरी गर्ने गरेका छन्। वैदेशिक रोजगारीमा जानुअघि नै ठगीमा परेका, मेनपावर तथा एजेन्टबाट ठगिएका पीडितहरूको समस्या सम्बोधन हुन सकिरहेको छैन। उजुरीमा धमिरो लाग्ने गरेको अर्को तीतो सत्य हामीसँग छ। अन्तर्राष्ट्रिय आप्रवासन दिवसको अवसरमा हालै मात्र सरकारी तथा गैरसरकारी संस्थाहरूले वैदेशिक रोजगारीलाई सुरक्षित, मर्यादित र व्यवस्थित गर्नुपर्नेमा चर्का-चर्का भाषण गरेर गएका छन्। नेपालले विश्वका १०६ देशमा मेनपावरमार्फत र १६७ देशमा व्यक्तिगत तवरबाट श्रम स्वीकृति दिने बताए पनि ७ देशसँग मात्र श्रमसम्झौता गरेको छ। सरकारले अहिलेसम्म ठूलो संख्यामा कामदार जाने मलेसिया, साउदी अरेबियाजस्ता देशमा श्रम सम्झौता गर्न सकेको छैन। यसमा सरकारको कमजोरी प्रस्ट देखिएको छ।

वैदेशिक रोजगारीमा जान ७ लाख महिलाले राहदानी बनाएको देखिन्छ, जसमध्ये ३ लाख मात्रै वैध तरिकाले रोजगारी तथा अध्ययनका लागि गएको सरकारी तथ्यांक छ। राहदानी बनाएका बाँकी महिला के-कति अवैध तरिकाले विदेशमा छन् र कति नेपालमै छन् भन्ने विवरणसमेत कुनै सरकारी निकायसँग छैन। नेपालबाट सयौं युवा चुनावपछि कामको खोजीमा भारत गइरहेका छन्, यो पुरानै परम्परा बनिसकेको छ। सीपको अभावमा र सम्बन्धित देशको नीति नियमबारे जानकारी नहुँदा अंगभंग हुने, बिरामी पर्ने र बाकसमा बन्द भएर फर्किनुपर्ने नियति अझै विद्यमान छ। परिवारको उज्वल भविष्यको सपना बोकेर वैदेशिक रोजगारीमा पुगेका युवायुवती बिचल्ली भएका खबरहरू त कति सुनिन्छ त्यसको कुनै एकिन छैन। कामको खोजीमा विदेशिएकाहरू बेपत्ता हुँदा परिवारको बिचल्ली भएको छ। वैदेशिक रोजगारीका क्रममा के-कति युवायुवती बेपत्ता भए भन्ने विवरण पनि कुनै निकायसँग नहुनु दुर्भाग्य हो।

अहिले त झन् नेपाल बढी रेमिट्यान्स भित्र्याउने देशको सूचीमा पहिलो स्थानमा उक्लिएको छ। रेमिट्यान्सको प्राप्तिभन्दा मानवीय क्षति धेरै ठूलो हुन्छ। राष्ट्रिय मानवअधिकार आयोगले गन्तव्य मुलुकसँग श्रम सम्झौता गरेर मात्र कामदार पठाउन सकिए नेपाली युवाहरू विदेशमा दु:ख नपाउने सुझाव दिएको छ। वर्तमान अवस्थामा देशमा युवाहरू कुल जनसंख्याको झन्डै ४० प्रतिशत छन्। यो लगभग आधाजस्तै हो। तर पनि देशको दुर्भाग्यपूर्ण अवस्था रहेको हामीले देखेका छौं। न त राज्यले काम नै दिन सकिरहेको छ, न परदेशी जीवन बिताउनेलाई स्वदेश फर्काउने प्रयास नै गरेको छ। यसले के देखाएको छ भने, देश गरिबीको संघारमा फस्ने देखिएको छ। यसले राज्यलाई नोक्सानी हुन्छ र कालान्तरसम्म पनि एउटा स्लो पोइजनका रुपमा विकसित हुँदै जान्छ, जसको परिणाम अत्यन्तै पीडादायक हुन्छ।

२०६८ को जनगणनालाई हेर्दा हाम्रो देशमा १५ देखि ५९ वर्ष उमेर समूहका काम गर्न सक्ने मानिस झन्डै ५७ प्रतिशत छन्। तर, राज्यमा काम नपाएर खाडी मुलुकमा जानेको संख्या दिनहुँ १५ सयदेखि माथि छ। हजारौं विद्यार्थी उच्च शिक्षाको लागि विदेश जाने क्रम पनि दनानुदिन बढ्दो क्रममा छ। यसरी पढ्न र कामदारको रुपमा विदेश जाने बढ्दो क्रमले देश दुर्घटनामा फस्न सक्ने प्रस्टै देखिएको छ। राज्यमा पर्याप्त मानव संशाधन हुँदाहुँदै पनि राज्यले उपभोग गर्न सकिरहेको छैन। आफ्नै देशभित्र बसेर जीवनयापन गर्न चाहिने सीपमूलक काम दिन पनि राज्य निरीह छ। एउटा डकर्मी-सिकर्मीको कामका लागि पनि छिमेकी मलुकबाट ल्याउनुपरेको सुन्दा मन नै खिन्न हुने गरेको छ।

राज्यले जनसंख्या नीति २०७१ जारी गरे पनि यसलाई कार्यान्वयन गर्न ढिलाइ गरिरहेको छ। यदि यही गतिले नेपाल अघि बढेको खण्डमा सन् २०३० सम्म बूढाबूढीहरू मात्रै भएको देशका रुपमा नेपालको नाम दर्ज हुने सम्भावना छ, जसलाई व्यवस्थापन गर्न राज्यलाई निकै चुनौती खेप्नुपर्ने देखिएको छ।

यो क्रमलाई रोक्न राज्य निरीह छ। राज्यले यो देखेर पनि नदेखेझैँ गरी बसेको छ। यस्तो लाग्छ कि राज्यको कुनै उत्तरदायित्व नै छैन। वैदेशिक रोजगारका विषयमा अब बन्ने नयाँ सरकारले तत्काल काम गर्नु जरुरी रहेको छ। वाम गठबन्धनको अबको सरकारबाट युवा र बेरोजगारले गरेको अपेक्षा पनि यही हो।

*– राजकुमार विक, काठमाडौं*

### कृषिमा आधुनिकीकरण

नेपाल कृषिप्रधान देश हो। यो देशमा धेरैको घर धान्ने पेसा कृषि हो। हुन त कतिपयले व्यावसायिकरुपमा कृषि पेसालाई नअंगालेका होइनन् तर सरकार भने सधैँ कृषिको आयातमा अग्रपंक्तिमा उभिएको छ। आफ्नै बारीमा फलाएर आफ्नै जनतालाई पुऱ्याउन सक्ने हुत्ती सरकारमा देखिएन। यसले गर्दा हामी किसान सधैँ मर्कामा पर्ने गरेका छौं। यो विषयमा कृषि मन्त्रालय र विभागले मात्रै ध्यान दिएर भएन, सरकार नै यस विषयमा गम्भीर हुनुपर्ने देखिएको छ। सरकारले कृषितर्फ अरूभन्दा थोरै बजेट छुट्याउने गरेको छ। यो कुरा कृषि मन्त्रालयका अधिकारीहरू पनि स्वीकार्छन्। यसरी थोरै बजेटमा कृषि क्रान्तिको सपना देखेर कहाँ हुन्छ?

नेपालका अधिकांश कृषकहरूले अझै पनि सजिलै मल पाउन सकेका छैनन्। अझैसम्म पनि किसानहरूले आधुनिक कृषि उपकरणहरू पनि देखेका छैनन्। साथै किसानले समयमा मल र रासायनिक औषधिहरू समयमा नपाउँदा कीराले बाली नष्ट गरेका समाचारहरू हामीले नसुनेको दिन छैन। नेपालमा कृषिमा क्रान्ति गर्नको लागि बजेटको सही सदुपयोग गर्न जरुरी छ। त्यति मात्र नभई परम्परागतरुपमा गरिएको खेती-किसानीलाई व्यावसायिक बनाउने खालका कार्यक्रम अब आउन जरुरी देखिन्छ। अब आधुनिक खेतीमा ध्यान दिनु जरुरी छ।

*– पुर्नाबहादुर मगर, पर्वत*

## सामाजिक सञ्जाल



सन्तुलित कुटनीति अप( नाएर दुवै छिमेकीलाई विश्वासमा लिई अघि बढ्नु नै वर्तमान प्रम ओलीको वैदेशिक नीति हुनुपर्छ। अहिलेको विश्वमा एउटाको कार्ड अर्कालाई देखाएर सफल हुन सकिँदैन।

**राजु नेपाल**
@nepalbikash



देश बनाउन स्थिर सरकार एउटा सर्त होला तर पर्याप्त आधार होइन। देश बन्न त सुझबुझसहित विचार र दृष्टिकोणबाट निर्देशित सरकार चाहिने हो। विकास र समृद्धिका ठूला भाषण र सुशासनका गफले दिन होइन, वर्षहरु कटाउन सकिन्छ, तर परिणाम जे हुँदै थियो हिजोसम्म, त्यही र त्यत्ति मात्र।

**Suresh Dhakal**
@suracedhakal



पत्थरहरु कठोर भएकै कारण ईश्वरजस्ता भएका हुन्। कोमल हुनु भनेको त चुँडिनु हो, जस्तो- फूलले बैंस भन्न पाउँदैन।

**nabin pyassi**
@NabinPyassi

नेपाल विविध जातजाति र भाषाभाषीको देश रहेकोले सबैप्रति सद्भाव, न्याय र समानताको अनुभूति दिलाउन पत्रकारिता क्षेत्र समावेशी बन्नुपर्ने खाँचो पनि उहाँले औंल्याउँनुभयो।



# नेपाल

# न्यायालयलाई धुमिल नबनाउन ओलीको आग्रह

**नेपाल समाचारपत्र**

काठमाडौं

प्रधानमन्त्री केपी शर्मा ओलीले सरकारले मर्यादित न्यायपालिकाको अपेक्षा राखेको बताउनुभएको छ। नेकपा एमालेको कानुन विभागले आइतबार आयोजना गरेको बधाई तथा शुभकामना कार्यक्रमलाई सम्बोधन गर्दै प्रधानमन्त्री ओलीले सो कुरा बताउनुभएको हो।

प्रधानमन्त्री ओलीले न्यायपालिकाका विषयमा सडकबाटै यति धेरै विरोध हुने कुरालाई सामान्यरूपमा लिन नहुने बताउँदै भन्नुभयो- 'न्याय दिने मान्छेले आफ्नो अगाडि के छ भनेर थाहा नपाओस् भनेर नै आँखामा पट्टी बाँधेर तराजु समाएको संकेत प्रयोग गरिएको हो, तर आँखामा पट्टी हैन पावर थपेर हेर्ने अवस्था बन्दा न्याय धुमिल हुन्छ।'

प्रधानमन्त्री ओलीले देश राजनीतिक संघर्षबाट विकास र समृद्धितर्फ अगाडि बढेको बताउनुभएको छ। प्रधानमन्त्री ओलीले देशले सुदृढ र स्थायित्वसहितको सरकार पाएकाले अब लोकतान्त्रिक र शान्तिपूर्ण ढंगले अगाडि बढ्न सकिने बताउनुभयो। केही आग्रही बुद्धिजीवीहरूले संलग्नतालाई महत्त्व दिएर सत्यलाई ओझेल पारेको प्रधानमन्त्री ओलीको भनाइ थियो।

## संसदीय दलको नेतामा प्रचण्ड

काठमाडौं (नेस)

नेकपा माओवादी केन्द्र संसदीय दलको नेता पार्टी अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड' हुनुभएको छ। आइतबार सिंहदरबारमा बसेको संसदीय दलको बैठकले पार्टी अध्यक्ष प्रचण्डलाई दलको नेता चयन गरेको हो। बैठकमा प्रचण्डले समानुपातिक सांसद बनेकाहरूलाई प्रमाणपत्र पनि वितरण गर्नुभएको थियो। बैठकमा प्रचण्डले एमालेसँगको एकता प्रक्रियाबारे जानकारीसमेत गराउनुभएको थियो। सांसद श्यामकुमार श्रेष्ठका अनुसार प्रचण्डले एमालेसँग एकताको कोसिस भइरहेको र छिट्टै एकता हुने बताउनुभयो।

# भाटभाटेनी सुपरमार्केटमा महानगरको अनुगमन

ललितपुर, (नेस)

पाटनस्थित कृष्णगल्लीमा रहेको भाटभाटेनी सुपरमार्केटमा ललितपुर महानगरपालिकाले अनुगमन गरेको छ। महानगरको आर्थिक विकास समितिको टोलीले आइतबार सुपरमार्केटमा अनुगमन गरेको हो।

सुपरमार्केट र सुपरमार्केटले त्यही हाताभित्र बहालमा दिएका अन्य पसलहरूले महानगरबाट स्वीकृति लिए नलिएको, कर तिरे नतिरेको विषयमा अनुगमन गरेको महानगरले जनाएको छ।

स्थापनाकालदेखि महानगरलाई सुपरमार्केटले कर नतिरेको महानगरको भनाइ छ। उक्त सुपरमार्केटले घर जग्गा कर, बहालकर, व्यवसाय कर सफाई कर, सवारी करलगायत नतिरेको बताइन्छ।

करिब १ करोड रुपियाँको हाराहारीमा सुपरमार्केटले महानगरलाई कर दिनुपर्ने समितिका संयोजक रवीन्द्र महर्जनले बताउनुभयो। उक्त टोलीले सुपरमार्केट र हाताभित्र सुपर मार्केटले बहालमा दिएका २१ पसलमा अनुगमन गऱ्यो।

अनुगमनमा सुपरमार्केटसहित २१ वटै पसलले महानगरसँग कुनै स्वीकृति नलिएको, व्यवसाय दर्ता नगरेको पाइएको थियो। उक्त अनुगमन टोलीले कर तिर्न आह्वान गर्दै पत्र काट्ने र पत्र काटेको ३५ दिनभित्र कर बुझाउन भनेको छ।

महानगरपालिकाको कार्यालयले कर वर्ष २०७४ मनाइरहँदा कर नतिरेका कम्पनीहरूमा अनुगमन गर्दै कर तिर्न सूचित गरिरहेको जनाएको छ। यसै अवसरमा महानगरले चालू आवको मालपोत, घरजग्गा र व्यवसाय करमा १० प्रतिशत समेत छुटको व्यवस्था गरेको छ।

अनुगमन टोलीमा संयोजक महर्जन, महानगरकै राजश्व शाखा प्रमुख दिल्लीराज शाक्य, कार्यपालिका सदस्य संगीता अछामी, वडा ३ का अध्यक्ष श्रीगोपाल महर्जन, वडा ६ का अध्यक्ष हिटलर शाक्य, वडा २८ का अध्यक्ष राजेश महर्जन र नगर प्रहरीसमेत हुनुहुन्थ्यो।

# 'भाषा, संस्कृति र परम्परा जगेर्ना गर्न संस्कृतिविद् जोशी

**नेपाल समाचारपत्र**

ललितपुर



वाङ्मय शताब्दी पुरुष एवं वरिष्ठ संस्कृतिविद् सत्यमोहन जोशीले लोपोन्मुख संस्कृति, भाषा र परम्परा जगेर्ना गर्न सञ्चारमाध्यमले प्रभावकारी भूमिका निर्वाह गर्नुपर्नेमा जोड दिनुभएको छ।

नेवाः पत्रकार राष्ट्रिय दबूले आयोजना गरेको मिडिया फेस्टिभलको समापन समारोहमा बोल्दै उहाँले सो कुरामा जोड दिनुभएको हो। गत पुस २२ गते शनिबार आयोजित मिडिया फेस्टिभलमा सहयोग पुऱ्याउने विभिन्न संघसस्था र व्यक्तिहरूलाई कदरपत्र प्रदान गर्न जोशीको निवास बखुम्बहालमा सो समारोह आयोजना गरिएको थियो।

सो अवसरमा वरिष्ठ संस्कृतिविद् जोशीले नेपालका विविध भाषाभाषी, जातजातिका संस्कृति र मौलिक परम्परा नेपालको मुख्य सम्पत्ति रहेको बताउँदै त्यसको जर्गेना, सम्बर्द्धन र संरक्षण गर्न सञ्चारमाध्यमको महत्त्वपूर्ण भूमिका रहेको धारणा राख्नुभयो। समावेशी सञ्चारको अर्थ, महत्त्व बोध गराउन फेस्टिभल सशक्त माध्यम बनेको पनि उहाँको भनाइ रहेको छ। नेपाल विविध जातजाति र भाषाभाषीको देश रहेकोले सबैप्रति सद्भाव, न्याय र समानताको अनुभूति दिलाउन पत्रकारिता क्षेत्र समावेशी बन्नुपर्ने खाँचो पनि उहाँले औंल्याउँनुभयो।

सो अवसरमा पत्रकार दबूका केन्द्रीय अध्यक्ष श्रीकृष्ण महर्जनले प्रेस स्वतन्त्रतालाई अकुण्ठित र उच्चतम अभ्यासका लागि पत्रकारिता क्षेत्र समावेशी हुनुपर्ने सन्देश प्रवाह गर्न गरिएको मिडिया फेस्टिभल सबैको साथ, सहयोग रहेकामा सराहना गर्नुभयो। सो अवसरमा मिडिया फेस्टिभलका संयोजक सुरेन्द्रभक्त श्रेष्ठ, सहसंयोजक राजेश बज्राचार्यलगायतले समावेशी सञ्चारको महत्त्वलाई लिएर आ-आफ्नो धारणा राख्नुभएको थियो। यसअघि समारोहमा मिडिया फेस्टिभल सफल पार्न आ-आफ्नो स्थानबाट भूमिका निर्वाह गर्ने सबैलाई वरिष्ठ संस्कृतिविद् जोशीले कदरपत्र, पत्रकार दबूका सल्लाहकार एवं वरिष्ठ चलचित्र पत्रकार विजयरत्न असबरेले मायाको चिनो र पत्रकार दबूका केन्द्रीय अध्यक्ष श्रीकृष्ण महर्जनले खादा ओढाई सम्मान गर्नुभएको थियो।

# प्रहरीको स्वास्थ्य जाँच



काठमाडौं, (नेस)

समझदारी मार्ग ज्ञानतीर्थ अर्बुद रोग निवारण संस्था काठमाडौं शाखाको समन्वयमा प्रहरीहरूका लागि स्वास्थ्य परीक्षण गरिएको छ।

प्रहरी वृत्त परिसर कालीमाटीमा कार्यरत प्रहरीहरूको स्वास्थ्य चेकजाँच गरिएको हो। कार्यक्रम ज्ञानतीर्थ टोल सुधार समितिका अध्यक्ष विनोद ढुंगेलको अध्यक्षता एवम् प्रहरी अतिरिक्त महानिरीक्षक जयबहादुर चन्दको प्रमुख आतिथ्यतामा भएको हो। कार्यक्रममा संस्थाका काठमाडौं शाखा सभापति अजयसिंह सुवाललगायतको उपस्थिति रहेको थियो।

दा.मि. नं. : रे.दे.१२१४०, फाँट : अभिलेख

**मोरङ जिल्ला अदालतबाट जारी भएको नरबहादुरको नाती बल बहादुर लिम्बुको छोरा जि.धनकुटा कुरुले तेनुपा गा.वि.स वार्ड नं. ६ घर भई हाल जि. काठमाण्डौं, काठमाण्डौं म.न.पा. वार्ड नं. ३५ हाल परिवर्तित वार्ड नं. ३२ पेप्सीकोला भगवती मन्दिर छेउ बस्ने उपेन्द्र बहादुर लिम्बु लावतीका नाउँको पुनरावेदन म्याद ।**

वादी राधादेवी गिरी प्रतिवादी तपाई भएको लेनदेन मुद्दामा यस अदालतबाट मिति २०७४।३।२२ मा वादी दावी पुग्ने ठहरी फैसला भएकोले सो फैसला चित्त नबुझे तपाईले यो म्याद पाए वा घरदैलोमा टाँस भएको मितिले ३५(पैंतिस) दिनभित्र उच्च अदालत विराटनगरमा पुनरावेदन गर्न जानु होला । म्याद भित्र पुनरावेदन नगरी म्याद गुजारी बसेमा मुद्दा कानुन बमोजिम हुनेछ। पछि तपाईको कुनै उजुर लाग्ने छैन।

इति सम्वत् २०७४ साल फाल्गुण ०६ गते रोज १ शुभम् ................।

## इन्नोभिस्टो ऐनालाईटीक्स प्रा.लि.को नाम परिवर्तन सम्बन्धी सूचना

यस कम्पनीको मिति २०७४/१०/०४ गते विशेष साधारण सभाको निर्णय अनुसार साविक कम्पनीको नाममा रहेको सम्पूर्ण चल-अचल श्रीसम्पत्ति, तथा तिर्नु व्यहोर्नुपर्ने कर, दायित्व आदि परिवर्तित कम्पनीले सकार्ने गरी यस कम्पनीको नाम परिवर्तन गरी **ट्रीलिफ टेक्नोलोजिज प्रा.लि.** कायम गर्न गरिएको तथा श्री कम्पनी रजिष्ट्रारको कार्यालयको मिति २०७४/१०/२४ को पत्रबाट समेत कम्पनीको नाम परिवर्तन गर्ने स्वीकृति प्रदान गरिएको हुँदा यस कम्पनीसँग सरोकार राख्ने सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएकोछ ।

## सांसद बनाउन माग गर्दै सर्वोच्चमा रिट

काठमाडौं, (नेस)

सांसद बनाउन माग गर्दै पूर्वमन्त्री प्रेमबहादुर सिंहले सर्वोच्च अदालतमा रिट दायर गर्नुभएको छ। पूर्वकानुनमन्त्रीसमेत रहनुभएका सिंह अध्यक्ष रहेको समाजवादी जनता पार्टीले माओवादी केन्द्रको चुनाव चिह्न लिएर निर्वाचनमा भाग लिएको थियो। सिंह माओवादीको समानुपातिक सांसदको बन्दसूचीमा पिछडिएको क्षेत्रतर्फ पहिलो नम्बरमा हुनुहुन्थ्यो। तर, माओवादीले समानुपातिकतर्फ १७ सिट पाएको थियो। जसमध्ये १६ महिला पठाउनुपर्ने भयो। एक मात्र पुरुष पठाउन पाउने भएपछि माओवादीले हितराज पाण्डेको नाम पठाएको थियो। आयोगले क्लस्टर नमिलेको भनेपछि अपांग कोटाको पहिलो नम्बरमा रहेका चुडामणि खड्का सांसद बन्नुभयो।

# खड्कालाई थप उपचारका लागि भारत लगियो

**नेपाल समाचारपत्र**

काठमाडौं



नेपाली कांग्रेसका नेता खुमबहादुर खड्कालाई थप उपचारका लागि भारत लगिएको छ। मृगौला र युरिक एसिडका बिरामी खड्का बिहीबारदेखि राजधानीस्थित नर्भिक अस्पतालमा उपचार गराइरहनुभएको थियो।

यहाँ सुधार आए पनि खड्कालाई भारतस्थित एपोलो अस्पतालमा लगिएको हो। उहाँले त्यस अस्पतालमा नियमित स्वास्थ्य जाँच गराइरहनु भएको थियो। केही वर्ष पहिले नेता खड्काको यही अस्पतालमा मृगौला प्रत्यारोपण गरिएको थियो। यसअघि खड्का अस्पताल भर्ना भएको थाहा पाएपछि शनिबार कांग्रेस सभापति शेरबहादुर देउवा र महामन्त्री डा. शशांक कोइरालालगायतका कांग्रेस नेताले नर्भिक अस्पताल पुगी उहाँको स्वास्थ्य अवस्थाबारे चिकित्सकसँग जानकारी लिएका थिए।

स्रोतका अनुसार स्वदेशमा कार्यकर्ताहरूको भेटघाट बढी भएकाले तथा नियमित स्वास्थ्य जाँच गर्न समय पनि भएकाले भारत लगिएको हो। कांग्रेस नेता खड्का उपचारपछि केही साता भारतमै आराम गरी बस्ने समाचार स्रोतले जानकारी दिएको छ।

**नेपाल नागरिक उड्डयन प्राधिकरण**
इलेक्ट्रोमेकानिकल विभाग
**प्रधान कार्यालय, बबरमहल, काठमाडौंको**

**बोलपत्र स्वीकृत गर्ने आशयको सूचना**

सूचना प्रकाशित मिति : २०७४/११/०७

यस विभागको लागि "Supply, Delivery, Installation, Testing and Commissioning of solar street lights works at Dhangadhi and Bharatpur Airport, Package D", Bid Notice No.: NCB-01-EMD-EE-074/75 सम्बन्धी मिति २०७४/०९/०३ गते काठमाडौं पोष्ट दैनिकमा प्रकाशित सूचना अनुसार म्याद भित्र दर्ता हुन आएका बोलपत्रहरू मूल्याङ्कन हुँदा M/S Multi Trading Pvt.Ltd., Bagbazar, Kathmandu, Nepal बाट पेश भएको मू.अ.कर बाहेक रु.४,६०७,०००।०० (अक्षरुपी छयालिस लाख सात हजार रुपैयाँ मात्र) को बोलपत्र न्यूनतम मूल्याङ्कित सारभूत रुपमा प्रभावग्राही देखिएकोले स्वीकृत भएको व्यहोरा सम्बन्धित बोलपत्रदाताहरूको जानकारीको लागि सार्वजनिक खरिद ऐन, २०६३ को नियम २७(२) मा भएको व्यवस्था बमोजिम यो सूचना प्रकाशित गरिएको छ ।

## हार्दिक समवेदना



जन्मः १९९४।०३।२१ गते

स्वर्गारोहणः २०७४।१०।२४ गते

**(स्व. लक्ष्मी श्रेष्ठ)**

यस अभनिश ट्रेड लिंक प्रा. लि.का डिपो हेड श्री विष्णु कुमार श्रेष्ठकी पुजनीय माता **लक्ष्मी श्रेष्ठ**को असामयिक स्वर्गारोहण भएको आज १३ औं दिनको पुण्यतिथिमा दिवंगत आत्माको चिरशान्तिको कामना गर्दै यस शोकको घडिमा परिवारजनमा धैर्यधारण गर्न सक्ने शक्ति प्रदान गरुन् भनी श्री पशुपतिनाथसंग प्रार्थना गर्दै हार्दिक समवेदना व्यक्त गर्दछौं।

**अभनिश ट्रेड लिंक प्रा. लि. परिवार**
कमलादी, काठमाडौं।

## सिनेमा कर्नर










**अग्नि यातायात प्रा. लि.**
दिवा सेवा काठमाडौंबाट बिहान ८ बजे पोखरा ८ बजे
रात्री सेवा काठमाडौं काँकड्भिट्टा र धरान
फो. नं. ०१-५२२५०३३
मो. नं. ९८४१५७९६९७ ( शम्भु )

**माउन्ट मकालु यातायात सेवा**
काठमाडौं-बिर्तामोड-ताप्लेजुङ
प्रस्थान दिउँसो २ बजे
केन्द्रीय कार्यालय, कलंकी
सम्पर्क फोन : ०१-५२२५१७२, ५२२५२५२, ५२२५१२३

## आजको राशि

ज्यो. चन्द्रेश शर्मा

**मेष** : आर्थिक लाभ, खाद्यान्न प्राप्ति, पारिवारिक सुख-सन्तोष।
**वृष** : सानो प्रयासले पनि काम बन्ने, हर्ष वृद्धि।
**मिथुन** : राज्यबाट लाभ, मान-प्रतिष्ठा वृद्धि, पढाइमा सफलता।
**कर्कट** : स्वास्थ्य समस्या, खर्च वृद्धि, काममा बाधा।
**सिंह** : धन लाभ, कार्य सफल, उपहारादि वस्तु प्राप्ति।
**कन्या** : आर्थिक लाभ, प्रतिस्पर्धात्मक क्षेत्रमा विजय, शत्रु हानि।
**तुला** : कार्य सिद्धि, धन प्राप्ति, पारिवारिक सुख, रोमाञ्च।
**वृश्चिक** : वायुजन्य रोगको सम्भावना, व्यर्थको दौडधुप, तनाव।
**धनु** : राम्रो आम्दानी, मान-सम्मान, अधुरा कार्य पूरा।
**मकर** : धन-सम्पत्ति प्राप्ति, रोमान्टिक यात्रा, जोश-जाँगर वृद्धि।
**कुम्भ** : मिष्ठान्न भोजन, कतैबाट स्वागत-सत्कार, हर्षविभोर।
**मीन** : आर्थिक नोक्सानी, स्वास्थ्य समस्या, वादविवाद।

# नेपाल

विद्युत् सेवा नियमित गर्न नसकिएकाले नेपाल विद्युत् प्राधिकरणसँग सो विद्युत् भाडामा लिएर चलाइरहेको निजी कम्पनी सुर्मादेवी विद्युत् प्रालि स्रोतले बताएको छ।

## प्रदेश ६ मा मन्त्रिपरिषद् विस्तार



नेपाल समाचारपत्र

वीरेन्द्रनगर

प्रदेश नम्बर ६ मा मन्त्री परिषद् विस्तार भएको छ। मुख्यमन्त्रीसहित माओवादीले ३ र एमालेले ४ वटा मन्त्रालय पाएका छन्। मन्त्रीहरूले आइतबार नै शपथ लिएका छन्।

प्रकाश ज्वाला आर्थिक मामिला, नरेश भण्डारी आन्तरिक मामिला, दल रावल सामाजिक विकास, विमला केसी, भूमिसुधार कृषि तथा सहकारी, नन्दसिंह बुढा उद्योग वन वातावरण र पर्यटन तथा खडककहादुर खत्री भौतिक पूर्वाधार विकास रहेका छन्।

प्रदेश नम्बर ६ मा नेकपा एमाले र माओवादी केन्द्रले मन्त्रीहरूको टुंगो लगाएका छन्। मुख्य मन्त्रीसहित माओवादीको भागमा ३ र एमालेको भागमा ४ वटा मन्त्रालय परेका छन्।

गठबन्धनका दल एमाले र माओवादी केन्द्रबीच मन्त्रालय भागबण्डामा सहमति भएपछि मन्त्रीहरूको पनि टुंगो लागेको हो। मुख्यमन्त्री पाएको माओवादीले आफ्नो भागमा परेका २ मन्त्रीको टुंगो लगाएको छ। यस्तै एमालेले पनि मन्त्रीहरूको टुंगो लगाएको हो।

## 'समानुपातिक विज्ञापन नीति कार्यान्वयन नहुँदासम्म न्यूनतम पारिश्रमिक दिन सक्दैनौं'

नेपाल समाचारपत्र

लमजुङ

लमजुङका मिडिया सञ्चालकहरूले समानुपातिक विज्ञापन नीति कार्यान्वयन नहुँदासम्म न्यूनतम पारिश्रमिक दिन नसक्ने बताएका छन्। बेंसीशहरमा आयोजना गरिएको श्रमजीवी पत्रकारसम्बन्धी ऐन कार्यान्वयनको अवस्था विषयक अन्तरक्रियामा सहभागी मिडिया सञ्चालकहरूले आइतबार त्यस्तो बताएका हुन्।

राज्यलाई सर्वोच्च अदालतले सरकारलाई समानुपातिक नीति लागू गर्न आदेश दिँदासमेत त्यो कार्यान्वयन नगर्ने अनि सञ्चारमाध्यलाई मात्र न्यूनतम पारिश्रमिक लागू गर्द दबाब दिन नमिल्ने भन्दै जिल्लामा रहेका विभिन्न मिडियाका सञ्चालकहरूले त्यस्तो बताएका हुन्। रेडियो लमजुङकी म्यानेजर मिना गुरुङले भन्नुभयो- 'न्यूनतम पारिश्रमिक लागू गर्न दबाब दिनुअघि सरकारले आफ्नो अनुहार हेर्नुपर्छ, समानुपातिक विज्ञापन नीति लागू नहुँदासम्म त्यो ऐन प्रभावकारी हुन सक्दैन तर पनि हामी त्यसको नजिक रहेर काम गरिरहेका छौं।'

त्यसै गरी, सूचना तथा सञ्चार सहकारी लिमिटेडमार्फत् सञ्चालित रेडियो लमजुङका अध्यक्ष राजकुमार पाण्डेले रेडियो सामुदायिक हुन् कि ? सहकारी हुन् कि? संघसंस्था के हुन्? राज्य त्यसमा प्रष्ट भई सोअनुसार काम गर्ने नीति अपनाउन आवश्यक रहेको बताउनुभयो।

यसै गरी रेडियो भोटेओडारका अध्यक्ष हरिप्रसाद अधिकारीले समाजमा सूचना प्रवाह गरेर सेवा गरिरहेका छौं, तर सरकार हामीसँग करमात्र लिन्छ तर सुविधा केही दिँदैन किन? भन्ने प्रश्न गर्नुभएको थियो।

साथै अन्तरङ्गका प्रकाशक/सम्पादक नवराज पहाडीले सरकारले मिडियाको दर्ता गर्नुअघि त्यसको लागि आवश्यक जनशक्तिका आधारमा सञ्चालन पूँजीको सुनिश्चित गरेर मात्र दर्ता गर्ने नीति अवलम्बन गर्नुका साथै समानुपातिक विज्ञापन नीतिलाई कागजमा मात्र सीमित गर्दा समस्या बल्झिएको बताउनुभयो।

सो अवसरमा कार्यक्रमको उद्देश्यमा प्रकाश पार्नुहुँदै न्यूनत्तम पारिश्रमिक निर्धारण समितिका अध्यक्ष गंगाधर पराजुलीले यो समितिले २०७२ साल असारमा दिएको सुझावअनुसार सोही वर्षको साउनदेखि सरकारले कार्यान्वयन गरेको हो। तर मिडिया हाउसमा अझै पनि समस्या देखिएको अवस्था छ। पत्रकार चुप बसेको खण्डमा मात्र हो, अन्यथा सूचना विभागबाट परिचय पत्र लिँदा वा पत्रकार महासंघको सदस्यता लिँदा यो ऐन प्रभावकारी भएको उहाँले भन्नुभयो।

कुनै पत्रकारले त्योअनुसार तलब नपाएको उजुरी गरेमा मिडिया हाउस समस्यामा पर्न सक्छन् अत: यसतर्फ सचेत हुन र ऐन कार्यान्वयमा ध्यान दिन जरुरी छ भन्नुभयो। उहाँले ऐनले तोकेको दर न्यूनतम हो, अधिकतम जति पनि दिन सक्ने बताउनुभयो। उहाँले पत्रकारहरूले मिडिया हाउसका लागि आफ्नो आवश्यक छ भन्ने बोध गराउने गरी क्षमताको विकास गर्न आवश्यक रहेको औंल्याउनुभयो। सबैले दायित्व बोध गरेमा धेरै समस्याको समाधान हुने उहाँले बताउनुभयो।

पत्रकार महासंघका जिल्ला अध्यक्ष आश गुरुङको अध्यक्षतामा भएको कार्यक्रममा उहाँले कुनै पनि मिडियामा चित्त नबुझ्ने काम नगरौं र न्यूनतम तलब दिन नसक्ने हो भने सञ्चार माध्यमका सञ्चालकले पनि मिडिया नचलाऔं भन्नुभयो। पत्रकार महासंघका जिल्ला उपाध्यक्ष कृष्णबहादुर आलेले स्वागत गर्नुभएको कार्यक्रम सञ्चालन कोषाध्यक्ष शान्ता कमलीले गर्नुभएको थियो।

## प्रदेश नम्बर ५ को उपसभामुखमा थारु निर्वाचित

### १३ सदस्यीय कार्य व्यवस्था परामर्श समिति मनोनित

यमलाल भुसाल, बुटवल

प्रदेश नम्बर ५ को उपसभामुख पदमा एमाले सांसद् कृष्णी थारु निर्वाचित हुनुभएको छ। प्रदेश नम्बर ५ को संसद्को आइतबार बसेको तेस्रो बैठकले उपसभामुख पदमा एमाले सांसद् कृष्णी थारुलाई निर्वाचित गरेको हो।

प्रदेश ५ मा शनिबार उपसभामुखको उम्मेदवारी दर्ता भएको हो। निर्धारित समयमा र नेपाली कांग्रेसकी सांसद रिना नेपाल विक र एमाले सांसद कृष्णी थारुले उम्मेदवारी दर्ता गराउनुभएको थियो। बैठकमा सभामुख पूर्णबहादुर घर्तीले २ जनाको उम्मेदवारी परेकोले मत विभाजनका आधारमा थारुको पक्षमा ६६ र विपक्षमा १९ मत परेकोले बहुमत सदस्य उपसभामुखमा थारुको पक्षमा देखिएकाले निर्वाचित भएको घोषणा गर्नुभयो। पहिलो पटकमै थारुको पक्षमा बहुमत प्राप्त भएकाले दोस्रो उम्मेदवारको बारेमा मत विभाजन गर्नुपरेको थिएन। थारुको पक्षमा एमाले, माओवादी केन्द्र, राष्ट्रिय जनमोर्चा र संघीय समाजवादी फोरमले मतदान गरेका थिए भने विपक्षमा नेपाली कांग्रेसले मतदान गरेका थिए।

संविधानमा सभामुख वा उपसभामुखमध्ये १ जना महिला हुनुपर्ने उल्लेख छ। तथा सरकार



गठनमा सहमति भएकाले एमाले र माओवादी केन्द्र मिलेर यो प्रदेशमा सभामुख र उपसभामुख तथा सरकार गठनमा सहमति भएकाले उपसभामुखमा कृष्णीको जित पक्का भएको हो।

एमाले र माओवादी केन्द्र मिलेर यो प्रदेशमा सभामुख माओवादीले लिएपछि उपसभामुख एमालेले पाएको हो।

कमैया महिलाको अधिकारका लागि करिब २ दशकदेखि अगुवाई गर्दै आएकी बर्दियाकी कृष्णी बाल्यकालदेखि नै अरुको घरमा काम गर्दै आएकी महिला हुन्। थारु विवाहपछि पनि जमिन्दारको घरमा काम गर्थिन्।

२०५७ साउन २ गते सरकारले बाधा श्रमिकमुक्त भएको घोषणा गरेसँगै उनी पनि मुक्त भएकी थिइन्। सरकारले कमैयामुक्त गर्दा मुक्त कमैयालाई पहिचान नदिएको भन्दै विभेदविरुद्ध लामो समयसम्म कमैया महिलाको पहिचानका लागि परिचयपत्र, समान ज्याला, स्वास्थ्य उपचार, बालबालिकाको निःशुल्क शिक्षालगायतका माग राख्दै निरन्तर आन्दोलनको अगुवाई गर्दै आएकी छन्। संसद्को बैठकले १३ सदस्यीय कार्य व्यवस्था परामर्श समितिमा मनोनित गरेको छ।

सभामुख, उपसभामुख र कानुनमन्त्री पदेन सदस्य रहेको समितिमा एमालेका ३ माओवादी केन्द्र र नेपाली कांग्रेसका २ र जनमोर्चा, संघीय समाजवादी फोरम र राजपाबाट १/१ जनालाई मनोनित गरिएको छ। जसमा भूमिश्वर ढकाल, भोजप्रसाद श्रेष्ठ, नारायणप्रसाद आचार्य एमाले, दधिराम न्यौपाने, र ईन्द्रजित थारु माओवादी, रमा अर्याल र वीरबहादुर राना नेका र तारा जीसी जनमोर्चा विजय यादव ससफो र राजपाबाट पछि नाम पठाउने गरी समिति मा मनोनित गरिएको छ। संसद्को अर्को बैठक आइतबार साँझ ५ बजे पुनः बस्ने सभामुख घर्तीले बताउनुभयो।

## समाचारपत्रकर्मी तिमल्सिना सम्मानित

नेपाल समाचारपत्र

काभ्रे

धुलिखेल नगरपालिकाले नगरपालिकाको ३२औं स्थापना दिवसको अवसर पारी विभिन्न क्षेत्रमा सक्रिय रहेका व्यक्तिहरूलाई मानपदवी र विभूषणबाट विभूषित गरेको छ।

नेपाल सरकार प्रदेश ३ का मुख्यमन्त्री डोरमणि पौड्याल, नगरपालिकाका प्रमुख अशोक व्याञ्जुले सम्मानित व्यक्तिहरूलाई विभूषण प्रदान गर्नुभएको थियो। नेपाल समाचारपत्रकर्मी, नेपाल पत्रकार महासंघ काभ्रे शाखाका अध्यक्ष मोतिराम तिमल्सिनालाई उत्कृष्ट सञ्चारकर्मीको रूपमा जनसेवा 'ख' पुरस्कारबाट सम्मान गरिएको छ।

त्यस्तै नगरको सबैभन्दा ठूलो पुरस्कार जीवनोपलब्धि सम्मान (लाइफटाइम एचिभमेन्ट अवार्ड) बाट पूर्वनगरप्रमुख बेलप्रसाद श्रेष्ठ धुलिखेल रत्नबाट सम्मानित भएका छन्। धुलिखेल नक्षत्र 'क' बाट वरिष्ठ हाँस्य कलाकार हरिवंश आचार्य र वरिष्ठ समाजसेवी दुर्गाप्रसाद शास्त्रीलाई मरणोपरान्त सम्मानपत्र विकासमा सहयोगी जर्मन राजदूतावास, विकास साझेदारको तर्फबाट नगर विकास कोष नयाँबनेश्वर काठमाडौं,



प्रदान गरिएको छ। धुलिखेल नक्षत्र 'ख' बाट पूर्वजनप्रतिनिधि पूर्णबहादुर कर्माचार्यलाई सम्मान गरिएको छ।

त्यस्तै समाज सेवा 'क' बाट पूर्वाधार वरिष्ठ सहित्यकार पंकज चित्रकार धुलिखेल वडा नं ७, कृषि वैज्ञानिक डा. त्रिलोक्यनाथ श्रेष्ठ, धुनपा-६ सम्मानित भएका छन्।

## ८६ करोड खर्चेर मर्मत गरेको बिजुली काम लागेन

### अँध्याराको मारमा बझाङवासी, दैनिक २१ घण्टा लोडसेडिङ

ललित सिंह, बझाङ

विदेशी दाताको सहयोगमा झण्डै ८६ करोडको लागतमा मर्मत कार्य गरिएको बझाङको डोगडीस्थित सुर्मादेवी साना जलविद्युत् आयोजना मर्मत कार्य सम्पन्न भएको दुई वर्ष नबित्दै काम नलाग्ने भएको छ।

यति ठूलो रकम लगानी गरेर २ सय किलोवाट क्षमताको उक्त विद्युत् मर्मत गरिएको थियो। नेपाल विद्युत् प्राधिकरणले आफैंले निर्माण गर्ने हो भने यति नै रकममा ५ किलोवाटभन्दा बढी क्षमताको नयाँ आयोजना निर्माण गर्न सकिने स्वयं प्राधिकरण अधिकारीहरू बताउँछन्।

बझाङ जिल्लाको सदरमुकाम र आसपास क्षेत्रका बासिन्दाका लागि २०४९ सालमा जापान सरकारको सहयोगमा निर्माण गरिएको सुर्मादेवी साना जलविद्युत् आयोजनाको मर्मत कार्य पनि जापान सरकारको अनुदान सहयोगमा नै भएको हो।

गत सन् २०१६ सेप्टेम्बर महिनामा काम सम्पन्न गरेको प्रमाणपत्र पाइसकेको जापानी निर्माण कम्पनी मारुसिनसिताकाले मर्मत गरेको केही महिना नबित्दै विद्युत् सेवा पटक-पटक अवरुद्ध हुन थालेको छ। तोकिएको सबै काम सम्पन्न नगरी बीचैमा काम



छोडेका कारण विद्युत् सेवा नियमित गर्न नसकिएकाले नेपाल विद्युत् प्राधिकरणसँग सो विद्युत् भाडामा लिएर चलाइरहेको निजी कम्पनी सुर्मादेवी विद्युत् प्रालि स्रोतले बताएको छ।

स्रोतका अनुसार मर्मत कार्यको डिजाइनमा नै त्रुटि रहेकोले बाँधबाट इन्टेकमा पानी पठाउने ठाउँमा राखिएको फोहोर छान्नेमा फोहोर अड्किएर पानी प्रवाहमा नै समस्या हुँदा विद्युत् नियमित हुन नसकेको हो। बाँधबाट इन्टेकसम्म पानी लैजाने नहर पनि विभिन्न ठाउँमा चुहिने गरेको र पानी जम्मा गर्ने इन्टेक पनि मर्मत नगरी छोडेका कारण चुहिएकाले नियमित विद्युत् उत्पादन हुन नसकेको बताइएको छ।

निर्माण सम्पन्न भएको २ महिनाजति दैनिक ८ घण्टा लोडसेडिङ हुने गरेको यहाँको विद्युत् अहिले दैनिक २१ घण्टासम्म लोडसेडिङ्ग हुने गरेको छ। विद्युत् अनियमित हुँदा यहाँको सरकारी कार्यालयको काम, बन्द व्यापार र उद्योग व्यवसायमा प्रभावित भइरहेको र यसको छिटो समाधान गर्नका लागि प्रशासनको तर्फबाट पहल चालिरहेको प्रमुख जिल्ला अधिकारी धमानन्द जोशीले बताएका छन्। 'यत्रो रकम लगानी गरेर मर्मत गरेको विद्युत् केही महिनाभित्रै काम नलाग्ने हुनु दुःखको कुरा हो', जोशीले भने- 'विद्युत् प्राधिकरण र निर्माण कम्पनीलाई यो विषयको जानकारी गराइरहेका छौं।'

निर्माण कार्यमा भएका त्रुटिहरूलाई सच्याउने विषयमा पनि प्राधिकरणले निर्णय गरेर परामर्शदाती निकाय जापान सहयोग नियोग र निर्माण कम्पनी दुवैलाई जानकारी दिइसकेको सुर्मादेवी विद्युत् प्रालिका प्राविधिक सुरेन्द्र सिंहले भने- 'योजनाको डिजाइन स्टेमेट र निमार्ण कार्य सबै जापान सरकारले नै गरेको हुनाले कुनै त्रुटि भएमा सच्याउने जिम्मा पनि जापान सरकारकै हुन्छ।

यसको लागि प्राधिकरणले पहल गरिरहेको छ।' ठूलो रकममा सानो आयोजनाको मर्मत स्वीकार्न प्राधिकरणलाई बाध्यता रहेको र अनुदान दिने दाताहरूको आफ्नो देशका मानिसहरूलाई रोजगारी दिने मनसाय हुने भएकोले मर्मतको खर्च अचाक्ली बढी भएको उनको भनाइ छ।

विद्युत् क्षेत्रका जानकारहरूले भने वर्षात्को समयमा खोलामा बाढी आउने र बाढीले बगाएर ल्याएका ढुङ्गा र काठपातहरू छान्नेमा अड्किएर केही वर्षभित्रै आयोजना कामै नलाग्ने हुने बताउँछन्। सुर्मादेवी विद्युत् प्रालिका एक कर्मचारीले भने- 'आयोजनालाई दिगो रूपले सञ्चालन गर्नेभन्दा पनि टालटुल गरेर टार्ने काम भएको छ। चुहिने नहर मर्मत भएको छैन। छान्नेमा जतिबेला पनि फोहोर अड्किने सम्भावना छ। प्राधिकरणसँग पनि गोताखोर स्टयान्टबाई राख्न सक्ने क्षमता छैन। समग्रमा भन्दा यो आयोजना यही आर्थिक वर्षसम्म पूर्णरूपमा काम नलाग्ने हुन्छ।'

आयोजनाले सुविधा दिनेभन्दा पनि केही नेता, कर्मचारी र दाताहरूको स्वार्थ पूर्ति गर्नका लागि बनाइएको भन्दै विभिन्न निकायको ध्यानाकर्षण गराउनुपर्ने देखिन्छ। बत्ती आएको छ या छैन भनेर टर्च जलाएर बिजुली खोज्नुपर्ने बाध्यता रहेको छ। मोबाइल चार्ज लगाएपछि उल्टै मोबाइलमा भएको चार्ज पनि सकिने हुँदा बझाङी जनता अझै विद्युत्मुनिको अँध्यारोमा बस्न बाध्य छन्।

## हेटौंडाको राजधानी अन्यत्र सर्दैन : *मुख्यमन्त्री पौडेल*

हेटौंडा, (नेस)

व्यापक चर्चा चले पनि ३ नम्बर प्रदेशको राजधानी हेटौंडाबाट नसर्ने मुख्यमन्त्री डोरमणि पौडेलले दाबी गर्नुभएको छ। हेटौंडा उपमहानगरपालिकाको दोस्रो नगरसभा बैठकको आइतबार उद्घाटन गर्दै उहाँले हेटौंडामा आइसकेको राजधानी अन्यत्र कुनै हालतमा नसर्ने बताउनुभएको हो। राजधानीका विषयमा अब अपवाहा फैलाइरहनु नहुने बताउँदै उहाँले भन्नुभयो- 'हरेक हिसाबले हेटौंडामा राजधानी उपयुक्त छ।'

'हाल राजधानी जहाँ छ, त्यो उपयुक्त छ। उपत्यकाभित्र कुनै हालतमा राजधानी बनाउन हामी दिँदैनौं' -पौडेलले स्पष्ट पार्नुभयो। ९० प्रतिशत कर्मचारी प्रदेश सरकारमा नआउँदा काम गर्न समस्या भएको बताउँदै उहाँले कर्मचारी नआएका कारण मन्त्रालयको काम व्यविस्थत ढंगले सञ्चालन गर्न समस्या भएको बताउनुभयो।

'सरकारी कर्मचारी सिंहदरबारबाट तल झर्न नचाहेका कारण काम गर्न समस्या भएको हो। प्रदेशमा भएका साधनस्रोतका आधारमा काम गर्न हामी तयार छौं' -मुख्यमन्त्री पौडेलले भन्नुभयो। यहाँको शहरलाई आधुनिक शहरका रूपमा विकास गर्न आफू लागिपरेको उहाँको भनाइ छ।

हेटौंडा नगरको २ पटक मेयर भएर १० वर्ष चलाएको र आफू पनि यहाँको बासिन्दा भएकाले यसलाई अन्यभन्दा फरक तरिकाले काम गर्ने सोच रहेको मुख्यमन्त्री पौडेलले बताउनुभयो। हेटौंडावासीकै मायाका कारण आफू मुख्यमन्त्री भएकाले नागरिकको हितका निम्ति काम गरिने उहाँले बताउनुभयो।

प्रदेशको मुख्यमन्त्री भइरहँदा चुनौतीका पहाड धेरै भए पनि ती पहाडलाई छिचोलेर काम गर्न तयार रहेको बताउँदै उहाँले चुनौतीबाट अवसर खोजेर अगाडि बढ्ने बताउनुभयो। हेटौंडा उपमहानगरपालिकालाई अधिकार सम्पन्न उपमहानगरका रूपमा विकास गर्न सहयोग गर्ने उहाँले बताउनुभयो।

हेटौंडा उपमहानगर मेयर हरिबहादुर महतले हेटौंडालाई देशकै नमुना शहरका रूपमा विकास गर्न आफू लागिपरेको बताउनुभयो। नगरलाई देशकै सफा र सुन्दर शहरका रूपमा विकास गरिने उहाँले बताउनुभयो।

उपमहानगरको नगरसभा बैठकमा ५ वटा विधेयक पेस गरिएको छ। उपमहानगरपालिकाको कार्यपालिका बैठकबाट गठित कानुन मस्यौदा समितिबाट ती विधेयक सभामा स्वीकृतिका लागि पेस गरिएको हो।

पितृसत्तात्मक सोच, सामाजिक, सांस्कृतिक, धार्मिक परम्परागत र कुप्रथागत सोचले निम्त्याएका सबैखाले विभेदविरुद्ध लड्न एकजुट र कटिबद्ध हुने उल्लेख गर्दै आचारसंहितामा महिलामाथि हुने सबै प्रकारका हिंसाविरुद्ध शून्य सहिष्णुता कायम गर्दै स्थानीय तहलाई महिला हिंसामुक्त बनाउने प्रतिबद्धता व्यक्त गरिएको छ।

# नेपाल

# महिला जनप्रतिनिधिले बनाए आचारसंहिता

नरेन्द्र केसी, दाङ

पाँच नम्बर प्रदेशका स्थानीय तहका महिला जनप्रतिनिधिले सामूहिक आचारसंहिता जारी गरेका छन्।

'महिलामैत्री गणतान्त्रिक नेपाल सम्भव छ, हामी संस्थागत गर्छौं' भन्ने मूल नारासहित दाङको तुलसीपुरमा ३ दिनसम्म चलेको भेलाबाट १२ जिल्लाका स्थानीय सरकारका जनप्रतिनिधिले आफ्नो आचारसंहिता जारी गरेका हुन्।

जसमा स्थानीय तहको संरचना र कार्यप्रणालीलाई महिला, बालबालिका, अपांगता, जेष्ठ नागरिक र पछाडि पारिएका समुदायका लागि मैत्रीपूर्ण बनाउनका लागि अग्रणी भूमिका निर्वाह गर्ने उल्लेख छ। त्यस्तै विधिको शासनलाई पालना गर्दै स्थानीय तहलाई भ्रष्टाचारमुक्त, सुशासनयुक्त, पारदर्शी, जवाफदेही, उत्तरदायी, जिम्मेवार, तटस्थ र निष्पक्ष बनाउन नेतृत्वगर्ने प्रतिबद्धता पनि आचारसंहितामा व्यक्त गरिएको छ।

'जनप्रतिनिधिको कामलाई प्रभावकारी, उत्तरदायी र जनपक्षिय बनाउन आफ्नो आत्मसम्मान र मनोबललाई उच्च राखी स्वपरिवर्तनको उदाहरण बन्दै हामी अध्ययनशील, नैतिकवान्, निडर, प्रष्ट, अनुशासित, इमानदार, आत्मविश्वासी, धैर्यवान्, सृजनशील र संवेदनशील बन्नेछौं', आचारसंहितामा भनिएको छ- 'जनप्रतिनिधि महिलाको नेतृत्वदायी भूमिकालाई प्रभावकारी बनाउन सहअस्तित्वको भावनालाई कदर गर्दै एकअर्कामा सम्मानजनक सहयोग, समन्वय र सहकार्यका लागि ऐक्यबद्ध हुनेछौं।'

पितृसत्तात्मक सोच, सामाजिक, सांस्कृतिक, धार्मिक परम्परागत र कुप्रथागत सोचले निम्त्याएका सबैखाले विभेदविरुद्ध लड्न एकजुट र कटिबद्ध हुने उल्लेख गर्दै आचारसंहितामा महिलामाथि हुने सबै प्रकारका हिंसाविरुद्ध शून्य सहिष्णुता कायम गर्दै स्थानीय तहलाई महिला हिंसामुक्त बनाउने प्रतिबद्धता व्यक्त गरिएको छ।



न्याय सम्पादनको कार्यान्वयन र सुनुवाई प्रक्रियामा मुद्दाहरूको संवेदनशीलतालाई ध्यानमा राखी गोपनियताको अधिकारलाई सुनिश्चित गर्दै विश्वासको वातावरण कायम र न्याय सम्पादन र अन्य काम कार्यवाहीमा सीमान्तकृत तथा पछाडि पारिएको समुदायलाई निष्पक्षरूपमा प्राथमिकतामा राख्ने पनि उनीहरूले प्रतिबद्धता जनाएका छन्। 'जस्तोसुकै विषम परिस्थितिमा पनि सामाजिक न्याय र समानताको सिद्धान्तलाई आधार मान्दै आफ्नो मुद्दामा अडिग रहनेछौं' -आचारसंहितमा भनिएको छ।

महिलामैत्री सरकारका लागि ६ बुँदे घोषणापत्र

यसैबीच 'संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको मूल आधार, महिलाको शरीर, श्रम र पहिचानमा आफ्नो अधिकार' भन्ने मूल नाराका साथ दाङको तुलसीपुरमा ३ दिनसम्म चलेको महिला मञ्चबाट ६ बुँदे घोषणापत्र जारी गरिएको छ। प्रदेश नं. ५ का महिला जनप्रतिनिधि तथा महिला मानव अधिकार रक्षकहरूले संयुक्तरूपमा दाङ घोषणापत्र जारी गरेका हुन्।

मञ्चले निरन्तर महिला आन्दोलनको प्राप्तिस्वरुप राज्यको संरचनामा स्थानीय तह, प्रदेशसभा र संघ गरी ३ वटै तहमा सुनिश्चित भएको महिला नेतृत्वको सहभागितालाई कदर गर्दै, राजनीतिक, आर्थिक, सामाजिक तथा सांस्कृतिक रुपान्तरणका लागि महिलाको समानुपातिक, समावेशी, संलग्नतासहितको निर्णायक नेतृत्व अभ्यासका लागि विशेष योजना र कार्यक्रम निर्माण गर्न नेतृत्व र सहकार्य गर्ने घोषणा गरेको छ।

# 'मैले भन्दैमा रोकिने र तपाईंले भन्दैमा सर्दैन राजधानी'

मोतीराम तिमल्सिना, काभ्रे

प्रदेश ३ का मुख्यमन्त्री डोरमणि पौड्यालले प्रदेशको राजधानीका विषयमा भएका टीकाटिप्पणी र बहसका बारेमा हतारो भएको टिप्पणी गरेका छन्। 'एउटा बैठकसमेत अस्थायी राजधानीमा बस्न सकेको छैन, स्थायी राजधानीका बारेमा किन हतार गर्नु?'- मुख्यमन्त्री पौड्यालले भने।



धुलिखेल नगरपालिकाको ३२ औं स्थापना दिवसको अवसरमा आयोजित स्थापना दिवस समारोह कार्यक्रममा मुख्यमन्त्री पौड्यालले शपथपछिको पहिलो औपचारिक कार्यक्रममा बोल्दै भने- 'मैले त्यहीं राख्छु भन्दैमा र तपाईंहरूले अन्यत्र लैजान्छु भन्दैमा राजधानीको टुङ्गो लाग्दैन, त्यो त नीति, विधि र संविधानअनुसार हुनेछ।' राजधानी जहाँ रहे पनि प्रदेशअन्तर्गतका १३ वटै जिल्लाको साझा व्यक्ति भएकाले साझा भएरै बस्ने उनले उद्घोष गरे।

प्रदेश सरकार कस्तो हुने? यसले गर्ने काम केके हुन्? यसको बारेमा अझै बुझ्न बाँकी रहेको बताउँदै मुख्यमन्त्री पौड्यालले भने- 'बोलेपछि पूरा गर्नुपर्ने बानी भएकाले सरकार कस्तो हुने भन्ने जानकारी नै नभई यसो गर्छु, उसो गर्छु भनेर बोल्नुको अर्थ छैन।' २० वर्षको आन्दोलनपछि स्थानीय सरकारको गठन भएको स्मरण गर्दै मुख्यमन्त्री पौड्यालले सरकारको स्रोत र अधिकार के हो? प्रष्ट नभएको बताउँदै भएका स्रोत र साधन प्रयोग र परिचालन गर्न सकिँदा मात्रै ठूलो प्रगति हासिल गर्न सकिने बताए।

काठमाडौं पछिको राम्रो र धेरै सुनिने शहरका रूपमा चिनिएको धुलिखेलले आफूलाई विशिष्ठकृत गर्नुपर्नेमा मुख्यमन्त्रीले जोड दिए। शिक्षा र स्वास्थ्यमा छुट्टै पहिचान बनाएको धुलिखेलले पर्यटनमा समेत फड्को मारिसकेको छ। त्यस अवस्थामा आफूलाई कुन हिसाबले अब्बल बनाउने? विकास र सिस्टममा समेत नयाँ मोडलको प्रवेश गराई विकासमा छलाङ मार्न उनले सुझाव दिए। ५० लाख चाहिने स्थानमा ५ लाख रकम विनियोजन गरेर विकास छर्न नहुने बताउँदै मुख्यमन्त्री पौड्यालले विश्वास मर्न नदिने प्रतिबद्धता व्यक्त गरे।

नगरप्रमुख अशोक ब्याञ्जुले धुलिखेललाई आगामी ५ वर्षभित्र समृद्ध बनाउने खाका प्रस्तुत गरे। पानी, शिक्षा, स्वास्थ्य, गरिबी उन्मूलनलगायतका क्षेत्रमा सफलता प्राप्तिसँगै बालमैत्री नगर, खुल्ला दिशामुक्त, रोजगार र व्यावसायिक हिसाबले सक्षम नगरपालिकाका बनाउने प्रतिबद्धता व्यक्त गरे।

कार्यक्रममा प्रतिनिधिसभा सांसद गोकुल बास्कोटाले धुलिखेललाई समृद्ध बनाएसँगै छिमेकी नगर र गाउँपालिकामा पनि यस्तै मोडल अगाडि बढाउन आग्रह गरे। प्रतिनिधिसभा सांसद गंगाबहादुर दोङ्ग, उपकुलपति डा. रामकष्ठ माकजु, जिल्ला समन्वय समिति काभ्रेका प्रमुख उद्धव केसी, धुलिखेलका संस्थापक प्रमुख बेलप्रसाद श्रेष्ठ, वरिष्ठ कलाकार हरिवंश आचार्य, धुलिखेल नगरका उपप्रमुख विमला शर्मालगायतले धुलिखेललाई विभिन्न क्षेत्रबाट समृद्ध बनाउन प्रयास गर्नुपर्ने बताएका थिए।

## बलात्कारको आरोपमा युवक पक्राउ

बाजुरा, (नेस)

बूढीगंगा नगरपालिका-७ झालीकी १६ वर्षीया बालिकालाई बलात्कार गरेका २ आरोपी युवकलाई प्रहरीले पक्राउ गरेको छ।

शुक्रबार बिहान घरबाट सामान किन्न बेतालमाडौं जाँदै गर्दा गाउँका २ जना युवाले बाइकमा पुऱ्याइदिने भन्दै बार्जुगाडु जंगलमा लगेर बलात्कार गरेको आरोप बालिकाले लगाएकी छन्।

सडकबाट जंगलमा लगेर बूढीगंगा नगरपालिका-७ का ३० वर्षीय चन्द्र विष्टले बलात्कार गरेको र केहीपर रहेको नाथ होटलको कोठामा लगी २२ वर्षीय सुनिल विकले समेत करणी गरेको आरोपसहित पीडितपक्षले जिल्ला प्रहरी कार्यालय मार्तडीमा दिएको उजुरीमा उल्लेख छ।

भावपूर्ण श्रद्धाञ्जली

जन्म मितिः
वि.स २०१० चैत्र ७ गते



स्वर्गारोहणः
वि.सं. २०७४ माघ २५ गते

स्व. श्रीमती चिनी मैया गिरी

यस संस्थाका कर्मचारी श्री मुना गिरी बाँस्कोटाकी ममतामयी माता श्रीमती **चिनी मैया गिरी**को असामयिक निधन भएको हुँदा दिवंगत आत्माको चीर शान्तिको कामना गर्दै शोक संतप्त परिवारजन प्रति भावपूर्ण समवेदना प्रकट गर्दछौं।

**अध्यक्ष तथा**
**समस्त सगुन सहकारी संस्था लि.**
**परिवार**

नेपाल सरकार
**सिंचाइ मन्त्रालय**
जल उत्पन्न प्रकोप व्यवस्थापन बिभाग
**जल उत्पन्न प्रकोप व्यवस्थापन डिभिजन कार्यालय नं. १७**
बीरेन्द्रनगर, सुर्खेत
**बोलपत्र स्वीकृत गर्ने आशयको सुचना**
सुचना प्रकाशित मिति: २०७४।११।०७

यस कार्यालयबाट मिति २०७४।०९।३० को "हिमालय टाइम्स" राष्ट्रिय दैनिकमा प्रकाशित सुचना अनुसारका ठेक्का प्याकेजहरुका लागि रीत पूर्बक दाखिला भएका बोलपत्रहरु मध्ये तपसिलमा उल्लेखित बोलपत्रदाताहरुको बोलपत्र न्यूनतम मूल्यांकित, सारभूत रुपमा प्रभावग्राही भएकोले बोलपत्र स्वीकृतिका लागि छनौट भएको हुंदा सार्वजनिक खरीद ऐन २०६३ को दफा २७ को उपदफा (२) र (३) बमोजिम सोही ऐनको दफा ४७ को प्रयोजनार्थ सम्बन्धित सबैको जानकारीको लागि ७ (सात) दिने सुचना प्रकाशित गरिएको छ।

| S.No. | Contract No. | Bidder's name | Bid Amount Nrs. (Excluding VAT ) |
|---|---|---|---|
| 1 | NCB/11/JUG/074/075 | प्रभु निर्माण सेवा, गुर्भाकोट न.पा ४, सुर्खेत | 6,830,677.27 |
| 2 | NCB/12/SAI/074/75 | खैराबाँझी भगवति निर्माण सेवा, भेरी ३, जाजारकोट | 7,757,624.00 |
| 3 | NCB/13/JHUP/074/75 | सत्यवति निर्माण सेवा, बिरेन्द्रनगर ८, सुर्खेत | 6,880,115.90 |
| 4 | NCB/14/NEW/074/75 | सामेल निर्माण सेवा, सुर्खेत | 3,883,510.48 |
| 5 | NCB/15/KHOR/074/75 | पि.एम. निर्माण सेवा, रामघाट ९, सुर्खेत | 7,710,414.20 |
| 6 | NCB/16/DUNG/074/75 | पि.के निर्माण सेवा, सौधियार १, दाङ्ग | 8,988,539.50 |
| 7 | NCB/17/AAB/074/75 | बिनोद निर्माण सेवा, बिरेन्द्रनगर २, सुर्खेत | 1,02,08,915.76 |
| 8 | NCB/18/KAR/074/75 | बडिमालिका निर्माण सेवा, बिरेन्द्रनगर १८, सुर्खेत | 6,731,151.00 |

**डिभिजन प्रमुख**

**नेपाल सरकार**
**भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय**
**सडक बिभाग**
**डिभिजन सडक कार्यालय, बुटवल**
**रुपन्देही।**

**सिलवन्दी दरभाउपत्र स्वीकृतीको आशयपत्र जारी गरिएको सूचना**

**सूचना प्रकाशन मितिः २०७४/११/०७**

यस कार्यालयबाट मिति २०७४/०९/२८ गतेको आर्थिक अभियानमा प्रकाशित सूचना अनुसार सूचना नं.०४-०७४/०७५ दर्ता हुन आएका दरभाउपत्र मध्येबाट निम्न विवरण अनुसारका दरभाउपत्रहरु न्यूतम मूलयांकित सारभुत रुपमा प्रभावग्राही शिल्वन्दी दरभाउपत्र भएको हुँदा स्वीकृत गर्ने आशयले सार्वजानिक खरिद (पहिलो संशोधन) ऐन २०७३ को नियम ८४(१०) अनुसार सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

| सि. नं | ठेक्का नं. | कामको विवरण | आशयपत्र जारी गरिएको दरभाउपत्र दाताको नाम | कवोल अंक, रु. (मू.अ.क.समेत) |
|---|---|---|---|---|
| 1 | DROBTL/3373554/074-75/014 | Road improvement works along Triveni - Sanai - GandakNahar Road, Nawalparasi | Sagun Construction, Butwal-12, Rupendehi | 7838990.80 |
| 2 | DROBTL/3373354/074-75/015 | Road improvement works along Thakali Chowk - Magarkot - Meghauli Road, Nawalparasi | Griha Developers PVT LTD, Ward No. 10, Kupandole, Lalitpur | 2630257.95 |
| 3 | DROBTL/3071084/074-75/016 | Construction of Road Structure along HongsiShivam Cement Factory Access Road, Nawalparasi | Tulsi Nirman Sewa, Liwang-5, Rolpa | 6698124.62 |
| 4 | DROBTL/3071084/074-75/017 | Construction of Road Structure, Roadway Excavation, Grade/bend Improvement along Jhyalbas to Pokhari section of DhauwadiFalamKhani to MRM Road, Nawalparasi | Bashyal Construction, Pargati Nagar-5, Nawalparasi | 4560030.25 |
| 5 | DROBTL/3373564/074-75/018 | Construction of Road Structure, Blacktop works at Daunne (Ch. 40+050 and its periphery from Butwal) along East-West Highway, Nawalparasi | Mahesh Nirman Sewa, Bardghat-04, Nawalparasi | 5434997.16 |

**डिभिजन प्रमुख**

नेपाल सरकार
भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय
**सडक विभाग**
**पश्चिमाञ्चल क्षेत्रीय सडक निर्देशनालय**
**डिभिजन सडक कार्यालय,**
दमौली, तनहुँ

**बोलपत्र स्वीकृत गर्ने आशयको सूचना**

(प्रकाशित मिति २०७४/११/०७)

यस डिभिजन सडक कार्यालयवाट bolpatra.gov.np/egp तथा आर्थिक नेपाल समाचारपत्र राष्ट्रिय दैनिकमा मिति २०७४/०९/२५ गते प्रकाशित सुचना अनुसार प्राप्त वोलपत्रहरुको मुल्याङ्कन हुँदा तपशिल अनुसारका बोलपत्रहरु स्वीकृतीको लागि छनौट भएकोले सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ को उपदफा (२) र दफा ४७ को प्रयोजनार्थ वोलपत्र स्विकृतिको लागि छनौट गर्ने आशयको सूचना प्रकाशित गरिएको व्यहोरा सम्वन्धित सवैको जानकारीको लागि अनुरोध छ।

| सि. नं. | ठेक्का नं. | बिबरण | निर्माण व्यवसायीको नाम | कबोल अङ्क (मु.अ.कर बाहेक) |
|---|---|---|---|---|
| 1 | DRODML/3371653/74/75-12 ( Specific Maintenance) | Black Top works along Aanbu – Gorkha Road near GorkhaBazar(Ch: 23+120 to 23+650). | M/S Nepal Pari/Belu J.V Damauli Tanahun | 5,346,150.01 |
| 2 | DRODML/3371544/74/75-13 ( Tal Link Road) | Construction of RCC Pavement, Retaining structures and Slab culvert.in Manang District. | M/S Santosh Nirman Sewa Lamjung | 8,354,687.01 |
| 3 | DRODML/3371224/74/75-14 | Road Maintenance Works along Byas Marga in Tanahaun District. | M/S Wild Stone Construction Vyas 10 | 8,994,683.10 |

डिभिजन प्रमुख



# विश्व

## आगलागी

तिब्बतस्थित अत्यन्तै धार्मिक महत्वको एउटा गुम्बामा भीषण आगलागी भएको छ।



## भत्सर्ना

अमेरिकाको फ्लोरिडाको पार्कलयान्डस्थित एक विद्यालयमा १७ जनाको गोली हानी भएको हत्याका लागि राष्ट्रपति ट्रम्पले एफबीआईको भत्सर्ना गरेका छन्।



2018, FEB
Monday
19

## विश्व २ मिनेट

### इजरायल

#### सीमामा विस्फोट

तेलअभिब, (एजेन्सी)

इजरायली-गाजा सीमानजिकै भएको विस्फोटमा ४ इजरायली सैनिक घाइते भएका छन्। तीमध्ये २ जनाको अवस्था गम्भिर रहेको छ। उक्त क्षेत्रमा एउटा प्यालेस्टिनी झण्डा फहऱ्याइएको थियो, त्यसलाई झिक्न सैनिकहरू नजिक जाँदा विस्फोट भएको सेनाले बताए। उक्त घटनाको जवाफी कारबाहीमा इजरायलले गाजामा हमासका ठेगानामा हवाइ हमला गरे। आक्रमणमा हमासका ६ वटा ठेगानामा निसाना बनाइएको र त्यसमा एक शुरूंग र हतियार कारखाना पनि परेको इजरायली अधिकारीले बताए। गाजामा स्वास्थ्यकर्मीहरूले उक्त घटनामा २ प्यालेस्टिनी घाइते भएको बताएका छन्।

### अमेरिका

#### स्कुलमा आईएसआईएसको झण्डा

युटाह, (एजेन्सी)

युटाह हाइ स्कुलमा गत बिहीबार अमेरिकी झण्डा च्यातेर त्यसको स्थानमा इस्लामिक स्टेट लडाकू समूहको झण्डा फहऱ्याएको प्रहरीले पुष्टि गरेको छ। स्कुलका भित्ताहरूमा 'आईएसआईएस इज कमइन' जस्ता शब्दहरू स्प्रे पेन्टिग गरिएको छ। जाँचकर्ताहरूले कसैले 'आईएसआईएस इज कमिंग' लेख्न नभ्याउँदै भाग्न बाध्य हुनुपरेको हुनसक्ने विश्वास गरेका छन्। उक्त भित्ते पेन्टिङ देखिएको केही समयपछि नै वासिङटन काउन्टी स्कुल डिस्ट्रिक्टका कर्मचारीले हटाएका र आईएसको झण्डा पनि झिकेर नयाँ अमेरिकी झण्डा हालेका थिए। जाँचकर्ताहरूले सोही दिनदेखि नै उक्त घटनाको छानविनलाई अगाडि बढाएको छ।

### भारत

#### आपसी सहमति

नयाँदिल्ली, (एजेन्सी)

भारतीय प्रधानमन्त्री नरेन्द्र मोदी र इरानी राष्ट्रपति हसन रुहानीबीच शनिबार युद्धग्रस्त अफगानिस्तानमा स्थिरता ल्याउन प्रयास गर्नेबारे सहमति भएको छ। भारतको ३ दिने भ्रमणको अन्तिम दिन नयाँदिल्लीमा रुहानीसंगको भेटवार्तामा मोदीले अफगानिस्तानलाई शान्तिपूर्ण, सुरक्षित, स्थायी, समृद्धशाली र बहुजातीय राष्ट्र बनाउने भारतको प्रतिबद्धता दोहऱ्याएका छन्। मोदीले आपसी हितलाई मध्यनजर राख्दै भारत आतंकवाद, अतिवाद, अवैध लागूऔषध ओसारप्रसार, साइबर क्राइम र अन्य विषयमा अन्तर्राष्ट्रिय सांगठनिक अपराध प्रवर्द्धन गर्ने शक्तिहरू रोक्न प्रतिबद्ध रहेको बताएका छन्।

### चीन

#### गुम्बामा आगलागी

ल्हासा, (एजेन्सी)

चीनको ल्हासास्थित तिब्बती बौद्ध समुदायको सबैभन्दा महत्वपूर्ण धामिक स्थल अर्थात जोखांग गुम्बामा आगलागी भएको छ। अनलाइनमा पोस्ट गरिएको फुटेजमा छतबाट आगोका लपका र धुँवाको मुस्लो निस्किरहेको देखिने सो गुम्बाको कम्तिमा एउटा पैगोडा ध्वस्त भइसकेको देखिन्छ। चिनियाँ सरकारी समाचार निकाय सिन्हवाले शनिबार राति शुरू भएको आगलागी चाँडै नै निभाइएको र सो दुर्घटनामा कोही पनि हताहत नभएको जनाएको छ। साथै सञ्चार माध्यमले यस आगलागीमा साँस्कृतिक अवशेषहरूमा क्षति नपुगेको पनि जनाएको छ।

# इरान विश्वकै लागि सबैभन्दा खतरनाक : नेतान्याहु

म्युनिख, (एजेन्सी)

जर्मनीको म्युनिखमा भइरहेका सुरक्षा सम्मेलनमा इजरायलका प्रधानमन्त्री बेन्जामिन नेतान्याहुले इरानलाई विश्वकै सबैभन्दा खतरनाक भएको बताएका छन्।

नेतान्याहुले प्रष्ट शब्दमा इरानी नेतृत्वलाई इजरायलमा आतंकवादी छिराउन अनुमति नदिने बताए। उनले इरानका विदेशमन्त्री मोहम्मद जावेद जरिफमाथि पनि झुठो भएको आरोप लगाउँदै उनी इरानी नेतृत्वमा वाकपटुता भएका प्रवक्ता भएको र उनी झुठ बोल्न सिपालु भएको बताए।

विदेशमन्त्री जरिफले उक्त बैठकमा इरानको प्रतिनिधित्व गरिरहेका छन् र बैठकमा उनले सम्वोधन गर्न बाँकी नै छ। गत हप्ता इरानले इजरायलको सीमामा ड्रोन पठाएको र त्यसलाई इजरायली सुरक्षा बलले खसालेको नेतान्याहुले बताए। तर इरानले त्यसलाई अस्वीकार गर्दै आइरहेको छ।उनले नष्ट गरिएको ड्रोनको टुक्रा हातमा उठाउँदै जरिफलाई सिधै सम्बोधन गर्दै भने-के तपाईले यो ड्रोनलाई चिन्नुभयो? तपाईले चिन्नुपर्ने हो, किनभने यो तपाईंकै हो। हाम्रो परीक्षा नलिनुहोला।

उनले मध्यपूर्वमा इजरायलका मित्र देशका लागि मात्र नभएर आफ्नै लागि पनि इरानमाथि कारबाही गर्न सक्ने चेतावनी दिए। सिरिया र यमनमा इरानको भूमिकालाई लिएर मध्यपूर्वमा तनाव बढिरहेको छ। अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले तेहरान विरुद्ध कडा नीति अख्तियार गरिरहेको बेला इजरायलले उसका क्षत्रीय समर्थनलाई व्यापक बनाउन चाहेको छ।

सम्मेलनलाई पछि सम्बोधन गरेका इरानी विदेशमन्त्री मोहम्मद जावाद जारिफले नेतान्याहुको प्रस्तुती सर्कसको जोकरको जस्तो भएको र त्यो जवाफ दिन पनि योग्य नदेखिएको बताए।

जारीफले अमेरिकामाथि उक्त सम्मेलनलाई इरान विरुद्धको हिस्टेरियालाई पुनर्जिवित पार्न प्रयोग गरिरहेको आरोप लगाए र तेहरानले मध्यपूर्वमा नायकत्वको खोजिरहेको कुरालाई अस्वीकार गरे।

तर नेतान्याहुले इराक र सिरियामा इस्लामिक स्टेट विरुद्धको अमेरिकी नेतृत्वको गठबन्धनले लडाकूहरूबाट भूमिमाथि पुन कब्जा गरेपछि इरानले उसको शक्ति बढाएको बताए।



# इरानी विमान दुर्घटनामा सम्पूर्ण सवार मरेको आशंका




तेहरान, (एजेन्सी)

इरानको जारगोस पहाडी क्षेत्रमा आइतबार एउटा यात्रुबाहक विमान दुर्घटना हुँदा ६६ जना व्यक्ति मारिएको आशंका गरिएको छ। राजधानी तेहरानबाट दक्षिण पश्चिमी शहर यासुजतर्फ गइरहेको आसेमान एयरलायन्सको सो विमान इस्फाहान प्रान्तको सेमिरोम शहरनजिक खसेको सरकारी सूत्रले जनाएको छ।

दि रेड क्रिसेन्टले खोजी तथा उद्धार टोलीलाई घटनास्थलमा परिचालन गरेको छ। एयरलायन्सले एक विज्ञप्ति जारी गर्दै विमानमा सवार सबैको ज्यान गएको भन्ने भनाइ फिर्ता लिएको छ। कलसाइन ईपी ३७०४ बोकेको उक्त विमान स्थानीय समयअनुसार बिहान ४ बजेर ३० मिनेटमा उडेको र त्यसको एक घण्टा पछि दुर्घटनामा परेको बताइएको छ।न्युज च्यानल इरिनले यासुजदेखि २२ किलोमिटर टाढाको डेना पहाडमा विमान खसेको जनाएको छ। फ्रेन्च - इटालियन निर्मित सो दुईवटा इन्जिनयुक्त टर्वोप्रोप एटीआर ७२-५०० विमानमा ६६ जना यात्रु, २ जना सुरक्षा गार्ड, २ जना फ्लाइट एटेनडेन्ट, पायलट र को-पायलट रहेको बताइएको छ। शुरुमा विमानका सम्पूर्ण यात्रु मरेको बताएका एयरलायन्सले पछि विज्ञप्तिमा उल्लेख गरेको छ,'दुर्घटनाग्रस्त क्षेत्रको विकटताको कारण हामी अझै घटनास्थलमा पुग्न सकेका छैनौं। त्यसकारण हामी सम्पूर्ण यात्रुको मृत्यु यकिनका साथ पुष्टि गर्न सक्ने स्थितिमा छैनौं।'

खराब मौसमका कारण उद्धार प्रयास प्रभावित भएको छ। आपतकालीन सेवा टोलिहरू हेलिकोप्टरबाट नभई पैदल नै त्यसतर्फ प्रस्थान गुर्नपरेको छ। थुप्रै पुराना विमान प्रयोग गर्ने इरानमा पछिल्ला वर्षहरूमा धेरै संख्यामा हवाई दुर्घटना भइसकेको छ। आफ्नो विवादास्पद आणविक कार्यक्रमको कारण लगाइएको अन्तर्राष्ट्रिय नाकाबन्दीका कारण इरानले आफ्ना बिग्रेका विमानहरूको मर्मतका लागि स्पेयर पार्टहरू प्राप्त गर्न संघर्ष गर्दै आएको छ। सन् २०१५ मा अमेरिकालगायतका शक्ति राष्ट्रहरूको समूहसँग भएको सम्झौतापछि अधिकांश नाकाबन्दी फुकुवा गरिएको थियो।

इरानको तेस्रो सबैभन्दा ठूलो एयरलाइन आसेमानले गत वर्ष ३० वटा पछिल्लो संस्करणको मध्यम दूरीका ७३७ बोइङ खरिद गर्न बोइङ कम्पनीसँग सम्झौतापत्रमा हस्ताक्षर गरेको थियो।

# भूकम्पग्रस्त क्षेत्रमा हेलिकोप्टर दुर्घटना

मेक्सिको सिटी, (एजेन्सी)

मेक्सिकोमा शुक्रबार आएको शक्तिशाली भूकम्पको भौतिक र मानवीय क्षति विवरण लिन वरिष्ठ सरकारी अधिकारीहरु चढेको एउटा हेलिकोप्टर शनिबार दुर्घटनाग्रस्त हुँदा एकजना शिशुलगायत कम्तिमा १४ जना व्यक्तिको ज्यान गएको सरकारी सञ्चार माध्यमले जनाएको छ। तर सोही हेलिकोप्टरमा सवार मेक्सिकोका गृहमन्त्री तथा साउथ वेस्ट ओआक्जाका राज्यका गवर्नर भने कुशल रहेको बताइएको छ। गृहमन्त्री अलफाँसो नाभारेंटेले जमिनतर्फ आउने क्रममा अचानक पायलटको हेलिकोप्टरमाथि नियन्त्रण गुमेको बताएका छन्।

ओआक्जाकालाई केन्द्रबिन्दु बनाउँदै आएको ७ दशमलव २ रिक्टर स्केलको भूकम्पले केन्द्रबिन्दुदेखि ३ सय ५० किमि टाढाको राजधानी मेक्सिको सिटीका घरहरू बेस्सरी हल्लाएको थियो। तर भूकम्पका कारण मानवीय क्षतिको कुनै खबर आएको छैन। केन्द्रबिन्दुनजिकैको सान्टियागो जामिलटेप्पे गाउँमा अवतरणको क्रममा हेलिकोप्टर दुर्घटनामा परेको हो।



# मुम्बई हमला भारत आफैंले रचेको षड्यन्त्र : किताब

बर्लिन, (एजेन्सी)

जर्मन लेखकले सन् २००८ को मुम्बई हमला भारत आफैंले गराएको दाबी गरेका छन्। उक्त आक्रमण भारत आफैंले रचेको षड्यन्त्र भएको उनले दाबी गरेका छन्।

आफ्नो एक नयाँ किताबमा मुम्बईमा सन् २००८ नोभेम्बर २६ मा भएको हमला पाकिस्तानमा सक्रिय कट्टरपन्थी संगठनले नभई भारत आफैंले इजरायल र अमेरिकाको मद्दतबाट गराएको उल्लेख गरेको छ।

जर्मन लेखक एलिस डविडसनले आफ्ना नयाँ किताब 'भारतको धोकाघडी, २६ नोभेम्बरका प्रमाणहरूमा पुनर्विचार' मा मुम्बई हमलाका सबै सबुत र साक्षीका बयानको गहन अध्ययन गरेका छन्। जर्मन लेखक डेविडसनको छवि विवादास्पद रहेको छ। यसअघि पनि उनले धेरै घटनामा विवादास्पद धारणा अगाडि सारेका छन्। सन् २००८ मा डविडसनले अमेरिकाको सेप्टेम्बर ११ को आक्रमण झुठो भएको दाबी गरेको छ। उनले उक्त हमलाका लागि अमेरिकी सुरक्षा एजेन्सी नै जिम्मेवार रहेको दाबी गरेका थिए।

लेखकको उक्त दाबीलाई लिएर भारत र पाकिस्तानमा नयाँ बहसको शुरूवात गरेको छ। भारतले उक्त आक्रमणका सूत्रधार हाफिज सइदलाई आतंकवादीका रूपमा व्यवहार गर्न र सजायँ तोक्न पाकिस्तानलाई दबाब दिँदै आइरहेको समयमा जर्मन लेखकको उक्त किताब प्रकाशित भएको हो।

किताबमा नरिमन हाउसको मामिलामा इजरायल र भारतले झुठा साक्षी तयार गरेको उल्लेख छ। जर्मन लेखकले मुम्बई हमलाले भारत र अमेरिकाले मात्र नभई इजरायलका व्यापारिक तथा नेताहरूलै पनि प्रचुर फाइदा लिएको प्रमाण दिएका छन्।

किताबमा आक्रमणको उद्देश्य हिन्दू कट्टरपन्थी, राष्ट्रवादी र सुरक्षा एजेन्सीहरूलाई फाइदा पुऱ्याएको दाबी गरिएको छ। आक्रमणको माध्यमबाट भारतलाई कट्टरपन्थीबाट लगातार खतरा रहेको सन्देश फैलाउने प्रयास गरिएको छ। यसको उद्देश्य कट्टरपन्थीविरुद्ध लडाइँ गरिरहेका देशसँग भारतसँग सम्बन्ध विकशित गर्नुथियो।

किताबमा आक्रमणमा संलग्न सबै संदिग्ध १५ दिनदेखि नरिमन हाउसमै बसिरहेको थियो भन्ने पसलेहरूको बयानलाई रिकर्डको हिस्सा नबनाएकोमा लेखकले प्रश्न उठाएका छन्। धेरैजसो साक्षीलाई तालिम दिइएको लेखकले दाबी गरेका छन्।



हरेकजसो घरबाट एक वा एकभन्दा बढी नै सदस्य विदेशिएपछि गाउँ शुन्य बनेको, वृद्ध-वृद्धा तथा बालबच्चा बेसहारा बनेको, खेतबारी बाँझिएको अनि कतिको परिवारमा ऋणले उठिबास लगाएको जस्ता समस्याहरु रिठ्ठै नबिराई गन्धर्वको गीतमार्फत प्रस्तुत हुँदा सबैको मनमा 'साँच्चै हो' भन्ने लागेको थियो।

# मुख्यमन्त्रीलगायत सबै मन्त्रीले पद बहाल गरे

हेमन्त पौडेल, कैलाली

प्रदेश नम्बर ७ का मुख्यमन्त्री त्रिलोचन भट्टलगायत ६ जना मन्त्रीहरूले आइतबार पदबाहली गरेका छन्। शनिबार अपरान्ह मुख्यमन्त्री भट्टसहितका मन्त्रीले सपथग्रहण गरेका थिए। आइतबार बिहान मुख्यमन्त्री कार्यालयमा मुख्यमन्त्री भट्टले पदबाहली गरेपछि अन्य मन्त्रीहरूले पदबाहली गरेका हुन्।

पदबाहलीपछि सञ्चारकर्मीहरूसँग कुराकानी गर्दै मुख्यमन्त्री भट्टले प्रदेश नम्बर सातको विकासका लागि आफ्नोतर्फबाट कुनै कसर बाँकी नराख्ने बताउनुभयो। यो क्षेत्रको विकासका लागि पहल गर्छु मुख्यमन्त्री भट्टले भन्नुभयो। ढिलासुस्ती र भ्रष्टाचारलाई रोक्ने बताउनुभयो। आइतबार नै गृहमन्त्री प्रकाश शाह, अर्थमन्त्री झपट बोहरा, भौतिक योजना मन्त्री पठानसिंह बोहरा, वनमन्त्री माया भट्ट ,भूमिसुधार मन्त्री विनिता चौधरी, सामाजिक विकास मन्त्री दीर्घ सोडारीलगायतकाले पदबाहली गर्नुभयो।

गृहमन्त्री शाहले यस क्षेत्रको सुरक्षा व्यवस्था चुस्त राख्न आफ्नोतर्फबाट पहल हुने बताउनुभयो। यस्तै अर्थमन्त्री झपट बोहराले प्रदेश ७ को आर्थिक विकासका लागि नयाँ योजना ल्याउने बताउनुभयो। करको दर नभइ दायरा बढाएर राजस्व संकलनमा ध्यान दिने बताउनुभयो।७ नम्बर प्रदेशको वार्षिक खर्च ५१ अर्ब रहेकाले त्यसका लागि राजस्व वृद्धि गर्नुपर्ने भएकाले आफ्नो त्यसतर्फ ध्यान जाने बताउनुभयो।

प्रदेश मन्त्रिपरिषद्को आइतबारनै पहिलो बैठक बसेको छ। बैठकले भ्रष्टाचार विरुद्ध शून्य सहनशीलता अपनाउने पहिलो निर्णय गरेको छ। सरकारले ७ नम्बर प्रदेशमा सञ्चालनमा ल्याएका राष्ट्रिय गौरव आयोजना महाकाली लोकमार्ग, सेती लोकमार्ग र खुटिया दिपायल फास्टट्र्याकलाई समयमा निर्माण सम्पन्न गर्ने र गुणस्तरियतामा ध्यान दिने, कृषिको उत्पादकत्व बढाउनका लागि माटो परीक्षणका लागि सरकार र स्थानीय तहसँग समन्वय गर्ने, ७ नम्बर प्रदेशमा रहेको पर्यटकीयस्थलको पहिचान गर्दै त्यसको संरक्षण र सम्बर्द्धन गर्ने, सूचना प्रविधि र विद्युतीय सुशासनमा जोड दिने निर्णय गरेको आइतबार नियुक्त हुनुभएका सरकारका प्रवक्ता एवम् आन्तरिक मामिलामन्त्री प्रकाश शाहले जानकारी दिनुभयो। मन्त्री परिषद्को कार्यालयबाट प्रस्ताव गरिएका प्रदेश सरकार कार्यविभाजन नियमावली, प्रदेश सरकारको कार्यसम्पादन नियमावली र केही सार्वजनिक लिखत प्रमाणीकरण नियमावलीलाई बैठकले स्वीकृत गरेको छ।

यस्तै प्रदेश ७ का नवनियुक्त मुख्यमन्त्री त्रिलोचन भट्टले आइतबार पदभार सम्हालेलगत्तै सेती अञ्चल अस्पतालको अनुगमन गरेका छन्। भट्टले आइतबार मुख्यमन्त्री तथा मन्त्रिपरिषद् को कार्यालयमा पुगेर पदभार ग्रहण गरे। त्यसपछि कर्मचारीलाई निर्देशन दिँदै भट्टले विकासमा पछाडि परेको प्रदेश ७ लाई नमुना प्रदेश बनाउन इमानदारिताका साथ लाग्न आग्रह गरे। त्यसपछि उनी धनगढीस्थित सेती अञ्चल अस्पतालको आकस्मिक अनुगमनमा पुगे। अञ्चल अस्पतालको सेवा प्रभावकारी नभएको गुनासो आइरहेका बेला मुख्यमन्त्री भट्ट आकस्मिक अनुगमन गरेका हुन्। उनले बिरामीलाई अस्पतालले दिने सेवाको प्रभावकारिता, नि:शुल्क औषधि पाए नपाएको विषयमा चासो राखेका थिए। अस्पतालका चिकित्सकहरू निजी क्लिनिकहरूमा काम गर्ने र नि:शुल्क औषधिसमेत बिरामीले नपाउने गुनासो सुनेकाले अनुगमन गरेको मुख्यमन्त्री भट्टले बताए।

## सीता पाइलामा एक दिने स्वास्थ्य शिविर

काठमाडौं, (नेस)

शुभकामना महिला सशक्तिकरण नेपालको आयोजनामा नागार्जुन नगरपालिकास्थित सीतापाइलामा १ दिने स्वास्थ्य शिविर सम्पन्न भएको छ। अल्का अस्पतालको सहयोगमा उक्त शिविर सञ्चालन गरिएको संस्थाले जनाएको छ।

उक्त शिविरमा २ सय ५० जना महिलाले सेवा लिएका थिए। स्थास्थ्य शिविरमा सेवा लिने महिलामा सामान्य रोगदेखि पाठेघरको समस्यासमेत लिएर आएको आयोजकले जानकारी दिएको छ।

शिविरमा उपचार गराउन आएका महिलालाई सामान्य उपचारका साथै औषधिसमेत बितरण गरिएको थियो।

सशक्तिकरण नेपाल नागार्जुन नगरपालिकाका महिलाले स्थापना गरेको एक सामाजिक संस्था हो। संस्थाले स्थानीय स्तरमा महिलाका समस्या समाधानमा सहजीकरणको भूमिकादेखि टोल सरफाइका काम गर्दै आएको संस्थाकी अध्यक्ष जयकुमारी खत्रीले बताउनुभयो।

स्थानीय स्तरमा महिलालाई विभिन्न सामाजिक कार्यमा क्रियाशील बनाउनका लागि 'शुभकामना महिला सशक्तिकरण नेपाल' लागि पर्ने अध्यक्ष खत्रीले जानकारी दिनुभयो।

## राजधानीको माग गर्दै थालिएको रिले अनसनमा सन्नाटा

वीरगन्ज, (नेस)

खासगरी वीरगन्जलाई प्रादेशिक राजधानी बनाउने मागसहित विगत ४६ दिनदेखि जारी रिले अनसन स्थलमा सन्नाटा छाउन थालेको छ।

वीरगन्जलाई प्रादेशिक राजधानी घोषणा नगरुन्जेल रिले अनसनलगायत कार्यक्रम जारी रहने उद्घोष गरेको समितिमा आन्दोलनकारीहरू पातलिन थालेपछि आन्दोलनको स्वरूप परिवर्तन गर्ने विषयमा छलफल भइरहेको छ।

समितिका सहसंयोजक राजकुमार गुप्ताले आन्दोलनको स्वरूप परिवर्तनको कुरा उठेको र फागुसम्म रिले अनसन स्थगन गर्ने सोच रहेका बताए। उनले विभिन्न कारणले गर्दा रिले अनसन नियमित हुन नसकिरहेको र आन्दोलनलाई निरन्तरता दिन पनि आन्दोलनको स्वरूप परिवर्तनमा समिति गम्भीर भएको बताए।

## समानुपातिक विज्ञापन प्रणाली लागू गर्न अन्तरिम आदेश

काठमाडौं, (नेस)

सर्वोच्च अदालतले समानुपातिक विज्ञापन प्रणाली लागू गर्न अन्तरिम आदेश जारी गरेको छ। नेपाल पत्रकार महासंघ र प्रेस काउन्सिल नेपालले समानुपातिक विज्ञापन प्रणाली लागू गर्न सरकारका नाममा आदेश माग गर्दै दिएको रिट निवेदनमाथि प्रधानन्यायाधीश गोपाल पराजुलीको इजलासले अन्तरिम आदेश दिएको हो।

रिटमाथि काउन्सिलको तर्फबाट प्रेस काउन्सिलका निवर्तमान अध्यक्ष एवम् अधिवक्ता वोर्णबहादुर कार्की, अधिवक्ताहरू भक्ति घिमिरे, नवराज थपलिया र मनोज शर्माले बहस गर्नुभएको थियो। आदेशमा आमसञ्चारमाध्यमलाई समान तरिकाले विज्ञापन वितरण गरिनुपर्ने भनिएको छ।

### एउटै...

ताहचल क्याम्पसका सहायक प्रमुख डा. विष्णु खनाल त्रिविकै मापदण्डअनुसार शुल्क लिइएको दाबी गर्नुहुन्छ। उहाँ नेपाल समाचारपत्रसँग भन्नुहुन्छ, 'तोकिएको शुल्क ७ हजार ८ सय ५० रूपियाँ हो। शुरुमै परीक्षा शुल्क पनि लिइएकाले बढी रकम देखिएको हो।'

अखिलका नेता कल्याण गौतम विश्वविद्यालयले मापदण्ड नै नबनाई बाध्यकारी रूपमा शुल्क लिएकोमा आपत्ति जनाउनुहुन्छ। उहाँ भन्नुहुन्छ, 'अब विद्यार्थी संगठनका नेताले सोच्नुपर्छ।'

अर्कोतिर सेमेस्टर सिस्टम नाम मात्रै भएको भन्दै विद्यार्थीहरूले गुनासो गरेका छन्। सेमेस्टरमा प्रोजेक्टर, हाजिरी, भौतिक पुर्वाधारलगायतका विषय कोराकागजमा सिमित भएको उनीहरूको आरोप छ। विद्यार्थी ईश्वर श्रेष्ठ भन्नुहुन्छ, 'सेमेस्टर सिस्टम कि फि अशुल्ने माध्यम। न पढाइ राम्रो हुन्छ। न त सोचेअनुरूपको पाठ्यपुस्तक नै उपलब्ध छ।'

यस्तै भौतिक पुर्वाधार र दिर्घकालीन योजना बिनासेमेस्टर प्रणाली लागू गर्दा हजारौं विद्यार्थी पढ्नबाट वञ्चित भएको कतिपय विद्यार्थीले आरोप लगाएका छन्। यस वर्षदेखि देशभरका सबै आंगिक क्याम्पसमा स्नातकोत्तर तहमा सेमेस्टर प्रणाली शूरु भएको हो।

### पिछडिएका...

जलवायु परितर्वनका चुनौतीको असर सामाना गर्दै स्थानीय स्तरमा उपलब्ध स्रोत साधनको अधिकतम् उपयोग गरेर समयसापेक्ष अनुकूलनका अभ्यासलाई स्मार्ट भिलेजले जोड दिएको छ।

सिमसार र पानीका स्रोत संरक्षण तथा उपभोग, सुधारिएको गोठ, कृषि, चुल्हो, उर्जा, सामुदायिक बिऊबिजन बैंक स्थापना स्मार्ट भिलेजमा अटाउनेछन्। सुख्खा र खडेरीग्रस्त क्षेत्रमा सौर्य उर्जामार्फत खोलाको पानी 'अपलिफ्ट' गरी सिँचाइ र पिउने पानीको व्यवस्था पनि समेटिएको छ। यो नमूना कार्यक्रमबाट १५ जिल्लाका करिब २ हजार घरधुरी प्रत्यक्ष लाभान्वित हुने विभागको दावी छ। जिल्ला कृषि विकास समितिको निर्णयका आधारमा पिछडिएका स्थान छनोट गरी नमुना कार्यक्रमका गतिविधि अघि बढाइएको विभागका महानिर्देशक दुर्गा दवाडीले बताउनुभयो।

'गत वर्षदेखि नै विभिन्न १३ जिल्लामा नमुनाका रूपमा कार्यक्रम शुरु गरिएको हो उहाँले भन्नुभयो- 'यसपटक सोलुखुम्बु र बझाङमा यस्तो कार्यक्रम शुरु हुनेछ।' रामेछाप, गोर्खा, लम्जुङ र कास्कीमा एक वर्षको अवधिमा सकारात्मक परिणाम आइरहेको दवाडीले बताउनुभयो। उहाँका अनुसार निकै सुख्खा र खडेरीग्रस्त क्षेत्र मानिएको रामेछापको भीरपानीमा सुनकोशीको पानी अपलिफ्ट गरेपछि अन्यत्र बसाइँ सरेका स्थानीय पनि पुरानै थातथलोमा फर्किएर आधुनिक कृषि कार्यमा जुट्न थालेका छन्।

गत आर्थिक वर्षको बजेटमार्फत क्याइमेट भिलेजको कार्यक्रम आरम्भ गरिएको हो। यस्तो नमुना गाउँमा औसतमा ८० देखि ९० घरधुरी समेटिएका छन्। यही कार्यक्रमका लागि गत वर्ष ७ करोड ५० लाख रुपियाँ विनियोजन भएको थियो भने यस वर्ष ६ करोड ५८ लाख रुपियाँ विनियोजन भएको छ। राष्ट्रिय योजना आयोगको पछिल्लो त्रिवर्षीय योजनाले पनि यस्तै अवधारणालाई जोड दिँदै सन् २०२० भित्रमा १ सयभन्दा बढी गाउँलाई स्मार्ट भिलेज बनाउने लक्ष्यअघि सारेको छ। दिगो विकास लक्ष्यले पनि यस्तै किसिमको कार्यक्रमलाई जोड दिएको छ।

पहिलो चरणमा ७ वटै प्रदेशमा कम्तिमा १ र बढीमा २ स्थानमा क्याइमेट भिलेज तयार हुने यो कार्यक्रम नियाल्ने विभागका फोकल पर्सन मोहन देव जोशीले बताउनुभयो। उहाँका अनुसार एउटा गाउँको सर्म्पूण क्याइमेट पूर्वाधार तयार हुन ५० लाख रुपियाँका हाराहारीमा खर्च हुनेछ भने कार्यक्रम शुरु भएको ३ वर्ष भित्रमा पूर्ण स्वरूप तयार हुनेछ। जलवायु अनुकुलित गाउँको अवधारणाले पूर्णता पाएपछि वातावरणीय जोखिमका आधारमा भइरहेको बसाइँ सराइ नियन्त्रणमा सघाउन पुग्ने उहाँको विश्वास छ।

स्थानीय निकायले यस्तो कार्यक्रमको अपनत्व लिएर लागि बजेट समेत छुट्याएर कार्यक्रमको अगुवाइ र अनुगमन गरेमा मुलुकका धेरै पिछडिएका गाउँघरले छोटो अवधिमा मुहार फेर्न सक्ने विज्ञहरू बताउँछन्। कार्वन तथा उर्जा, घर तथा बलेसीको पानी संकलन, प्लास्टिक पोखरी र पानी घैटो निर्माण, जैविक विषादी, गड्यौला मल, सुख्खा सहन सक्ने बालीका बिउबिजन व्यवस्थापनजस्ता कार्य जलवायु अनुकूलित गाउँमा अभ्यास हुनेछ। करेसाबारीमा जडिबुटी खेती, बिरुवा उत्पादन नर्सरी, वृक्षारोपण, स्थानीयको क्षमता अभिवृद्धिजस्ता पक्षलाई पनि जोड दिइएको छ।

### खारेज...

उहाँले चैत २८ गतेदेखि जिल्ला शिक्षा कार्यालय खारेज हुने निश्चित भइसकेको बताउनुभयो।

ऐनले बोलेको विषयमा मन्त्रालयले कुनै पनि धारणा सार्वजनिक गर्नु उचित नभएको उहाँको भनाइ थियो। स्थानीय तहमा शिक्षाका कर्मचारी खटाउने विषयमा समेत समस्या भइरहेको बताउँदै उहाँले भन्नुभयो- 'जम्माजम्मी २ हजार ७ सय कर्मचारी छन् कसरी व्यवस्थापन गर्ने ? भन्ने विषय अन्योलमा रहेको छ।

स्थानीय विकास मन्त्रालयका उपसचिव प्रल्हाद कार्कीले शिक्षा र संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयको समन्वयमा कर्मचारी व्यवस्थापन र जिल्ला शिक्षा कार्यालय खारेज भएपछि कामको अधिकारको विषयमा छलफल भइरहेको जानकारी गराउनुभयो।

उहाँले शिक्षमा देखिएका समस्या समाधान गर्न नमुना कानुन बनाउने अन्तिम तयारी भइरहेको जानकारी दिनुभयो। परीक्षा र पाठ्यक्रमको मापदण्ड एउटै हुने भएकाले स्थानीय सरकारले गर्ने शिक्षाका २३ वटा काममा ती विषयलाई समावेश नगरी संघलाई नै जिम्मेवारी दिएको उहाँको भनाइ थियो।

काठमाडौ महानगरपालिकाका शिक्षा शाखा प्रमुख उपसचिव प्रल्हाद अर्यालले स्थानीय निकायमा शिक्षाका काम कारबाहीका विषय हस्तान्तरण भए पनि काम गर्न समस्या भइरहेको बताउँदै भन्नुभयो- 'जिशिका र स्थानीय तहको समन्वय नहुँदा समस्या परेको हो।'

### ओली...

पार्टी एकताका अधिकांश विषयमा सहमति भइसकेको र बाँकी केही विषयलाई निर्णयमा पुऱ्याएर प्याकेजमै सहमति गर्ने तयारी भएको बताइएको छ।

भेटमा प्रधानमन्त्री ओलीले माओवादीलाई सरकारमा सहभागी हुनेहरूको नाम पठाउन प्रचण्डसँग आग्रह गरेको तर प्रचण्डले भने एकीकृत पार्टीका कार्यदिशाको बारेमा सहमति गरौं भन्नु भएको वार्तास्थल स्रोतले जानकारी दिएको छ। पार्टी एकताको सैद्धान्तिक विषयमा केही कुरा मिल्न बाँकी भएको बताइएको छ।

यसअघि आइतबार माओवादी केन्द्रको संसदीय दलले अध्यक्ष पुष्पकमल दाहाललाई दलको नेता छानेपछि बैठकमा उहाँले ओलीजीसँग विशेष कुरा गर्दै छु भन्नुभएको थियो र संसदीय दलको बैठकमा समेत लामो समय नबसी प्रचण्ड ओलीसँग गोप्य वार्ता गर्न भक्तपुर आउनुभएको थियो।

बालकोटस्थित अध्यक्ष ओलीको निवासमा नभएर दुई नेताको भेटवार्ता एकान्त स्थल रोज्दै झापाका व्यापारी दुर्गा प्रसाईंको घर निकोसेरा नजिकमा मिलाइएको थियो। बिहान साढे ११ बजेदेखि दिउँसो साढे ४ बजेसम्म भएको छलफलले पार्टी एकताको विषय र भागबन्डा टुंगो लगाउने भनिए पनि छलफल कुनै निष्कर्षमा नपुगेको नेताहरूले बताएका छन्। वार्तास्थलबाहिर पुगेका सञ्चारकर्मीलाई मूल गेट प्रवेशमै रोक लगाइएको थियो।

निर्वाचनलगत्तै पार्टी एकता हुने भनिए पनि हालसम्म पार्टी एकता नहुँदा र माओवादी केन्द्रका सांसद नयाँ सरकारमा सामेल नहुँदा पार्टी एकताबारे सर्वत्र चासो मौलाएको छ।

# जिल्ला बसोबास व्यवस्थापन समितिका अध्यक्ष दुलालद्वारा पदबहाली

गणेश घिमिरे, इलाम

जिल्ला बसोबास व्यवस्थापन समिति इलामका नवनियुक्त अध्यक्ष कांग्रेस नेता होम दुलालले आइतबार सदरमुकामस्थित मालपोत कार्यालयमा रहेको समितिको कार्यालयमा पदबहाली गरेका छन्।

नवनियुक्त अध्यक्ष दुलालले हाजिरी पुस्तिकामा हस्ताक्षर गरी पदबहाली गरेका हुन्। पदबहाली ग्रहण गर्दै अध्यक्ष दुलालले सबैको सहयोगमा भूमिहीन र सुकुम्बासीका समस्या छिटो छरितो समाधान गर्न सकिने बताए।

समितिअर्न्तगत काम गर्ने कर्मचारीहरूले जनताको मन जितेर काम गर्न उनले निर्देशनसमेत दिए।

व्यवस्थित बसोबास आयोग गठन आदेश २०७३ बमोजिम सुकुम्वासी र भूमिहीनका समस्या राम्रोसंग बुझेका लोकप्रिय कांग्रेस नेता दुलाललाई सरकारले माघ ८ गते जिल्ला बसोबास व्यवस्थापन समितिको अध्यक्षमा नियुक्ति गरेको थियो।

जिल्ला बसोबास व्यवस्थापन समितिले जिल्लाभित्रका विभिन्न स्थानमा रहेका स्लम बस्ती, अतिक्रमित सडक बस्ती, अव्यवस्थित बसोबास र अतिक्रमित कृषि सडक पहिचान गरि वास्तविक भूमिहीन र सुकुम्बासीलाई जग्गा उपलब्ध गराउने नवनियुक्त अध्यक्ष दुलालले प्रतिबद्धता जनाए।

समितिले सरकारी, सार्वजनिक र गुठी जग्गामा भएका अतिक्रमण रोक्न, अव्यवस्थित बसोबास र सुकुम्बासी समस्या समाधानका लागि समेत कार्य गर्नेछ। व्यवस्थित बसोबास आयोगको पत्रानुसार २०७४ साउन २९ गतेको मन्त्रीस्तरीय निर्णयले ३२ जिल्लामा जिल्ला बसोबास व्यवस्थापन समितिको कार्यालय स्थापना गर्ने निर्णय गरेको थियो।

> अध्यक्ष दुलालले सबैको सहयोगमा भूमिहीन र सुकुम्बासीका समस्या छिटोछरितो समाधान गर्न सकिने बताए।

भूमिसुधार मन्त्रालयले जारी गरेको व्यवस्थित बसोबास आयोग गठन आदेश २०७३ मा भूमिहीन भन्नाले आफ्नो वा आफ्नो परिवार वा अंशीयारको नाममा जग्गाधनीको हैंसियतले नेपाल राज्यभर कुनै पनि ठाउँमा घरजग्गा नभएका, घरजग्गा जोडन सक्ने साधनस्रोत नभएका वा प्राकृतिक प्रकोपबाट घरजग्गाविहीन हुन पुगेका र कृषि पेशामा श्रम गरी जीविको पार्जन गर्ने नेपाली नागरिक वा निजप्रति आश्रित परिवारलाई सम्झिनुपर्छ भनी उल्लेख गरिएकाले सोही प्रावधानबमोजिमका व्यक्तिहरूलाई जग्गा उपलब्ध गराइने समितिले जनाएको छ।

जिल्ला बसोबास व्यवस्थापन समितिको अध्यक्षमा प्रमुख जिल्ला अधिकारी वा नेपाल सरकारले तोकेको व्यक्ति, सदस्य सचिवमा जिल्ला भूमिसुधार अधिकारी र प्रमुख जिल्ला अधिकारी वा निजले तोकेको अधिकृत प्रतिनिधि, स्थानीय विकास अधिकारी, जिल्ला वन अधिकृत, सम्बन्धित क्षेत्रको मालपोत र नापी कार्यालयको प्रमुख, वस्ती व्यवस्थापन गर्ने स्थानको स्थानीय तहको प्रमुख र समितिले उपयुक्त ठहराएको एक महिलासहित कम्तीमा ३ जना गरी ९ जना सदस्यहरू रहने प्रावधान छ।

नेपाल सरकारले २०७३ चैत्र ८ गते राजपत्रमा सूचना प्रकाशित गरी व्यवस्थित बसोबास आयोग गठन आदेश जारी गरेको थियो। नेपालको संविधानबमोजिम अव्यवस्थित बसोबासलाई व्यवस्थापन गर्ने तथा योजनाबद्ध र व्यवस्थित बस्ती विकास गर्ने राज्यको नीति एंव आर्थिक वर्ष २०७३/७४को बजेट वक्तव्यको प्रावधानबमोजिम आयोग गठन आदेश जारी गरेको थियो।

# रुवाए, सिकाए अनि फर्किए गन्धर्व दाजुभाइ

रामधन राई, खोटाङ

*'गाउँबस्ती दिनदिनै खालि हुन थाले,*
*सन्तानको साथ पाउन छाडे आमा-बाले।'*

वैदेशिक रोजगारीले गाउँ उजाडिँदै गएको यस्तै यथार्थ कथाहरूलाई बिरह चल्ने साराङ्गीको धुनसँगै गाइरहँदा झुरूप्पै बसेका स्थानीय थाम्दाथाम्दैको आँशु देखाएरै बगाइ पठाउन बाध्य हुन्थे। हरेकजसो घरबाट एक वा एकभन्दा बढी नै सदस्य विदेशिएपछि गाउँ शुन्य बनेको, वृद्ध-वृद्धा तथा बालबच्चा बेसहारा बनेको, खेतबारी बाँझिएको अनि कतिको परिवारमा ऋणले उठिबास लगाएको जस्ता समस्याहरू रिट्ठै नबिराई गन्धर्वको गीतमार्फत प्रस्तुत हुँदा सबैको मनमा 'साँच्चै हो' भन्ने लागेको थियो।

भोजपुरका तेजिन्द्र गन्धर्वको टोलीले साराङ्गीका धुन र गीतमार्फत खोटाङका स्थानीयलाई रुवाएर मात्रै होइन महत्वपूर्ण कुराहरूको सूचना तथा सन्देशहरू पनि दिएर फर्कनुभयो।

हो, वैदेशिक रोजगारीका कारण उत्पन्न विभिन्न खालका समस्याहरूलाई गीतमार्फत उजागर गर्दै त्यस्ता समस्या निम्तिन नदिन अपनाउनुपर्ने सावधानीबारे मन छुने साराङ्गीको धुन र गन्धर्वको गीतमार्फत सन्देश दिने 'गन्धर्व गीति यात्रा' कार्यक्रम सम्पन्न भएको छ।

रोकेर रोक्नै नसकिने अवस्थामा रहेको वैदैशिक रोजगारीलाई सुरक्षित र उपलब्धिमूलक बनाउने उद्देश्यका साथ जिल्लाका विभिन्न स्थानमा सञ्चालन गरिएको सुरक्षित वैदेशिक रोजगारसम्बन्धी गन्धर्व गीतियात्रा कार्यक्रम हालै सम्पन्न भएको हो ।

'बालसेवा समाज नेपालै' नेर्पा खोटाङद्वारा सञ्चालित सुरक्षित आप्रवासन परियोजना सामी विद्यालय तथा आमसञ्चार कार्यक्रमअन्तर्गत २ महिना अघिदेखि उक्त कार्यक्रम शुरु गरिएको थियो।

सूचना तथा महत्त्वपूर्ण जानकारीहरू गीतको माध्यमबाट प्रस्तुत गर्दा सम्बन्धित व्यक्ति, परिवार वा समाजले सहज रूपमा बुझ्ने भन्दै जिल्लाको हलेसी तुवाचुङ नगरपालिका, रूपाकोट मझुवागढी नगरपालिका र साकेला गाउँपालिकाको विभिन्न स्थानमा सञ्चालन गरिएको सामाजिक परिचालक लिला निरौलाले बताउनुभयो।

तेजिन्द्र गन्धर्वलगायतको टोलीको गीतमार्फत स्थानीयलाई आकर्षित गर्दै सुरक्षित वैदेशिक रोजगारसम्बन्धी सूचना तथा सन्देश प्रवाह गरिएको निरौलाको भनाइ छ। गन्धर्व गीतियात्रामा संलग्न टोलीले वैदेशिक रोजगारीका क्रममा आउन सक्ने विभिन्न अप्ठ्यारा बारे जानकारी गराउँदै जानुपूर्व अपनाउनुपर्ने सतर्कताबारे सूचना दिएका थिए।

कार्यक्रममा सम्बन्धित देशको भाषाको ज्ञान, कामबारे जानकारी तथा सीप, कागजातको महत्व, वैदेशिक रोजगारीमा जादाँ अपनाउनुपर्ने प्रक्रिया, ठगीबाट बच्ने उपायलगायतका बारेमा बताएका थिए। २ महिनासम्म सूचना तथा सन्देश बिस्तार गरेपछि गन्धर्वको टोलीलाई बिदाई गरिएको छ।

गीतको माध्यमबाट ८ हजार बढी टोल तथा बस्ती स्तरका व्यक्तिहरूबीच सुरक्षित वैदेशिक रोजगारसम्बन्धी सूचना पुऱ्याइएको छ। हरेक स्थानको कार्यक्रममा स्थानीय युवा-युवती, वृद्ध-वृद्धा, जनप्रतिनिधिलगायत बाक्लो उपस्थिति रहेको बताइएको छ।

**लमही नगपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**लमही, दाङ**
**५ नं. प्रदेश नेपाल**

**बोलपत्र स्वीकृत गर्ने आशयको सूचना**

**प्रकाशित मिति २०७४/११/०७**

यस कार्यालयको ठेक्का नं. NCB/GOODS/LMOME/02/2074/075 Tractor Trolley Mounted Drainge Cleaner-1 Unit खरिदका लागि मिति २०७४/०९/२४ गतेको अन्नपूर्ण पोष्ट राष्ट्रिय दैनिक पत्रिकामा बोलपत्र आह्वानको प्रकाशित सूचना अनुसार तोकिएको म्यादभित्र प्राप्त भएको तपशिल बमोजिमको बोलपत्रदाताको बोलपत्र न्यूनतम मूल्यांकित सारभूतरुपमा प्रभावग्रही भै स्वीकृतको लागि छनौट गरिएको हुँदा सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा २ बमोजिम प्रयोजनार्थ यो सूचना सम्बन्धित बोलपत्रदाता तथा सबैको जानकारीका लागि प्रकाशित गरिएको छ ।

**तपशिलः**

| बोलपत्र सूचना नं. | कामको विवरण | बोलपत्रदाताको नाम र ठेगाना | स्वीकृत रकम मू.अ.कर सहीत |
|---|---|---|---|
| ठेक्का नं. NCB/GOODS/LMOME/02/2074/075 | Tractor Trolley Mounted Drainage Cleaner-1 Unit खरिद कार्यका लागि | Map Entrepreneurs Pvt. Ltd. Kathmandu | रु १९,९५,००/०० उन्नाइस लाख पन्चानब्बे हजार रुपैयाँ मात्र । |



# अर्थ

2018, FEB
Monday
19

> आइतबार बोटलर्स नेपालका लगानीकर्तले बैंभन्दा धेरै ४ दशमलव शून्य २ प्रतिशत कमाउँदा प्रोग्रेसिभ फाइनान्सका लगानीकर्ताले ७ दशमलव ५४ प्रतिशत शेयर मूल्य गुमाए।

# आर्थिक विकासको खाका ल्याउन निजी क्षेत्रको सुझाव

**नेपाल समाचारपत्र**

काठमाडौं

नेपाल उद्योग बाणिज्य महासंघले देशको आर्थिक विकासको लागि नयाँ बन्ने सरकारसँग सहकार्य गरेर अगाडि बढ्न तयार रहेको बताएको छ।

महासंघले सरकारले ल्याउने आर्थिक विकासका कार्यक्रमलाई सफल पार्ने निजी क्षेत्रको प्रतिबद्धता रहेको उल्लेख गर्दै नयाँ सरकारसँग निजी क्षेत्रको अपेक्षा कमजोर अर्थतन्त्रलाई माथि उठाउन, आर्थिक गतिविधिलाई सशक्त ढंगबाट अगाडि बढाउनुपर्ने जनाएको छ।

आर्थिक विकासलाई तीव्र रूपमा अगाडि बढाउन नयाँ सरकारसँग निजी क्षेत्रले १२ बुँदे माग गरेको छ। २०७५-२०८५ को दशकलाई 'मुलुक निर्माण दशक'को रूपमा घोषणा गर्न महासंघले माग गरेको छ। सातवटै प्रदेशलाई एक अर्का प्रदेशसँगको साझेदारीमा निजी क्षेत्रले समन्वयकारी भूमिका निर्वाह गर्न सहयोग पुग्ने विश्वास महासंघको छ।

नयाँ सरकार गठनसँगै देश आर्थिक विकासको युगमा प्रवेश गरेको भन्दै सबै प्रदेशमा विकास बहस चलाउन महासंघले फागुन १३ गते पोखराबाट प्रादेशिक आर्थिक बहसको कार्यक्रम चलाउने भएको छ।

फागुन महिनाभित्रै सबै प्रदेशमा प्रादेशिक बहस सम्पन्न गरी चैतको पहिलो साता काठमाडौंमा राष्ट्रिय आर्थिक साझेदारी सम्मेलन आयोजना गर्ने तयारी गरेको महासंघका अध्यक्ष भवानी राणाले बताउनुभयो। देशको अर्थतन्त्र कमजोर रहेको बताउँदै अध्यक्ष भवानी राणाले यसलाई माथि उठाउन आर्थिक गतिविधिलाई सशक्त ढंगबाट अगाडि बढाउनु लागि पर्नुपर्ने बताउनुभयो।

प्रधानमन्त्री केपी शर्मा ओलीले विगतदेखि नै मुलुकको आर्थिक समृद्धिमा जोड दिइरहेको भन्दै निजी क्षेत्रले उनको प्रतिबद्धतालाई सफल पार्नुपर्ने धारणा राखेको छ। कानुनी शासनको प्रत्याभूति, कृषिको आधुनिकीकरण, यातायात तथा सञ्चार पूर्वाधारको विकास, रोजगारीका अवसर सिर्जना, शासकीय सुधार तथा भ्रष्टचार नियन्त्रणलगायतको प्रतिबद्धतालाई व्यवहारमा रूपान्तण गर्नुपर्ने निजी क्षेत्रको भनाइ छ।

मुलुकको अर्थतन्त्रको सन्तोषजनक नभएकाले चालू खाता र शोधनान्तर अवस्था दुवै ऋणात्मक छ। राष्ट्र बैंकका अनुसार चालू आवको ६ महिनाको मुलुकको शोधनान्तर स्थिति ६ सय ६६ करोडले ऋणात्मक छ। व्यापारघाटा करिब ५ हजार करोड पुगेकाले उत्पादनमुलक उद्योगको कुल गार्हस्थ उत्पादनमा योगदान न्यून रहेको महासंघले जनाएको छ। मुलुकको आम्दानीको मुख्य स्रोतको रूपमा रहेको विप्रेषण विस्तारै घट्दो क्रममा छ। बेरोजगार भने बढ्दो अवस्थामा रहेकाले संघीयता कार्यान्वयनका क्रममा मुलुकलाई निकै ठूलो आर्थिक स्रोत आवश्यकता पर्ने भएकाले चुनौती रहेको महासंघले भनेको छ।

सरकारको खर्च गर्ने क्षमता अत्यन्त कमजोर छ। अहिले पनि विनियोजित बजेटको करिब २० प्रतिशत मात्र खर्च भएको छ। नयाँ सरकारका लागि विकास निर्माण, प्रदेश तथा केन्द्रको खर्च व्यवस्थापनका लागि निकै धेरै मेहनत गर्नुपर्ने महासंघको सुझाव छ।

आर्थिक वर्ष २०७४/७५ को बजेटमा उल्लेख भएको ७ दशमलव २ प्रतिशतको आर्थिक वृद्धिदरको लक्ष्य हासिल गर्न चुनौतीपूर्ण रहेको भन्दै महासंघले पूर्वाधार विकास, औद्योगिकीकरण विस्तार, पर्यटन, ऊर्जा र कृषि क्षेत्रलाई केन्द्रविन्दूमा राखेर 'मुलुक निर्माण दशक' अभियानका लागि रणनीति तथा कार्यक्रम तत्काल सार्वजनिक गर्न माग गरेको छ। जलविद्युत्लगायतका राष्ट्रिय गौरवका आयोजनाका विषयमा श्वेतपत्र जारी गरी ती आयोजनाहरू निर्धारित समयभित्रै सम्पन्न गर्ने सुनिश्चितता गराउन समेत माग गरेको छ। भारत तथा चीनको लगानी आकर्षण गर्न राज्यले विशेष नीति अबलम्वन गर्न सुझाव दिँदै आर्थिक कूटनीतिको माध्यमबाट छिमेकको लगानी तथा प्रविधि आकर्षण गर्ने वातावरण तयार गर्नुपर्ने माग गरेको छ।

कालोबजारी ऐन २०३२, ट्रेडमार्क तथा डिजाइन ऐन २०२२, खानी तथा खनिज पदार्थ ऐनलगायतका ऐन कानुनलाई पनि तत्काल समसामयिक बनाउँदै लगानीमैत्री वातावरण निर्माण र उद्योगको प्रतिस्पर्धी क्षमता वृद्धिका लागि थप प्रोत्साहन र सुविधासहित आकर्षक कार्यक्रम ल्याउनको लागि समेत महासंघको माग छ। दोहोरो कर तिर्न नपर्ने सुनिश्चितता गर्न र करको दायरा विस्तारमा जोड दिन माग गर्दै अधिक सार्वजनिक बिदाका कारण अर्थतन्त्रमा निकै ठूलो असर पर्न गएको भन्दै काम गर्न दिन बढाउन महासंघले माग गरको छ । महासंघका वरिष्ठ उपाध्यक्ष शेखर गोल्छाले सरकारजस्तै निजी क्षेत्रले पनि काँचुली फेर्ने बेला आएको भन्दै ४०-५० लाख नेपाली युवायुवती कामको खोजीमा विदेशिएकाले स्वदेशमै रोजगारी सिर्जना गर्ने वातावरण बनाउन माग गर्नुभयो।

त्यस्तै महासंघका उपाध्यक्ष उमेशलाल श्रेष्ठले भारतका सिक्किम, तेलंगनालगायका आर्थिक विकासमा फड्को मारेका राज्यसँग आर्थिक समृद्धिको सम्बन्धमा सिक्नुपर्ने बेला आएको बताउनुभयो।

# दुई दिनपछि नेप्सेमा करेक्सन

काठमाडौं, (नेस)

आइतबार नेप्से परिसूचक ११ दशमलव शून्य ५ अंकले घटेको छ। कारोबार शुरू भएको केही समय हौसिएको शेयर बजार त्यसपछि तीव्र गिरावटका कारण सकारात्मक बन्न सकेन।

आइतबार १ हजार ४ सय २४ दशमलव ९५ अंकबाट शुरू भएको नेप्से कारोबार भएको १५ मिनेटमै करिब अंकले ओरालो लागेको थियो। तर, त्यसपछि अघिल्लो सातको अन्तिम दिन उत्साह कायम हुन नसक्दा बजार परिसूचक घटेको हो। त्यसको करिव १ घण्टा सुधारिने कोसिस गरे पनि परिसूचकले गति लिन नसक्दा नेप्से १ हजार २ सय १३ दशमलव ९ अंकमा पुगेर रोकिएको हो।

अघिल्लो सातको अन्तिम २ दिन नयाँ सरकार निर्माण हुने खबरले लगानीकर्ता उत्साहित भए पनि सरकार विस्तारमा अझै समस्या देखिएपछि त्यसको असर बजारमा परेको जानकारहरू बताउँछन्। स्थायी सरकारको आशामा बिहीबार नेप्से बढे पनि समर्थन विषयमा भएको वार्ताले अझै अन्योलता सिर्जना गरेको उनीहरूको दाबी छ। यस्तै लिक्विडिटी क्रन्च तथा बैंकको ब्याजदरको वृद्धिको समाधान नहुनु पनि बजार नबढ्नुका कारण भएको उनीहरू बताउँछन्।

नेप्से घट्दा आइतबार शेयर बजारको कूल कारोबार रकममा पनि गिरावट आएको छ। गत साताको अन्तिम दिन ६५ करोडभन्दा माथिको कारोबार भएको बजारमा यसदिन बजारमा ५९ करोड ६ लाख ६० हजार १३ रुपियाँको कारोबार भएको नेप्सेले जनाएको छ। यसक्रममा १ सय ५९ कम्पनीका १४ लाख २९ हजार ३ सय ५९ कित्ता शेयर किनबेच भए।

नेप्से परिसूचक घट्दा यसदिन 'क' वर्गका कम्पनीहरूको कारोबार मापन गर्ने सेन्सिटिभ इन्डेक्स पनि २ दशमलव १४ अंकले घटेर २ सय ९९ दशमलव १६ को बिन्दूमा पुगेको छ।यस दिन कारोबारमा आएका १० मध्ये ९ समूहमा गिरावट आएका छन्। आइतबार उत्पादनमूलक समूह ९ दशमलव ६९ अंकले बढ्दा बीमा समूह सबैभन्दा धेरै १ सय ७ दशमलव ४८ अंकले घट्यो।

त्यसैगरी होटल समूह ३८ दशमलव ६४, जलविद्युत् समूह ३४ दशमलव २६ अंकले घट्दा लघुवित्त समूह पनि ३० दशमलव ३२ अंकले ओरालो लाग्यो। घट्नेमा बैंकिङ समूह २ दशमलव ८३ अंक, विकास बैंक २१ दशमलव ५८ अंक, वित्त समूह ८ दशमलव १५ अंक र अन्य समूह ९ दशमलव ९६ अंकले घटेका छन्।

यसदिन धेरै कारोबार हुनेमा नेपाल इन्भेस्टमेन्ट बैंक अग्रस्थानमा रह्यो। बैंकको २ करोड ८१ लाख रुपियाँको कारोबार हुँदा सानिमा, नबिल र नेपाल बैंकका पनि २ करोड रुपियाँभन्दा बढीको कारोबार भए।

## PRESS RELEASE

### प्रजातन्त्र दिवसमा टेलिकमको 'फ्रिडम प्याक'

काठमाडौं, (नेस)

Nepal Telecom

प्रजातन्त्र दिवसको अवसरमा नेपाल टेलिकमले ग्राहकका लागि 'फ्रिडम प्याक' उपलब्ध गराएको छ। कम्पनीका जीएसएम र सीडीएमए मोबाइलका ग्राहकले सो प्याकको उपयोग एक घण्टासम्म अनलिमिटेड रूपमा गर्न सक्ने छन्।

जीएसएम तथा सीडीएमएका ग्राहकले सो प्याक खरिद गरेपछि ६० मिनेटसम्म कम्पनीको नेटवर्कभित्र अनलिमिटेड कल गर्न, एसएमएस पठाउन र डाटा चलाउन सक्ने छन्। सो प्याक २५ रुपियाँमा खरिद गर्न सकिने छ।

सो प्याक फागुन ६ गतेदेखि आगामी फागुन ८ गतेसम्म खरिद गर्न सकिने छ। एकपटक खरिद गरेको प्याक चलाउने अवधि सकिए पछि अर्कोपटक फेरि प्याक खरिद गर्न सकिने छ। तर, एकपटकमा एउटा प्याक मात्र खरिद गर्न सकिनेछ। फ्रिडम प्याक खरिद गर्नका लागि जीएसएम मोबाइलबाट एस्ट्रिक १४१५ एस्ट्रिक ८ ह्यास डायल गर्न वा एफडीपीएसीके लेखेर १४१५ मा एसएमएस गर्न सकिन्छ। त्यसैगरी सीडीएमए मोबाइलबाट एफडीपीएसीके लेखेर १४१५ मा एसएमएस गर्न सकिन्छ।

### तुम्लिङटारमा महिन्द्रा गाडीको शोरुम

काठमाडौं (नेस)

अग्नि ग्रुपले महिन्द्रा गाडीको लागि हालै थ्री एस अर्थात् सेल्स, सर्भिस र स्पेयर पार्टस्हरूको सेवा प्रदान गर्ने उद्देश्यसहित सङ्खुवासभाको तुम्लिङटारमा आधिकारिक शोरुमको उद्घाटन गरेको छ। उक्त शोरुमको उद्घाटन अग्नि ग्रुपका प्रबन्ध निर्देशक क्याबिनेट श्रेष्ठ, अग्नि ग्रुपका कार्यकारी निर्देशक अर्जुन शर्मा, मनराम ग्रुपका अध्यक्ष मनमाया श्रेष्ठले सामूहिक रूपमा गर्नुभएको थियो। शोरुमको शुभारम्भपछि यस क्षेत्र तथा आसपासका ग्राहकहरूले सर्वसुलभ एवं सहज तरिकाबाट सेल्स, सर्भिस र स्पेयरपार्टस् सम्बन्धी गुणस्तरीय सेवा प्राप्त गर्न सक्ने कम्पनीले जनाएको छ। कम्पनी केवल सवारी विक्री गर्नतर्फमात्र केन्द्रित नभई ग्राहकमुखी सेवा, चुस्त सर्भिस तथा स्पेयर पार्टस्हरूको सर्वसुलभतातर्फ पनि विशेष ध्यान केन्द्रित रहेको छ।

### सिद्धार्थ बैंकको शाखा सर्लाहीको लालबन्दीमा

काठमाडौं, (नेस)

सिद्धार्थ बैंकले सर्लाहीको लालबन्दी नगरपालिकामा शाखा स्थापना गरेको छ। यस शाखाबाट बैंकका अन्य शाखाबाट जस्तै निक्षेप तथा कर्जा, रकम भुक्तानीलगायतका बैंकिङ सेवा प्राप्त गर्न सक्नेछन्। यो शाखा सहित बैंकले हाल देशभर ९४ वटा शाखा, ३ एक्सटेन्सन् काउन्टर, ९९ शाखारहित बैंकिङ सेवा , १०५ एटीएम र ६५० भन्दा बढी पीओएस मेसिनमार्फत् उच्चस्तरीय बैंकिङ सेवा प्रदान गर्दै आएको छ। चालू आर्थिक वर्षको माघ मसान्तसम्म बैंकले कुल निक्षेप ८७ अर्ब ५ करोड र कर्जा लगानी ७८ अर्ब ५६ करोड रुपियाँ गरेको छ।

## SHARE MARKET

**18 FEBRUARY SUNDAY, 2018**

| S.No. | Traded Companies | Total Share | Max. Price | Min. Price | CP Price | Diff Rs. |
|---|---|---|---|---|---|---|
| 1 | Agriculture Development Bank Limited | 11904.00 | 359.00 | 348.00 | 350.00 | 0.00 |
| 2 | Api Power Company Ltd. | 556.00 | 408.00 | 386.00 | 387.00 | -13.00 |
| 3 | Arun Finance Limited | 780.00 | 175.00 | 166.00 | 166.00 | -3.00 |
| 4 | Arun Kabeli Power Ltd. | 10.00 | 335.00 | 335.00 | 335.00 | 6.00 |
| 5 | Arun Valley Hydropower Dev. Co. Ltd. | 4731.00 | 200.00 | 190.00 | 190.00 | -10.00 |
| 6 | Asian Life Insurance Co. Limited | 2937.00 | 920.00 | 875.00 | 890.00 | -12.00 |
| 7 | Bank of Kathmandu Ltd. | 24095.00 | 400.00 | 384.00 | 387.00 | -4.00 |
| 8 | Barun Hydropower Co. Ltd. | 90.00 | 199.00 | 193.00 | 199.00 | 3.00 |
| 9 | Best Finance Company Ltd. | 2910.00 | 123.00 | 121.00 | 121.00 | -2.00 |
| 10 | Bhargav Bikash Bank Ltd. | 340.00 | 162.00 | 159.00 | 162.00 | 5.00 |
| 11 | Bottlers Nepal (Terai) Limited | 283.00 | 7424.00 | 7200.00 | 7424.00 | 287.00 |
| 12 | Butwal Power Company Limited | 1970.00 | 575.00 | 557.00 | 557.00 | -11.00 |
| 13 | Central Finance Co. Ltd. | 1265.00 | 143.00 | 141.00 | 141.00 | -2.00 |
| 14 | Century Commercial Bank Ltd. | 86731.00 | 207.00 | 198.00 | 202.00 | 3.00 |
| 15 | Chhimek Laghubitta Bikas Bank Limited | 4345.00 | 1064.00 | 1020.00 | 1020.00 | -24.00 |
| 16 | Chhyangdi Hydropower Ltd. | 40.00 | 180.00 | 177.00 | 180.00 | 6.00 |
| 17 | Chilime Hydropower Company Limited | 5715.00 | 890.00 | 877.00 | 877.00 | -14.00 |
| 18 | Citizen Bank International Limited | 22504.00 | 292.00 | 283.00 | 285.00 | -3.00 |
| 19 | Citizen Investment Trust | 398.00 | 3550.00 | 3500.00 | 3500.00 | -1.00 |
| 20 | Civil Bank Ltd | 31438.00 | 182.00 | 175.00 | 175.00 | -4.00 |
| 21 | Civil Laghubitta Bittiya Sanstha Ltd. | 586.00 | 860.00 | 816.00 | 817.00 | -27.00 |
| 22 | Deprosc Development Bank Limited | 3423.00 | 880.00 | 850.00 | 854.00 | -11.00 |
| 23 | Deva Bikas Bank Limited | 17342.00 | 190.00 | 182.00 | 183.00 | -2.00 |
| 24 | Dibyashwori Hydropower Ltd. | 166.00 | 140.00 | 138.00 | 138.00 | -2.00 |
| 25 | Everest Bank Limited | 23017.00 | 894.00 | 858.00 | 860.00 | 0.00 |
| 26 | Everest Bank Limited Con. Pref. | 14.00 | 700.00 | 700.00 | 700.00 | 0.00 |
| 27 | Everest Insurance Co. Ltd. | 1800.00 | 1665.00 | 1605.00 | 1610.00 | -23.00 |
| 28 | Excel Development Bank Ltd. | 3280.00 | 381.00 | 370.00 | 370.00 | -7.00 |
| 29 | First Micro Finance Dev. Bank Ltd. | 11454.00 | 607.00 | 580.00 | 580.00 | -12.00 |
| 30 | Forward Com. Mic. Bittiya Sanstha Ltd. | 768.00 | 3450.00 | 3336.00 | 3360.00 | -35.00 |
| 31 | Gandaki Bikas Bank Limited | 11682.00 | 247.00 | 240.00 | 240.00 | -2.00 |
| 32 | Garima Bikas Bank Limited | 17316.00 | 208.00 | 198.00 | 202.00 | 2.00 |
| 33 | Global IME Bank Limited | 41861.00 | 337.00 | 326.00 | 331.00 | 0.00 |
| 34 | Global IME Lag. Bittiya Sanstha Ltd. | 199.00 | 1570.00 | 1500.00 | 1500.00 | -40.00 |
| 35 | Global IME Samunnat Scheme-1 | 18000.00 | 9.99 | 9.79 | 9.99 | 0.00 |
| 36 | Goodwill Finance Co. Ltd. | 2220.00 | 155.00 | 151.00 | 151.00 | 0.00 |
| 37 | Guheshowori Mer. Bank & Fin. Co. Ltd. | 110.00 | 164.00 | 161.00 | 161.00 | 0.00 |
| 38 | Gurans Life Insurance Company Ltd. | 5073.00 | 960.00 | 918.00 | 925.00 | -25.00 |
| 39 | Gurkhas Finance Ltd. | 518.00 | 141.00 | 139.00 | 139.00 | -4.00 |
| 40 | Hamro Bikas Bank Ltd. | 3271.00 | 169.00 | 160.00 | 164.00 | 4.00 |
| 41 | Himalayan Bank Limited | 3754.00 | 681.00 | 665.00 | 665.00 | -2.00 |
| 42 | Himalayan Distillery Limited | 740.00 | 1217.00 | 1200.00 | 1200.00 | -40.00 |
| 43 | Himalayan General Insurance Co. Ltd | 22183.00 | 523.00 | 500.00 | 500.00 | -1.00 |
| 44 | Himalayan Power Partner Ltd. | 600.00 | 370.00 | 356.00 | 359.00 | -13.00 |
| 45 | ICFC Finance Limited | 932.00 | 210.00 | 207.00 | 208.00 | -3.00 |
| 46 | IME General Insurance Ltd. | 1002.00 | 1024.00 | 985.00 | 990.00 | 5.00 |
| 47 | Jalabidyut Lagani tatha Bikas Co. Ltd. | 3381.00 | 171.00 | 165.00 | 165.00 | -4.00 |
| 48 | Janata Bank Nepal Ltd. | 69955.00 | 191.00 | 180.00 | 180.00 | -4.00 |
| 49 | Janautthan Sam. Lag. Bikas Bank Ltd. | 6.00 | 0.00 | 0.00 | 0.00 | 0.00 |
| 50 | Jebils Finance Ltd. | 683.00 | 125.00 | 123.00 | 123.00 | 2.00 |
| 51 | Jyoti Bikas Bank Limited | 15600.00 | 167.00 | 160.00 | 160.00 | -6.00 |
| 52 | Kailash Bikas Bank Ltd. | 9104.00 | 256.00 | 240.00 | 240.00 | -6.00 |
| 53 | Kalika Microcredit Dev. Bank Ltd. | 3289.00 | 1400.00 | 1330.00 | 1330.00 | -23.00 |
| 54 | Kamana Sewa Bikas Bank Limited | 12374.00 | 173.00 | 167.00 | 167.00 | -3.00 |
| 55 | Kanchan Development Bank Limited | 10.00 | 219.00 | 219.00 | 219.00 | 4.00 |
| 56 | Kankai Bikas Bank Ltd. | 1990.00 | 155.00 | 151.00 | 151.00 | -1.00 |
| 57 | Karnali Development Bank Limited | 1825.00 | 136.00 | 133.00 | 133.00 | -2.00 |
| 58 | Khanikhola Hydropower Co. Ltd. | 220.00 | 143.00 | 139.00 | 141.00 | -2.00 |
| 59 | Kisan Microfinance Bittiya Sanstha Ltd. | 292.00 | 1580.00 | 1570.00 | 1570.00 | -26.00 |
| 60 | Kuber Merchant Finance Limited | 100.00 | 188.00 | 188.00 | 188.00 | 1.00 |
| 61 | Kumari Bank Limited | 54832.00 | 290.00 | 278.00 | 278.00 | -2.00 |
| 62 | Laxmi Bank Limited | 11443.00 | 275.00 | 270.00 | 270.00 | 0.00 |
| 63 | Laxmi Laghubitta Bittiya Sanstha Ltd. | 1960.00 | 1310.00 | 1274.00 | 1295.00 | -16.00 |
| 64 | Life Insurance Co. Nepal | 1424.00 | 1960.00 | 1900.00 | 1900.00 | -33.00 |
| 65 | Lumbini Bikas Bank Ltd. | 18244.00 | 175.00 | 168.00 | 169.00 | -5.00 |
| 66 | Lumbini General Insurance Co. Ltd. | 12821.00 | 615.00 | 593.00 | 607.00 | 5.00 |
| 67 | Machhapuchhre Bank Limited | 15923.00 | 274.00 | 263.00 | 263.00 | -6.00 |
| 68 | Mahalaxmi Bikas Bank Ltd. | 2323.00 | 194.00 | 190.00 | 190.00 | -5.00 |
| 69 | Mahila Sahayatra Mic. Bittiya Sanstha Ltd. | 445.00 | 810.00 | 788.00 | 788.00 | -22.00 |
| 70 | Mahuli Samudayik Laghubitta Sanstha Ltd. | 120.00 | 3009.00 | 2893.00 | 2895.00 | -59.00 |
| 71 | Manjushree Finance Ltd. | 200.00 | 144.00 | 142.00 | 142.00 | -4.00 |
| 72 | Mero Microfinance Bittiya Sanstha Ltd. | 2394.00 | 1430.00 | 1359.00 | 1359.00 | -69.00 |
| 73 | Mirmire Microfinance Dev. Bank Ltd. | 100.00 | 3060.00 | 3050.00 | 3060.00 | 20.00 |
| 74 | Miteri Development Bank Limited | 2075.00 | 326.00 | 309.00 | 309.00 | -7.00 |
| 75 | Mithila LaghuBitta Bikas Bank Ltd. | 306.00 | 1052.00 | 1012.00 | 1020.00 | 27.00 |
| 76 | Muktinath Bikas Bank Ltd. | 27540.00 | 456.00 | 437.00 | 440.00 | -8.00 |
| 77 | Multipurpose Finance Company Limited | 303.00 | 306.00 | 299.00 | 300.00 | -12.00 |
| 78 | Nabil Balance Fund 1 | 11169.00 | 16.90 | 16.89 | 16.90 | 0.00 |
| 79 | Nabil Bank Limited | 19540.00 | 1126.00 | 1106.00 | 1112.00 | 8.00 |
| 80 | NABIL Bank Limited Promotor Share | 6552.00 | 875.00 | 856.00 | 856.00 | -9.00 |
| 81 | Nabil Equity Fund | 7724.00 | 9.91 | 9.90 | 9.91 | -0.07 |
| 82 | NagBeli LaghuBitta Bikas Bank Ltd. | 488.00 | 2532.00 | 2450.00 | 2450.00 | -35.00 |
| 83 | National Hydro Power Company Limited | 9400.00 | 114.00 | 108.00 | 109.00 | -6.00 |
| 84 | National Life Insurance Co. Ltd. | 6217.00 | 1534.00 | 1490.00 | 1490.00 | -30.00 |
| 85 | National Microfinance Bittiya Sanstha Ltd. | 372.00 | 2400.00 | 2320.00 | 2320.00 | -38.00 |
| 86 | Naya Nepal Laghubitta Bikas Bank Ltd. | 70.00 | 2385.00 | 2380.00 | 2380.00 | 0.00 |
| 87 | Neco Insurance Co. Ltd. | 14378.00 | 633.00 | 600.00 | 600.00 | -9.00 |
| 88 | Nepal Bangladesh Bank Limited | 29940.00 | 267.00 | 256.00 | 258.00 | 0.00 |
| 89 | Nepal Bank Limited | 60388.00 | 367.00 | 354.00 | 354.00 | -6.00 |
| 90 | Nepal Community Development Bank Ltd. | 120.00 | 144.00 | 140.00 | 144.00 | 2.00 |
| 91 | Nepal Credit And Com. Bank Limited | 24656.00 | 333.00 | 320.00 | 324.00 | -4.00 |
| 92 | Nepal Doorsanchar Comapany Limited | 5695.00 | 768.00 | 755.00 | 755.00 | -11.00 |
| 93 | Nepal Grameen Bikas Bank Ltd. | 2470.00 | 686.00 | 653.00 | 656.00 | -19.00 |
| 94 | Nepal Hydro Developers Ltd. | 520.00 | 222.00 | 211.00 | 211.00 | -7.00 |
| 95 | Nepal Insurance Co. Ltd. | 577.00 | 1315.00 | 1270.00 | 1270.00 | -45.00 |
| 96 | Nepal Investment Bank Limited | 40995.00 | 694.00 | 683.00 | 687.00 | 4.00 |
| 97 | Nepal Investment Bank Ltd. Pro. Share | 8100.00 | 605.00 | 596.00 | 596.00 | -5.00 |
| 98 | Nepal Life Insurance Co. Ltd. | 10168.00 | 1859.00 | 1790.00 | 1791.00 | -33.00 |
| 99 | Nepal SBI Bank Limited | 10335.00 | 610.00 | 594.00 | 594.00 | -6.00 |
| 100 | Nerude Laghubita Bikas Bank Limited | 3506.00 | 808.00 | 775.00 | 780.00 | -10.00 |
| 101 | Ngadi Group Power Ltd. | 440.00 | 235.00 | 227.00 | 229.00 | -5.00 |
| 102 | NIBL Pragati Fund | 13992.00 | 9.69 | 9.31 | 9.50 | 0.00 |
| 103 | NIBL Samriddhi Fund 1 | 3000.00 | 12.00 | 12.00 | 12.00 | 0.12 |
| 104 | NIC Asia Bank Ltd. | 31366.00 | 364.00 | 350.00 | 360.00 | 3.00 |
| 105 | Nirdhan Utthan Bank Limited | 2830.00 | 1260.00 | 1213.00 | 1213.00 | 0.00 |
| 106 | NLG Insurance Company Ltd. | 1823.00 | 1041.00 | 1006.00 | 1006.00 | -15.00 |
| 107 | NMB Microfinance Bittiya Sanstha Ltd. | 27.00 | 1757.00 | 1757.00 | 1757.00 | -35.00 |
| 108 | NMB Bank Limited | 17687.00 | 490.00 | 475.00 | 475.00 | -6.00 |
| 109 | NMB Hybrid Fund L-1 | 23298.00 | 10.00 | 10.00 | 10.00 | 0.10 |
| 110 | NMB Sulav Investment Fund-1 | 27965.00 | 12.99 | 12.85 | 12.99 | 0.39 |
| 111 | Om Development Bank Ltd. | 15499.00 | 237.00 | 225.00 | 229.00 | 0.00 |
| 112 | Oriental Hotels Limited | 400.00 | 675.00 | 663.00 | 663.00 | 0.00 |
| 113 | Pokhara Finance Ltd. | 2150.00 | 168.00 | 162.00 | 162.00 | -3.00 |
| 114 | Prabhu Bank Limited | 38574.00 | 245.00 | 233.00 | 234.00 | -4.00 |
| 115 | Prabhu Insurance Ltd. | 14175.00 | 800.00 | 767.00 | 770.00 | -9.00 |
| 116 | Premier Insurance Co. Ltd. | 988.00 | 1350.00 | 1285.00 | 1305.00 | -45.00 |
| 117 | Prime Commercial Bank Ltd. | 21906.00 | 319.00 | 310.00 | 314.00 | 1.00 |
| 118 | Prime Life Insurance Company Limited | 5987.00 | 1715.00 | 1685.00 | 1690.00 | -19.00 |
| 119 | ProgressiveFinance Limited | 1270.00 | 208.00 | 196.00 | 196.00 | -16.00 |
| 120 | Prudential Insurance Co. Ltd. | 2995.00 | 815.00 | 790.00 | 790.00 | 0.00 |
| 121 | Purnima Bikas Bank Ltd. | 1197.00 | 213.00 | 202.00 | 202.00 | -11.00 |
| 122 | Rastriya Beema Company Limited | 492.00 | 13780.00 | 13400.00 | 13410.00 | -100.00 |
| 123 | Rastriya Beema Company Ltd Pro. Share | 856.00 | 13150.00 | 12800.00 | 12800.00 | -96.00 |
| 124 | Ridi Hydropower Dev. Company Ltd. | 1992.00 | 147.00 | 144.00 | 144.00 | -1.00 |
| 125 | RSDC Laghubitta Bittiya Sanstha Ltd. | 6278.00 | 950.00 | 884.00 | 884.00 | -43.00 |
| 126 | Rural Microfinance Dev. Centre Ltd. | 2018.00 | 678.00 | 664.00 | 670.00 | -13.00 |
| 127 | Sagarmatha Insurance Co. Ltd. | 936.00 | 1412.00 | 1385.00 | 1412.00 | 16.00 |
| 128 | Sahayogi Bikas Bank Limited | 400.00 | 225.00 | 217.00 | 217.00 | -12.00 |
| 129 | Sana Kisan Bikas Bank Ltd | 4866.00 | 1255.00 | 1212.00 | 1218.00 | -36.00 |
| 130 | Sanima Bank Limited | 73597.00 | 380.00 | 365.00 | 369.00 | -1.00 |
| 131 | Sanima Mai Hydropower Ltd. | 20529.00 | 407.00 | 395.00 | 395.00 | -10.00 |
| 132 | Saptakoshi Development Bank Ltd. | 300.00 | 138.00 | 138.00 | 138.00 | -1.00 |
| 133 | Shangrila Development Bank Ltd. | 7842.00 | 199.00 | 192.00 | 195.00 | 2.00 |
| 134 | Shikhar Insurance Co. Ltd. | 4991.00 | 1238.00 | 1190.00 | 1190.00 | -35.00 |
| 135 | Shine Resunga Development Bank Ltd. | 7881.00 | 316.00 | 299.00 | 300.00 | -10.00 |
| 136 | Shree Investment Finance Co. Ltd. | 1210.00 | 255.00 | 245.00 | 245.00 | -1.00 |
| 137 | Shrijana Finance (Bittaya Sanstha) | 90.00 | 303.00 | 303.00 | 303.00 | -6.00 |
| 138 | Siddhartha Bank Limited | 48946.00 | 375.00 | 362.00 | 365.00 | 1.00 |
| 139 | Siddhartha Equity Fund | 11500.00 | 9.60 | 9.60 | 9.60 | -0.20 |
| 140 | Siddhartha Equity Orineted Scheme | 1000.00 | 12.30 | 12.30 | 12.30 | 0.06 |
| 141 | Siddhartha Insurance Ltd. | 3222.00 | 956.00 | 927.00 | 927.00 | -23.00 |
| 142 | Sindhu Bikash Bank Ltd | 2366.00 | 152.00 | 149.00 | 149.00 | -3.00 |

Total Amount Rs. 590,660,013 Total Quantity 1,429,359 Total No of Transactions 7,182

ज्योति

हिमाल स्टील आजको भाउ

| | टोरस्टिल | | | टि. एम. टि. टेम्पकोर | | | टोरकारी | एनिल्ड |
|---|---|---|---|---|---|---|---|---|
| | ८ मि.मि. | १०-२० मि.मि. | २५-३२ मि.मि. | ८ मि.मि | १०-२० मि.मि | २५-३२ मि.मि. | ४.७५-७ मि.मि. | |
| काठमाडौं | ७९.८५ | ७८.८५ | ८१.३५ | ८०.३५ | ७७.३५ | ७९.८५ | ७९.६५ | ८९.२२ |
| बीरगंज | ७७.९५ | ७६.९५ | ७९.४४ | ७८.४५ | ७५.४५ | ७७.९४ | ७७.७५ | ८७.४२ |
| विराटनगर | ७८.४५ | ७७.४५ | ७९.९४ | ७८.९५ | ७५.९५ | ७८.४४ | ७८.२५ | ८८.०२ |

• अन्तः शुल्क/भ्याट बाहेक प्रति किलो मूल्य • १००० के.जी. माथि नेपालभरि फ्रि होम डेलिभरी
• अन्य ठाउँको मूल्य नजीकको डिपोबाट लिनु होला । तौलमा हुक र चुरा समावेश छ ।

RHINO GUARANTEED DUCTILITY 500D

बिक्री मूल्य रू. प्रति किलोग्राम

| स्थानहरु | राईनो स्टील | | | |
|---|---|---|---|---|
| | ८ एम.एम | १०-२० एम.एम | २५ एम.एम | २८-३२ एम.एम |
| काठमाडौं, भक्तपुर, ललितपुर, बनेपा | ८५ | ८२ | ८५ | ८५ |
| सिमरा, वीरगञ्ज, कलैया, हेटौंडा | ८३।४० | ८०।४० | ८३।४० | ८३।४० |
| मलंगवा, जनकपुर, नारायणघाट | ८४ | ८१ | ८४ | ८४ |
| लाहान, विराटनगर, धरान, इटहरी, बुटवल, भैरहवा, कृष्णनगर | ८४ | ८१ | ८४ | ८४ |
| विर्तामोड, दमक, नेपालगञ्ज, धनगढी | ८५ | ८२ | ८५ | ८५ |
| पोखरा, स्याङ्जा | ८५ | ८२ | ८५ | ८५ |

नोटः उपरोक्त मूल्यमा १ रुपैयाँ प्रति के. जी. अन्तशुल्क र १३% मु.अ.कर थप लाग्नेछ।

नेपालमा पहिलो पटक, नेपालकै लागि

Available at : Samakhushi (01-4384786), Sanobharang (9841356008), Satungal (9841687562), Dhumbarai (01-4446169), Sanepa (01-5555259, 01-5525049 ), Bhaktapur (01-6616205), Banepa (9851054994), NGT (056-570695), Parsa Chitwan (9855055795), Bardibas (044-550702), Birtamode (9842871718), Balkhu (01-4450166, 9851120096), Pokhara (9845494757), Gwarko (01-5200333, 9851027694), Dakshindhoka, Jorpati (9851007467), Sallaghari (9851118515), Janakpur (9844104194, 9854020183, 9854026965), Birgunj (9855025151), Sitapaila (9851133746), Kalanki (9851152480), Melamchi (9851058093), Sukute (9851089323), Dharan (9852056372), Biratnagar (9852020186, 9842360444), Itahari (9852020953), Hetauda (9855067550, 9845030450)

SAURABH GROUP
NS: 191
लक्ष्मी स्टील
नेपालमै ग्यारेण्टेड नं. 1 क्वालिटी

नेपालकै एक मात्र
यूरोपियन भि आर एम मेसिनबाट उत्पादित
सर्वोत्तम सिमेन्ट
सर्वोत्तम भविष्य
OPC PSC



## निक्षेप रकम उपर हकदाबी गर्न आउने ३५ दिने सूचना

काभ्रेपलाञ्चोक जिल्ला, कुरुवास चापाखोरी गा.वि.स. वडा नं. १ जन्मस्थान भई हाल काभ्रेपलाञ्चोक जिल्ला, तेमाल गा.पा. वडा नं.७ बस्ने सार्की मान लामाको नाति सोभितमान लामाको छोरा, ठुली तामाङको पति बर्ष ७० को **दावा लामा (ना.प्र.प.नं.** ३०-०१-०६७-८६७०/२५३९/८२९ **जारी मिति २०६७/०५/१८, जारी गर्ने कार्यालय : जि.प्र.का.** काभ्रेपलाञ्चोक) को यहि मिति २०७४/०७/२८ गते मृत्यु भएकाले यस बैंकमा रहेको निज मृतकको **बचत खाता नं. ०२३०००१७०७००११** मा भएको रकम भुक्तानी पाउँ भनी निज मृतकका पत्नी श्रीमती ठुली तामाङले यस बैंक समक्ष निवेदन दिनु भएको हुँदा निज खातावालाको नाममा यस बैंकमा रहेको रकममा कसैको हकदाबी भए बैंक तथा वित्तिय संस्था सम्बन्धि ऐन, २०७३ को दफा १११ बमोजिम अग्राधिकारवाला हकदारहरुले यो सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र आफ्नो हकदाबीको सबूत प्रमाण सहित यस बैंकको बनेपा शाखा कार्यालयमामा हकदाबी गर्न आउनुहोला । उक्त म्याद भित्र हकदाबी गर्न नआएमा बैंक तथा वित्तिय संस्था सम्बन्धि ऐन, २०७३ बमोजिम भई जाने हुँदा यो सूचना प्रकाशित गरिएको छ । रित पुर्वक उल्लेखित म्याद भित्र दाबी गर्न नआएमा पछि कुनै उजुर नलाग्ने व्यहोरा समेत यसै सुचना बाट सम्बन्धित सबैलाई जानकारी गराईन्छ ।

सिभिल बैंक लिमिटेड
CIVIL BANK LTD.
Thinking forward Moving forward

बनेपा शाखा कार्यालय, बनेपा
फोन नं.: ०११-६६०३८३, ०११-६६०३८४

## विनिमय दर

नेपाल राष्ट्र बैंक
केन्द्रीय कार्यालय
विदेशी विनिमय व्यवस्थापन विभाग

२०७४ फागुन ७, फेब्रुअरी १९, २०१८

### खुला बजार विनिमय दर नेपाल राष्ट्र बैंकको

| | खरिद दर | बिक्री दर |
|---|---|---|
| भारतीय रूपियाँ १०० को रू. | १६०.०० | १६०.१५ |
| अमेरिकी डलर १ का रू. | १०२।४४ | १०३।०४ |
| युरो १ को रू. | १२७।१० | १२७।८४ |
| पाउन्ड स्टर्लिङ १ को रू. | १४३।७० | १४४।५४ |
| स्विस फ्रन्क १ को रू. | ११०।४२ | १११।०६ |
| अस्ट्रलियन डलर १ को रू. | ८१।०७ | ८१।५४ |
| क्यानाडियन डलर १ को रू. | ८१।६३ | ८२।११ |
| सिङ्गापुर डलर १ को रू. | ७८।०८ | ७८।५४ |
| जापानी यन १० को रू. | ९।६४ | ९।६९ |
| चिनियाँ युआन १ को रू. | १६।१४ | १६।२३ |
| साउदी अरब रियाल १ को रू. | २७।३२ | २७।४८ |
| कतारी रियाल १ को रू. | २८।१४ | २८।३० |
| थाई भाट १ को रू. | ३।२७ | ३।२९ |
| सं. अरब इमिरट दिराम १ को रू. | २७।८९ | २८।०५ |
| मलसियन रिङ्गिट १ को रू. | २६।३० | २६।४६ |
| दक्षिण कारियन वन १०० को रू. | ९।६० | ९।६६ |

**खरिद दर**

| | खरिद दर |
|---|---|
| स्विडिस क्रोनर १ का रू. | १२।८६ |
| डेनिस क्रानर १ का रू. | १७।०६ |
| हङकङ डलर १ का रू. | १३।१० |

**नोट** : वर्तमान व्यवस्थाअन्तर्गत वणिज्य बैंकहरूले तोकेका खुला बजार विनिमय दर भने फरक हुन सक्नेछ। चिनियाँ युआन चिनियाँ पर्यटक, नेपाली निर्यातकर्ता तथा आयातकर्ता, चीन भ्रमणमा जाने नेपाली नागरिकहरू र चीनमा अध्ययन गर्ने विद्यार्थीसँग मात्र खरिद/बिक्री गर्न पाइने।

२०७४ फागुन
सोमबार
७

राष्ट्रसंघका ३ वटा सूचांकमध्ये २ वटामा नेपाल उत्तीर्ण हुने अवस्था रहेकोमा संयुक्त राष्ट्रसंघीय सचिवालय नेपालको स्तरोन्नती गर्न सकिने मनसायमा थियो। तर, भूकम्प, नाकाबन्दीलगायत विपत्तिबाट सिर्जित अवस्था तथा मुलुकमा जारी संक्रमणको पृष्ठभूमिमा स्तरोन्नती हुन सरकार इच्छुक नदेखिएको हो।

अर्थ

# 'विकासशील देश हुन नेपालले नै चाहेन'

**नेपाल समाचारपत्र**
काठमाडौं

अन्तर्राष्ट्रियस्तरबाट प्राप्त हुने आर्थिक सहयोग गुमाउने डरले नेपालले अल्पविकसित मूलक (लिस्ट डेभलपड् कन्ट्रीज) एलसडीसी) बाट माथि नउठ्ने इच्छा देखाएको छ। संयुक्त राष्ट्रसंघ तथा अन्तर्राष्ट्रिय समुदायले नेपाललाई एलडीसीबाट स्तरोन्नती गर्ने विभिन्न आधार तयार भइरहेको बताइरहँदा नेपालले भने सन् २०१८ मै विकासशील राष्ट्र बन्न नचाहेको हो।

राष्ट्रसंघको ३ वटा सूचांकमध्ये २ वटामा नेपाल उत्तीर्ण हुने अवस्था रहेकोमा संयुक्त राष्ट्रसंघीय सचिवालय नेपालको स्तरोन्नती गर्न सकिने मनसायमा थियो। तर, भूकम्प, नाकाबन्दीलगायत विपत्तिबाट सिर्जित अवस्था तथा मुलुकमा जारी संक्रमणको पृष्ठभूमिमा स्तरोन्तती हुन सरकार इच्छुक नदेखिएको हो।

राष्ट्रिय योजना आयोगका अनुसार नेपालले अतिकम विकसित मुलुकको सूचीबाट माथि उठ्न नचाहेको स्पष्ट धारणा राखेको हो। आयोगका उपाध्यक्ष डा. स्वर्णीम वाग्लेले अन्तर्राष्ट्रिय समुदायको 'एक्सपर्टिज'ले मागेको सुझावमा नेपाल तत्कालै अतिकम विकसितको मुलुकबाट स्तरोन्ती हुन नचाहेको जानकारी दिनुभयो।

आइतबार आयोगको कार्यालयमा आयोजित पत्रकार भेटघाटमा उपाध्यक्ष वाग्लेले सन् २०१८ मै अतिकम विकसित मुलुकबाट नेपाल स्तरोन्नती हुन तयार नभएको जानकारी दिनुभएको हो। नेपाल कुल राष्ट्रिय आयमा कमजोर भए पनि मानव सम्पत्ति तथा आर्थिक जोखिम सूचांकमा सन्तोषजनक रहेको अवस्थामा अहिले नै एलडीसीबाट स्तरोन्नती हुन नसक्ने दाबीलाई सहयोग गर्न नेपालले विभिन्न तथ्यांकीय आधारसमेत पेस गरेको उहाँको भनाइ छ।

वाग्लेले एलडीसीबाट स्तरोन्नती हुन नेपाल सक्षम रहेको राष्ट्रसंघबाट आएको शर्तमै नेपालले प्रश्न उठाएको जानकारी दिनुभयो। नेपालले भोगेका भूकम्प, नाकाबन्दी, बाढीलगायत प्राकृतिक प्रकोप तथा संक्रमणलाई पुरानो सूचांकको आधार लिएर एलडीसीबाट स्तरोन्नती हुन नसक्ने कारण उक्त समीक्षा पुनरावलोकन गर्न जरूरी रहेको औंल्याएको उहाँको दाबी छ।

कार्यक्रममा उहाँले भन्नुभयो- 'सन् १९६०/७० को दशकमा अफ्रिकी मुलुकलाई हेरेर बनाइएको आर्थिक जोखिम सूचांकका सम्बन्धमा नेपालले प्रतिप्रश्न गरेको छ।' वाग्लेका अनुसार राजनीतिक, 'इकोनोमिक भल्नराबिलिटी इन्डेक्स'(ईभीआई), ह्युमन एसेट्स इन्डेक्स (एचएआई) लगायतले नेपाल स्तरोन्नती हुन सक्ने देखाएको छ। तर, भूकम्प तथा नाकाबन्दीसँगै राजनीतिक संक्रमणका कारण सिर्जना भएका ठूला-ठूला भल्नाराबिलिटीले तत्काल स्तरोन्ती हुन नचाहेको धारणा राखेको जानकारी दिनुभयो। 'यद्यपि, स्तरोन्नतीका विषयमा आगामी मार्चमा हुने सम्मेलनले अन्तिम रूप दिनेछ।' वाग्लेको भनाइ थियो।

पछिल्ला वर्षमा नेपाललाई एलडीसी स्तरोन्नतीको माहोल र दबाब दुवै रहेको छ। सन् २०२२ सम्म नेपाल विकासशील राष्ट्रमा स्तरोन्नति हुने लक्ष्य लिए पनि त्यसभन्दा अघि नै नेपाल माथि उठ्न नचाहेको हो।

### दिगो विकास लक्ष्य रोडम्याप तयार

आयोगले '१४ वर्षे दिगो विकास लक्ष्य'को स्थिति तथा रोडम्याप पनि सार्वजनिक गरेको छ। नेपालले पहिलोपटक दिगो विकास लक्ष्य हासिल गर्ने रोडम्याप तयार पारेको हो।

दिगो विकास लक्ष्य हासिल गर्ने संयुक्त राष्ट्रसंघको घोषणा कार्यान्वयन गर्न नेपालको मौलिक पहिचानसहितको मार्गचित्र तयार पारिएको हो।

रोडम्याप सार्वजनिक गर्दै उपाध्यक्ष डा. वाग्लेले नेपालले आफ्नै मौलिक पहिचान झल्कने गरी दिगो विकास लक्ष्य हासिल गर्ने मार्गचित्र तयार पारिएको जानकारी दिनुभयो। मार्गचित्रमा नेपालको विकास, त्यसका लागि आवश्यक लगानी र त्यसलाई कार्यान्वयनमा लैजाने संघ, संस्थाको सम्भाव्यता अध्ययन गर्नुपर्ने विषयलाई जोड दिइएको छ। नेपालको आर्थिक, सामाजिक र पर्यावरणीय क्षेत्रको दिगो विकास गरेर मात्रै दिगो विकास लक्ष्य हासिल गर्न सकिने अवधारणा मार्गचित्रमा उल्लेख गरिएको पनि उपाध्यक्ष डा.वाग्लेले स्पष्ट पार्नुभयो। मार्गचित्रमा दिगो विकास लक्ष्य हासिल गर्नका लागि नेपालका हालसम्म पनि तथ्यांक संकलनको कामले निरन्तरता पाउन नसकेको उल्लेख गरिएको छ।

त्यसैगरी जनसंख्याको समेत एकीन विवरण नहुनु भनेको दिगो विकास लक्ष्य हासिल गर्न चुनौती रहेको कुरा मार्गचित्रमा समावेश गरिएको छ।

संयुक्त राष्ट्रसंघले दिगो विकास लक्ष्य हासिल गर्न राखेको १७ मूल लक्ष्य हासिल गर्न नेपालमा संरचनागत र नीतिगत परिवर्तन गर्नुपर्ने आवश्यक्तामा पनि जोड दिइनुपर्ने मार्गचित्रमा उल्लेख छ।

## उपाध्यक्ष वाग्लेद्वारा राजीनामा

काठमाडौं, (नेस)

राष्ट्रिय योजना आयोगका उपाध्यक्ष डा. स्वर्णीम वाग्लेले राजीनामा दिनुभएको छ। डा. वाग्लेले सरकारको आर्थिक सल्लाकारका रूपमा रहेको आयोग उपाध्यक्षको पद नयाँ सरकार गठनसँगै परिवर्तन हुने प्रचलनअनुसार पदबाट राजीनामा दिनुभएको हो। उहाँको राजीनामा आइतबारको मन्त्रिपरिषद्ले स्वीकृतसमेत गरेको छ।



करिब ६ महिना उपाध्यक्ष रहनुभएका वाग्लेले आफ्नो कार्यकालमा आयोगलाई पुनर्संरचना गर्दै थिंक ट्यांकका रूपमा अगाडि बढाउने काम गरेको दाबी गर्नुभयो। वाग्लेले नयाँ सरकारलाई कार्यसम्पादन गर्न सहज होस् भन्ने आशयका साथ उपाध्यक्षबाट राजीनामा गर्ने घोषणा गर्नुभएको हो।

राजीनामा घोषणा गर्दै वाग्लेले आफ्नो कार्यकालमा आयोगले सञ्चालन गरेका विकास निर्माणका कार्यक्रम तथा नीतिगत विषयबारे जानकारी दिनुभयो।

आयोगले ६ महिनामा आयोगका पुनर्संरचना नीतिगत तथा योजना निर्माण एवम् कार्यान्वयन, दिगो विकास, आर्थिक सुधार, संघीयतामा आयोगको भूमिका, देशभर विविध विषयमा तथ्यांक संकलन, भूइँचालोजस्ता दैवीविपत्तिको प्रभाव मूल्यांकन, केन्द्रीय तथ्यांक विभागको स्तरोन्नती, राष्ट्रिय गौरवका आयोजनाको शीघ्र कार्यान्वयनलगायत विषयमा आयोगले उल्लेखनीय काम गरेको दाबी गर्नुभयो।

# मध्यमर्स्याङ्दी बन्द हुने तर लोडसेडिङ भने नबढ्ने

**नेपाल समाचारपत्र**
काठमाडौं



बाँध मर्मत गर्नुपर्ने भएकाले ७० मेगावाट जडित क्षमताको मध्यमर्स्याङ्दी जलविद्युत् केन्द्र करिब १० दिन बन्द हुने भएको छ। केन्द्रको बाँधको बायाँतर्फको क्षेत्रमा भूक्षयलाई रोक्न राखिको संरचनाको मर्मतका लागि १० फागुनबाट बन्द गर्न लागिएको हो।

मध्यमर्स्याङदी बन्द भए पनि लोडसेडिङ भने गर्नु नपर्ने नेपाल विद्युत प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङले बताउनुभयो। यद्यपि, कुनै समस्या आएमा विद्युत् आपूर्ति कहिलेकाँही अवरुद्ध हुन सक्ने घिसिङले प्रष्ट पार्नु भयो।

उहाँले भन्नुभयो-'यस अवधिमा लोडसेडिङ हुन नदिन कुलेखानी पहिलो र दोस्रो विद्युत् गृह पूर्ण क्षमतामा चलाउनेलगायतका वैकल्पिक व्यवस्थाको बन्दोवस्ती गरिसकेका छौं।' उहाँका अनुसार, कुलेखानी जलाशयमा पानीको सतह १५२१ दशलमलव ९८ मिटर छ, जुन गतवर्षको यही अवधिको तुलनामा करिव ३ दशमलव ८३ मिटर बढी हो। कुलेखानी पहिलोबाट ६० मेगावाट र दोस्रोबाट ३२ मेगावाट गरी ९२ मेगावाट विद्युत् उत्पादन हुन्छ।

मध्यमर्स्याङ्दीको बाँधको बायाँतिरको भागमा पानीले कटान गर्दा पहिले बनाइएको संरचनामा क्षति पुगेको छ। थप क्षति हुन नदिन मर्मत गर्न लागिएको केन्द्र प्रमुख पशुपति गौतमले जानकारी दिनुभयो। 'गत वर्ष नै मर्मत गर्न लागेका थियौं तर भार प्रेषण केन्द्र (एलडीसी)बाट विद्युत व्यवस्थापनमा गाह्रो हुने बताएपछि रोकिएको थियो,' उहाँले भन्नुभयो-'यस वर्ष पनि गरिएन भने थप क्षति पुग्ने देखिएपछि सात दिनभित्र मर्मत सक्ने गरी एलडीसीबाट सट डाउन पाएका छौं।' गौतमका अनुसार, मर्मतको काम २४सै घण्टा तीन सिफ्टमा सञ्चालन हुनेछ।

केन्द्रबाट विद्युत्को माग बढी हुने साँझ र विहान (पिक आवर) मा७० मेगावाट र अन्य समयमा करिब ३० मेगावाट विद्युत् उत्पादन हुन्छ। मध्यमर्स्याङ्दी अर्धजलाशययुक्त (पिकिङ रन अफ रिभर) आयोजना हो।




## पाल्पा महोत्सव शुरू

**नेपाल समाचारपत्र**
पाल्पा

करिब १० करोड रुपियाँबराबरको कारोबार हुने र ५ लाख दर्शकलाई अवलोकन गराउने लक्ष्यका साथ पाल्पा महोत्सवको १२औं संस्करण जिल्ला सदरमुकाम तानसेनमा शुरू भएको छ।

पाल्पामा कृषि, पर्यटन, उद्योग र व्यापारको प्रवर्द्धन गर्ने उद्देश्य आयोजक पाल्पा उद्योग वाणिज्य संघले राखेको छ। महोत्सवमा स्थानीय कृषि उपजका वस्तु पाल्पाका कुटिर उद्योग, अटो मोबाइल, घरेलु हस्तकलाका सामान, स्वास्थ्य चेतनामुलक सन्देशलगायतका ४ सय ६२ वटा स्टल राखिएका छन्। महोत्सवमा जिल्लाबाट उत्पादन हुने वस्तु तथा सेवाको प्रदर्शनी बिक्री वितरणका साथै राष्ट्रिय बहुराष्ट्रिय उत्पादनको समेत प्रदर्शनी गरिएको छ।

पाल्पामा रहेका सांस्कृतिक एवम् धार्मिक सम्पदाको संरक्षण र पर्यटकीय क्षेत्रको विकासका साथै ऐतिहासिक संस्कृतिको जर्गेना गर्ने समेत महोत्सवको लक्ष्य रहेको पाल्पा उद्योग वाणिज्य संघका अध्यक्ष मोहन श्रेष्ठले बताउनुभयो।

महोत्सव आगामी फागुन १३ गतेसम्म सञ्चालन हुनेछ। महोत्सवको उद्घाटन गर्दै नेपाल उद्योग बाणिज्य महासंघका पूर्वअध्यक्ष चण्ढीराज ढकालले स्थानीय क्षेत्रको समग्र विकासका लागि महोत्सव कोशेढुंगा सावित हुने बताउनुभयो।



# पुलिसको रवाफपूर्ण जित

नेपाल समाचारपत्र

हेटौंडा

तेस्रो संस्करणको टुबोर्ग हेटौंडा गोल्डकप फुटबल प्रतियोगितामा नेपाल पुलिस क्लबले आइतबार रवाफपूर्ण जित दर्ता गरेको छ।

घरेलु मैदानमा पाहुना टोली नेपाल पुलिसले हेटौंडाको विजय युथ क्लबलाई ३-० को नमिठो पराजयको स्वाद चखाएको हो। पुलिसको जितमा दुई गोल गरेका अभिषेक रिजाल नायक बने। जितसँगै पुलिसले सेमिफाइनलमा स्थानमा सुरक्षित गरेको छ। फाइनल प्रवेशका लागि पुलिसले थ्रीस्टार क्लब र संकटा क्लबबीचको विजेतासँग प्रतिस्पर्धा गर्नेछ।

शुरूआतबाट सशक्त प्रदर्शन गरेको पुलिसका लागि ११औं मिनेटमा रवि पासवानको सुन्दर पासमा अभिषेक रिजालले गोलको खाता खोलेका थिए। पहिलो हाफ सकिन ५ मिनेट बाँकी रहँदा रिजालले अग्रता दोब्बर पारेका थिए। उनको प्रहारको विपक्षी किपर अशोक बरालले पत्तै पाएनन्। दोस्रो हाफमा




उत्तिकै सशक्त प्रदर्शन गरेको पुलिसका लागि ५९औं मिनेटमा रवि पासवानले गोल गर्दै टिमलाई ३-० को जित दिलाए। ८१औं मिनेटमा विजय युथ हेटौंडाका मनोज विष्टले पुलिसका सब्स्टिच्युट खेलाडी प्रिलेन तामाङलाई धकेलेर अपशब्द बोलेपछि रेफ्री पदमबहादुर भुजेलले रेडकार्ड दिएका थिए।

रेफ्रीले फाउल दिइसकेको अवस्थामा पनि तामाङलाई धकेलेपछि विष्ट मैदान छाड्न बाध्य भए। डिफेन्डर विष्ट रेडकार्ड पाएर मैदान बाहिरिएपछि विजय युथ १० खेलाडीमा सीमित बन्दा विजय युथले खासै 'मुभ' बनाउन सकेन। पुलिसले केही राम्रा मौका खेर फालेको थियो। प्रतियोगिताका म्यान अफ दी म्याच पुलिसका रिजाल भए। उनले नगद ५ हजार पुरस्कार प्राप्त गरे।

विजय युथका प्रशिक्षक सुबिन घिमिरेले नाम चलेका खेलाडी खेले पनि तयारी नपुगेका कारण हार ब्यहोरेको बताए। प्रशिक्षक घिमिरेले खेलाडीबीच 'कम्बिनेसन' नमिलेका कारण हार व्यहोर्नुपरेको बताए। 'पुलिस फिजिकल्ली स्ट्रङ टिम हो।'

## निमा र सुमित्रालाई कांस्य

काठमाडौं, (नेस)

निमा गुरूङ र सुमित्रा खत्रीले संयुक्त अरब इमिरेट्समा भएको ६औं फुजैराह ओपन तेक्वान्दो च्याम्पियनसिपमा कांस्य पदक जितेका छन्।

फुजैराहस्थित शेख जायद स्पोर्टस् सिटीमा भएको खेलमा निमाले ५३ केजी र सुमित्राले ७३ केजी तौल समूहमा कांस्य पदक हात पारेको नेपाली टिमका प्रशिक्षक रोशन खानले जानकारी दिए। सुमित्रा सेमिफाइनलमा काजखकिस्तानसँग यलुबेय एगुलसँग स्तब्ध भएपछि कांस्य पदकमै सीमित भएकी थिइन्।

त्यसअघि क्वार्टरफाइनलमा सुमित्राले युएईकी लतिफा रसुललाई हराउँदै पदक पक्का गरेकी थिइन्।

त्यस्तै महिला ५३ केजी तौलमसमूहको सेमिफाइनलमा नेपालकी निमा जापानकी कियोक नागनोसँग स्तब्ध भएकी थिइन्। त्यसअघि निमाले क्वार्टरफाइनलमा रूक्या अलिलाई हराएकी थिइन्।

## धरहरा

### गाह्रै छ चम्काउन लाली

मुलुक नयाँ मन्त्रीमय भएको छ। केन्द्र, प्रदेश सबैतिर मन्त्री नै मन्त्री। केन्द्रमा भन्दा बढी चुरिफुरी भने प्रदेशका मन्त्रीको बढेको छ। प्रदेशका मन्त्री सपथ लिएबित्तिकै प्रदेशको अनुगमनमा निस्किन थालेका छन्, चुड्कीको भरमा समस्या समाधान गर्छु भने झैं गर्न थाल्या छन्। त्यति मात्र कहाँ हो र, अनेक-अनेक खालका ओठे योजना जनतालाई बाढ्न भ्याइसकेका छन्।

योजना बनाउन के कति बजेट चट्टहन्छ, कति समय अवधि लाग्छ भन्ने कुरो नबुझेपनि योजना सुनाउन चट्टहँ पछि परेका छैनन्, माननीयहरू। केही दिन अघि एक नं प्रदेशका एक मन्त्रीले आफ्नो प्रदेशमा विदेशीलाई 'अन अराइभल' भिषा दिने योजनासमेत सुनाउन भ्याए। माउन्टेन फ्लाइटसहितको सुविधा र त्यस्तो भिषा दिएर विदेशी पर्यटकको चहल-पहल बढाउने रे। विदेशी मुद्रा भित्र्याउने रे।

त्यस्तो खबर सुनेर हो क्यार शनिबार केन्द्रका



वातावरण मन्त्री यादवले पनि आफ्नो कार्यकालमा काठमाडौंलाई मास्करहित शहर बनाउन घोषणा गरे। अवैध रुपमा चलेका क्रसर उद्योग र अबैध रुपमा निकासा भइरहेको रोडा, ढुंगा नियन्त्रण गर्ने योजना पनि सुनाउन भ्याए। विगतमा मन्त्री भइसकेका उनलाई प्रष्ट थाहा हुनुपर्ने हो क्रसर, रोडा, गिटी, ढुंगाको विषय त धेरै मन्त्रालयसँग जेलिएको छ।

त्यसरी जेलिएको गाँठो निकै चल्तीका नेताहरुसँग पनि जोडिएको उनलाई हेक्का छ कि छैन होला ? त्यस्तो गाँठो तोड्न सकेभने मात्रै लालबाबुको ओठमा लाली चम्किएला।

## किङ खानलाई उपाधि

काठमाडौं, (नेस)

दुबईको किङ खान हक्की क्लबले तेस्रो किङ खान इन्डोर पुरुष हक्की प्रतियोगिताको उपाधि आइतबार जितेको छ।

त्रिपुरेश्वरस्थित राष्ट्रिय खेलकुद परिषद्को कभर्डहलमा भएको फाइनलमा किङ खानले नेपाल आर्मी क्लबलाई २-० गोलले पराजित गर्दै लगातार तेस्रोपटक च्याम्पियन बन्यो। किङ खानका लागि दुवै गोल अली राजा खनाले गरे।

आयोजक काठमाडौं हक्की क्लब तेस्रो भयो। शीर्ष तीन स्थान हात पार्नेले क्रमशः २५ हजार, १५ हजार र १० हजार नगद पुरस्कार हात पारे। प्रतियोगितामा नेपालका ७ र दुबईको १ गरी ८ टिम सहभागी थिए।

आयोजक क्लबका अध्यक्ष राजेन्द्र पाठकले वैशाखमा पोखरामा महिला इन्डोर हक्की आयोजना गर्ने जानकारी गराए। उक्त प्रतियोगितामा नेपालका ७ र विदेशी ३ गरी १० टिम सहभागी हुने बताइएको छ।

## ह्वाइटफिल्डमा तेक्वान्दो परीक्षा सम्पन्न

काठमाडौं, (नेस)

ह्वाइटफिल्ड स्कुलमा एकदिने तेक्वान्दो परीक्षा सम्पन्न भएको छ। नेपाल तेक्वान्दो संघको वार्षिक कार्यक्रमअनुसार विभिन्न समयमा हुने तेक्वान्दो ग्रेडिङ खुसिबुस्थित ह्वाइटफिल्ड स्कुल सम्पन्न भएको हो। शनिबार भएको एकदिने ग्रेडिङमा कुल ४२ तेक्वान्दो खेलाडीको सहभागिता रहेको ह्वाइटफिल्ड तेक्वान्दो प्रशिक्षकसमेत रहेका काठमाडौं जिल्ला तेक्वान्दो कार्यसमितिका सचिव कुमार लामा घिसिङले जानकारी दिए। नेपाल तेक्वान्दो संघका सदस्य एवं ग्रेडिङ कमिटीका संयोजक नोर्बु लामा र स्कुलका प्रशिक्षक घिसिङले तेक्वान्दो ग्रेडिङ परीक्षा लिएका थिए।

ह्वाइटफिल्ड मैदानमा सिनियर बेल्टतर्फ १० खेलाडीले पहिलो डान प्राप्त गरेको विद्यालयका तेक्वान्दो प्रशिक्षक घिसिङले जानकारी दिए। पहिलो डान प्राप्त गर्नेमा मोहित राजभण्डारी, एन्चेन शेर्पा, आर्यन खड्गी, अग्रजवीर महर्जन, शुभम् श्रेष्ठ, प्रतिक्षा महर्जन, आकृति श्रेष्ठ, अभिनव श्रेष्ठ, जुविन महर्जन र रोजनलाल श्रेष्ठ छन्।

## शिवम् न्यु डायमन्ड र एपीएफबीच उपाधि भिड्न्त

काठमाडौं, (नेस)

पाँचौं प्रधानमन्त्री कप अन्तराष्ट्रिय महिला भलिबल प्रतियोगिताको उपाधिका लागि शिवम् न्युडायमन्ड एकेडेमी र एपीएफले सोमबार प्रतिस्पर्धा गर्ने भएका छन्।

नेपालगन्ज कभर्ड हलमा भएको सेमिफाइनल खेलमा शिवम् न्युडायमन्डले बंगलादेशको इफाटलाई तथा एपीएफले नेपाल पुलिसलाई समान ३-० को सोझो सेटमा हराउँदै उपाधि भिड्न्त पक्का गरेका हुन्।

नेपालगन्ज कभर्ड हलमा भएको सेमिफाइनलमा शिवम् न्युडायमन्डले बंगलादेशको इफाट ग्रुपमाथि २५-६, २५-६ र २५-८ को सहज जित निकाल्यो। शिवम् न्यु डायमन्डको जितमा ओपन स्पाइकर मञ्जु गुरुङ वुमन अफ द म्याचबाट पुरस्कृत भइन्। नेपाली महिला भलिबलमा महत्वपूर्ण स्पाइकरको रूपमा लामो समयदेखि खेल्दै आएकी मन्जु शिवम् न्युडायमन्डको दोस्रो ओपन स्पाइकरको भूमिकामा छिन्। सेमिफाइनल खेलमा उत्कृष्ट प्रदर्शन गरेकी गुरुङले भनिन्- 'मलाई कुमार गुरुले आफ्नो टिमको सदस्य बनेर खेल्न अनुरोध गर्नुभयो। आफ्नै भूमिमा भएको अन्तर्राष्ट्रिय प्रतियोगितालाई मिस गर्न चाहान्नथें, त्यसैले शिवम् न्यु डायमन्डको सदस्य बनेर खेलेकी हुँ।'

सरस्वती चौधरी वुमन अफ द म्याच भएको अर्को सेमिफाइनल खेलमा एपीएफले नेपाल पुलिस क्लबलाई २५-९, २५-१९, २५-२१ ले हरायो। बाँके जिल्ला भलिबल संघले आयोजना सञ्चालन भएको प्रतियोगिताको बिजेताले २ लाख, उपबिजेताले १ लाख र तेस्रो हुनेले ५० हजार प्राप्त गर्नेछन्।

## डीपीएल-२ लाई श्री एअरलाइन्सको साथ

नेपाल समाचारपत्र

काठमाडौं

आगामी महिना हुने धनगढी प्रिमियर लिग (डीपिएल-२) लाई श्री एअरलाइन्सले साथ दिने भएको छ।

आइतबार डीपीएलको आयोजक धनगढी क्रिकेट एकेडेमी र श्री एअरलाइन्सबीच सम्झौता भएको हो। योसँगै अफिसियल एअरलाइन्स पार्टनरमा श्री एअरलाइन्स जोडिएको छ। सम्झौतामा आयोजकको तर्फबाट अध्यक्ष सुवास शाही र श्री एअरलाइन्सका अपरेसन डारेक्टर कुन्दन गिरीले हस्ताक्षर गरेका थिए।

सम्झौतामा श्री एअरलाइन्सले डीपीएललाई १० लाखबराबरको सहयोग गर्ने उल्लेख गरिएको छ। जसअनुसार साढे ७ लाख नगद र बाँकी रकम अन्य प्रमोसन गतिविधिका लागि सहयोग गरिने डीसीएका अध्यक्ष शाहीले बताए।

सम्झौतापछि श्री एअरलाइन्सका अपरेसनल डाइरेक्टर कुन्दन गिरीले क्रिकेट खेलाडीहरूले पछिल्लो समय गौरव बढाउने काम गरेको बताउँदै डीपीएलसँग जोडिन पाउँदा खुसी लागेको बताए। डीपीएल-२ मा विभिन्न ६ शहरका ६ फ्रेन्चाइज टिमले प्रतिस्पर्धा गर्दै छन्। विजेताले नगद २५ लाख पुरस्कार हात पार्नेछ भने उपविजेताले १० लाख प्राप्त गर्नेछ। यस्तै तेस्रोले ३ लाख तथा चौथोले २ लाख पाउनेछ।

चैत १७ गतेबाट धनगढीमा हुने डीपीएलमा टिम चौराह धनगढी, सीवाईसी अत्तरिया, रूपन्देही च्यालेन्जर्स, महेन्द्रनगर युनाइटेड, काठमाडौं गोल्डेन्स र विराटनगर किंग्सले प्रतिस्पर्धा गर्नेछन्। म्यान अफ दि सिरिजले अपाचे १८० सीसीको मोटरसाइकल प्राप्त गर्नेछ।

### अक्सन बुधबार हुने

आगामी चैत १७ गतेबाट शुरू हुने डीपीएल-२ को अक्सन बुधबार हुँदै छ। अक्सनका लागि खेलाडी दर्ता गर्ने क्रम सकिएको र २ सयभन्दा बढी खेलाडीले नाम दर्ता गरेको आयोजकले जनाएको छ।

अक्सनमा सहभागी हुने खेलाडीलाई ४ वर्गमा राखेर यसअघि नै बेस प्राइजसमेत तोकेको छ। जसअनुसार ए वर्गका लागि बेस प्राइज १ देखि बढीमा १ लाख ५० हजारसम्म बिड गर्न पाउनेछ। यसमा राष्ट्रिय टोलीबाट कम्तिमा १५ खेल खेलेको वा विगत ३ वर्षयता राष्ट्रिय टोलीमा खेल्दै आएका खेलाडी समावेश हुनेछन्।

यस्तै बी वर्गमा बाँकी राष्ट्रिय खेलाडीहरू, राष्ट्रिय टिमको क्याम्पमा परेका तथा यू-१९ राष्ट्रिय खेलाडीहरूलाई समेटिएको छ। उनीहरूको बेस प्राइज ५० हजारदेखि बढीमा १ लाखसम्म रहनेछ।

त्यसबाहेकका बाँकी सबै अनक्याप्ड खेलाडी सी वर्गमा रहेको छ। जसलाई २५ देखि ७५ हजारसम्म बिड गर्न पाउनेछ। यस्तै डी वर्गमा सुदूरपश्चिमका स्थानीय खेलाडीहरू मात्र समावेश गरिएको छ। जसको बेस प्राइज २० देखि भने बढीमा ४० हजारसम्म रहनेछ। यसका लागि आयोजकले सुदूरपश्चिममा ट्यालेन्ट हन्ट गर्दै १२ स्थानीय खेलाडी छनोट गरिसकेका छन्। त्यसबाट सहभागी ६ टिमले एक-एक खेलाडी अनिवार्य लिनुपर्नेछ। यस्तै सहभागी ६ टिमको यसअघि नै रणनीतिक खेलाडी घोषणा भइसकेको छ। प्रत्येक टिमले दुई-दुई विदेशी खेलाडीसमेत अनिवार्य राख्नुपर्नेछ भने बाँकी १२ खेलाडीको टुंगो अक्सनमार्फत गरिनेछ।

## एचएचसीए, भ्याली पब्लिक र पुष्पसदनलाई उपाधि

काठमाडौं, (नेस)

एचएचसीए, भ्याली पब्लिक र पुष्पसदनले सातौं इनोभेटिभ अन्तरविद्यालय बास्केटबल प्रतियोगिताको उपाधि आइतबार जितेका छन्। एचएचसीए सिनियर ब्वाइज, भ्याली पब्लिक सिनियर गर्ल्स तथा पुष्पसदन जुनियर ब्वाइजमा च्याम्पियन बने।

सिनियर गर्ल्समा भ्याली पब्लिकले आयोजक इनोभेटिभलाई १९-१७ को साँघुरो अन्तरले हरायो। भ्याली पब्लिककी सुजु गुरुङले १६ अंक जोडिन्।

जुनियर ब्वाइजको उपाधि भिडन्तमा पुष्पसदनले रेडिअन्टमाथि ३०-२१ को जित दर्ता गर्‍यो। पुष्पसदनका लागि रोजिन महर्जनले १३ स्कोर गरे।




सिनियर ब्वाइजमा एचएचसीएका तेन्जिङ राई, सिनियर गर्ल्समा भ्याली पब्लिककी दृष्टि श्रेष्ठ तथा जुनियर ब्वाइजमा पुष्पसदनका रोजिन महर्जन 'मोस्ट भेलुएबल प्लेयर' चुनिए। सिनियर ब्वाइजमा एआईए, सिनियर गर्ल्समा श्रीदिवा र जुनियर ब्वाइजमा एभरेस्टले अनुशासित टिमको उपाधि हात पारे।

शंखमूलस्थित इनोभेटिभ इङलिस स्कुलद्वारा आयोजित प्रतियोगिताको सिनियर ब्वाइज फाइनलमा एचएचसीएले भ्याली पब्लिकलाई ५९-५४ ले पराजित गर्‍यो। एचएचसीएको जितमा तेन्जिङ राईले १८ अंक योगदान गरे।

माघ २६ गतेदेखि शुरू प्रतियोगिताको सिनियर ब्वाइजमा १६, सिनियर गर्ल्समा ८ र जुनियर ब्वाइजमा १२ टिमले लिग कम नकआउट आधारमा प्रतिस्पर्धा गरेका थिए।

## क्यारेबियन अन्तरकलेज क्रिकेट बुधबारबाट

काठमाडौं, (नेस)

ललितपुरस्थित क्यारेबियन कलेजको आयोजनामा बुधबारबाट क्यारेबियन अन्तर कलेज क्रिकेट प्रतियोगितामा शुरू हुने भएको छ।

आगामी १८ फागुनसम्म सञ्चालन हुने प्रतियोगितामा राजधानीका विभिन्न १६ टोलीको सहभागीता रहने आयोजकले जनाएको छ। प्रतियोगितामा एस इन्स्टिच्युड अफ म्यानेजमेन्ट, एसियन इन्स्टिच्युड अफ टेक्हनोलोजी एन्ड म्यानेजमेन्ट, क्यारेबियन कलेज अफ म्यानेजमेन्ट, कसमोस कलेज अफ इन्जिनियरिङ एन्ड म्यानेजमेन्ट, हेन्रीफोर्ड कलेज अफ इन्फर्मेसन टेक्हनोलोजी, काथफोर्ड इन्जिनियरीङ कलेज, काठमाडौं फरेस्ट्रि कलेज, किङ्स कलेज, नेसनल कलेज अफ इन्फर्मेसन टेक्हनोलोजी, नेपाल कमर्स क्याम्पस, नेपाल इन्जिनियरिङ कलेजको ए र बी टोली, पाटन बहुमुखी क्याम्पस, प्राइम कलेज अफ म्यानेजमेन्ट र युनिग्लोब कलेज अफ म्यानेजमेन्टको टोलीले सहभागीता जनाउने छ।

पुल्चोकस्थित इन्जिनियरिङ कलेजको मैदानमा हुने खेलको बिजेताले १ लाख तथा उप बिजेता टोलीले ५० हजार प्राप्त गर्नेछन्।

## पेम्बाले जिते एकल उपाधि

काठमाडौं, (नेस)

काठमाडौंका पेम्बा शेर्पाले तेस्रो राजन स्मृति अन्तरमदिरा व्यवसायी व्याडमिन्टन च्याम्पियनसिपको पुरुष एकलतर्फको उपाधि हात पार्न सफल भएका छन्।

नेपाल मदिरा व्यवसायी महासंघको आयोजनामा भएको च्याम्पियनसिपमा पेम्बाले माउन्ट एभरेस्ट डिस्टिलरीका विनोद पौडेललाई २१-१८, २१-२२ ले पराजित गर्दै उपाधि हात पारेका हुन्। तेस्रो स्थानमा नेपालगन्जका धनञ्जय खड्का र दाङका टीकाजंग ओली भए।

रुस्लानको मुख्य प्रायोजन रहेको च्याम्पियनसिपको पुरुष जोडीतर्फको खेलमा कास्कीका विरेन्द्रकुमार श्रेष्ठ र संजीवबहादुर कोइरालाको जोडीले दाङका टीकाजंग ओली र सुनिल ओलीको जोडीलाई २१-१४, २१-१५ को सोझो सेटमा पाखा लगाउँदै स्वर्ण हात पारे।

कास्कीका कुमार गुरुङ र रविचन्द्र होना तथा रूपन्देहीका विनोद पौडेल र सुभाष चन्द्र कर्माचार्यको जोडी संयुक्त तेसो भए।

बसुन्धारास्थित बुल्स जिममा भएको च्याम्पियनसिपको भेट्रान्स एकलतर्फ कास्कीका रविचन्द्र होनाले कास्कीकै रितेशबहादुर थापामाथि २१-१८, १४-२१, २१-१८ को जित निकाल्दै विजयी भए। रूपन्देहीका रामप्रसाद गिरी र कास्कीका कुमार गुरुङले कास्य पदक पाए।

विजयी खेलाडीहरूले ट्रफी, प्रमाणपत्रका साथै खेल सामाग्री ब्याडमिन्टन ग्याकेटका साथै विभिन्न प्रायोजकबाट प्राप्त गिफ्ट ह्याम्पर प्राप्त गरे। बाहिर जिल्लाबाट सेमिफाइनल प्रवेश गर्ने खेलाडीहरूलाई टोकनका रूपमा नगद ३ हजार पुरस्कारसमेत प्रदान गरिएको थियो। २ दिने प्रतियोगितामा ४६ खेलाडीहरूको सहभागिता रहेको थियो।

## युनाइटेड क्वाटरफाइनलमा

लन्डन, (एजेन्सी)

इंग्लिस प्रिमियर क्लब म्यानचेस्टर युनाइटेड एफए कपको क्वाटरफाइनलमा प्रवेश गरेको छ।

प्रतियोगिताअन्तर्गत शनिबार हडर्सफिल्डविरुद्ध भएको खेलमा रोमेलु लुकाकुले दुई गोलको योगदान गरेपछि म्यानचेस्टर युनाइटेड २-० ले विजयी हुँदै क्वाटरफाइनलमा प्रवेश गरेको हो। खेलको तेस्रो मिनेटमै लुकाकुले हुवान माटाको पासमा गोल गर्दै युनाइटेडलाई अग्रता दिलाएका थिए। पहिलो हाफ सकिनुअघि माटाले गोल गरे पनि भिडियो सहायक रेफ्री (भीएआर) ले त्यसलाई मान्यता नदिएपछि युनाइटेडको अग्रता दोब्बर हुन सकेन। तर खेलको ५३औं मिनेटमा लुकाकुले दोस्रो गोल गर्दै युनाइटेडको जित सुनिश्चित पारे।

क्वाटरफाइनलमा युनाइटेडले ब्राइटनको सामना गर्ने भएको छ। उक्त खेल युनाइटेडले घरेलु मैदान ओल्ड ट्राफोर्डमा खेल्नेछ। कोभेन्ट्री सिटीलाई ३-१ ले पराजित गर्दै ब्राइटनले क्वाटरफाइनलमा युनाइटेडसँग भेट पक्का गरेको हो।

यसैगरी वेस्टब्रोमलाई २-१ ले पराजित गर्दै साउथह्याम्पटन पनि क्वाटरफाइनलमा पुगेको छ। शनिबार राति नै भएको अर्को खेल गोलरहित बराबरीमा रोकिएपछि स्वान्सी सिटी र सेफिल्ड वेनस्डेले रिप्ले म्याच खेल्नुपर्ने भएका छन्।

### बार्सिलोनाद्वारा आइबर पराजित

स्पेनिस ला लिगाअन्तर्गत शनिबार भएको खेलमा बार्सिलोनाले आइबरलाई २-० ले पराजित गरेको छ।

खेलको ६६औं मिनेटमा पाबियन ओरेलानाले दोहोरो पहेलो कार्ड बेहोर्दै मैदान बाहिरिएपछि आइबर दश खेलाडीमा सीमित भएको थियो। उक्त खेलको १६औं मिनेटमा स्वारेजले गोल गर्दै बार्सिलोनालाई अघि पारेका थिए। यस्तै जोर्डी अल्बाले खेलको ८८औं मिनेटमा दोस्रो गोल गरेका थिए। योसँगै बार्सिलोनाको अपराजित खेलसंख्या ३१ पुगेको छ। सन् २०११ म पनि त्यस्तै लामो अपराजित यात्रा तय गर्दा ग्वार्डिओला टिम प्रशिक्षक रहेका थिए। जितपछि अंक तालिकाको शीर्ष टोली बार्सिलोनाको २४ खेलबाट ६२ अंक भएको छ।

ला लिगाका अन्य खेलमा सेभिया, आल्भेस र भ्यालेन्सियाले जित हासिल गरेका छन्। सेभियाले लस पाल्मासलाई तथा भ्यालेन्सियाले मालागालाई २-१ ले हराउँदा आल्भेसले डेपोर्टिभो ला कोरुनालाई १-० ले पराजित गरे।



# आर्मीको विजयी शुरूआत

नेपाल समाचारपत्र

काठमाडौं

तेस्रो प्रधानसेनापति कप पुरुष राष्ट्रिय भलिबल प्रतियोगितामा त्रिभुवन आर्मी क्लबले विजयी शुरूआत गरेका छन्। आइतबारदेखि लगनखेलस्थित नेपाल आर्मीको कभर्डहलमा शुरू भएको प्रतियोगिताको उद्घाटन खेलमा विभागीय टिम आर्मीले मध्यपश्चिमाञ्चललाई ३-० को सोझो सेटमा हराएको हो।

समूह ए अन्तर्गतको खेलमा आर्मीले मध्यपश्चिमको चुनौती २५-८, २५-१२, २५-१४ ले पन्छाएको थियो। यस्तै आइतबारै भएको समूह बी को खेलमा पश्चिमाञ्चलले पनि जित दर्ता गरेका छन्। पश्चिममान्चलले पूर्वाञ्चललाई २५-१७, २५-२१, २५-१४ ले पराजित गरेको हो। प्रतियोगिताअन्तर्गत सोमवार समूह बी को नेपाल पुलिस क्लब र



मध्यमाञ्चल तथा समूह ए को सुदूर पश्चिमाञ्चल र एपीएफ क्लबबीच प्रतिस्पर्धा हुनेछ। यसअघि बलाधिकृत रथी श्री पूर्णचन्द्र थापाले एक विशेष समारोहका बीच रेफ्रीलाई भलिबल हस्तान्तरण गर्नुभई प्रतियोगिताको उद्घाटन गर्नुभएको थियो। फागुन १२ गतेसम्म चल्ने प्रतियोगिताको विजेताले नगद ३ लाख हात पार्नेछ भने उपविजेताले १ लाख ५० हजार तथा तेस्रो हुनेले ७५ हजार प्राप्त गर्नेछन्।

कामना न्यूज पब्लिकेसन्स् प्रालिद्वारा प्रकाशित कार्यालयः कामना प्लाजा, भीमसेनस्थान, काठमाडौं, पो.ब.नं. २०४५, फोनः ४-२६११७९, फ्याक्सः ४-२१८९९०, Email: nepalsamacharpatra@gmail.com प्रमुख कार्यकारी अधिकृत तथा प्रबन्ध सम्पादकः दिरेकलाल श्रेष्ठ, प्रधान सम्पादकः पुष्करलाल श्रेष्ठ